सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३२ साउन २०८०, बिहीबार (17 Aug 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १२६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा-प्रबन्धमा हेरफेर गर्ने सरकारको तयारी

अध्ययनका लागि कार्यदल बन्ने, प्रहरीलाई थप जिम्मेवारी दिनेबारे छलफल



■ प्रधानमन्त्री प्रचण्डले बैठकमा भने-

विमानस्थलको समग्र व्यवस्थापन र सुरक्षा-प्रबन्धबारे हामीले गम्भीर समीक्षा र अध्ययन गर्ने वेला भएको छ। छिट्टै विज्ञहरू र सरोकारवाला निकाय तथा कार्यालयका प्रतिनिधिहरू रहेको सानो कार्यदल बनाइन्छ। कार्यदललाई अध्ययनका लागि छोटो समय दिइन्छ र उसले दिएको रिपोर्टअनुसार विमानस्थलको सुरक्षा-प्रबन्धमा हेरफेर ल्याउनुपर्छ। हामी छिट्टै एउटा निर्णयमा पुग्छौं।

टेकराज थामी/नयाँ पत्रिका

पछिल्लो सुन तस्करी प्रकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा प्रणालीमाथि प्रश्न उठेपछि सरकारले सुधार प्रक्रिया अघि बढाएको छ। केही दिनभित्र कार्यदल गठन गरी विमानस्थलको सुरक्षा-प्रबन्धमा हेरफेर गरिँदै छ। सरकारले राज्यका निकायहरूबीच अन्तरनिकाय समन्वयमा जोड दिन चाहेको छ।

यसका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा बुधबार उच्चस्तरीय बैठक बसेको छ। प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बसेको बैठकमा विमानस्थलको सुरक्षा-प्रबन्ध, अन्तरनिकाय समन्वय र सरकारले चाल्नुपर्ने कदमबारे छलफल भएको थियो।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले विमानस्थलको सुरक्षामा सुधारका लागि कार्यदल बनाइने र त्यसले दिने सुझावका आधारमा विमानस्थलको सुरक्षा-प्रबन्धमा हेरफेर गरिने बताएका छन्। 'विमानस्थलको समग्र व्यवस्थापन र सुरक्षा-प्रबन्धबारे हामीले गम्भीर समीक्षा र अध्ययन गर्ने वेला भएको छ,' प्रधानमन्त्री प्रचण्डले बैठकमा भने, 'छिट्टै विज्ञहरू र सरोकारवाला निकाय तथा कार्यालयका प्रतिनिधिहरू रहेको सानो कार्यदल बनाइन्छ। कार्यदललाई अध्ययनका लागि छोटो समय दिइन्छ र उसले दिएको रिपोर्टअनुसार विमानस्थलको सुरक्षा-प्रबन्धमा हेरफेर ल्याउनुपर्छ। हामी छिट्टै एउटा निर्णयमा पुग्छौं।'

■ ६० किलो सुन तस्करी प्रकरणमा थप चार चिनियाँ पक्राउ

पक्राउ पर्नेमा टियान मी, वेन टोङ, डियाङ से फा र ली नेङकाई छन्। उनीहरूमध्ये मी महिला र अन्य तीन पुरुष हुन्।

(विस्तृत समाचार पृष्ठ ११)

गत २ साउनमा विमानस्थलबाट तस्करी भएर बाहिरिएको करिब ६० केजी सुनको विषयमा विमानस्थलस्थित भन्सार कार्यालय, प्रहरीलगायत निकायमाथि प्रश्न उठ्दै आएको छ। यो घटनाले सिंगो विमानस्थलकै सुरक्षा प्रणाली उदांगो भएपछि सरकारले त्यहाँ रहेका निकायहरूबीच प्रभावकारी समन्वय गरी सुरक्षा मजबुत बनाउने प्रयास थालेको हो।

बैठकमा सहभागी उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले अपराधमा नयाँ-नयाँ प्रविधिको प्रयोग भएको बताउँदै देशको समग्र सुरक्षा अवस्था र चुनौतीबारे गम्भीर अध्ययन गरी त्यसका आधारमा नयाँ सुरक्षा व्यवस्था लागू गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।

अर्थमन्त्री डा. प्रकाशशरण महतले सुरक्षा व्यवस्थापन प्रभावकारी बनाउन राज्यका निकायहरूबीच अन्तरनिकाय समन्वय थप चुस्त बनाउनुपर्नेमा जोड दिँदै राज्यका सबै निकायमा दण्ड र पुरस्कारको व्यवस्था गरेर जानुपर्ने बताए।

बैठकमा गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले त्रिभुवन विमानस्थललगायत देशभरिका विमानस्थलको अवस्था, सुरक्षा व्यवस्थापन, विमानस्थलमा कार्यरत कार्यालय र निकायहरूको कार्यजिम्मेवारीबारे ब्रिफिङ गरेका थिए। उनले अन्तर्राष्ट्रिय विमानस्थलको आगमनमा सुरक्षा निकायलाई पहुँच नहुने भएकाले यसले पनि समस्या भएको बताएका थिए।

स्रोतका अनुसार आगमन र भन्सारमा पनि नेपाल प्रहरी वा सशस्त्र प्रहरी खटाउनेबारे छलफल भएको थियो। आगमनमा सुरक्षा निकायलाई जाँचमा सहभागी नगराउँदा विमानस्थलमा पटक-पटक सुरक्षा त्रुटि हुँदै आएको छ। तर, अर्थ मन्त्रालयको असहमतिका कारण आगमनको जाँचपासमा सुरक्षा निकायले अनुमति पाएको छैन। विमानस्थलमा अन्तरनिकाय समन्वय प्रभावकारी बनाउन बुधबारको बैठक केन्द्रित

» पृष्ठ ११ मा क्रमशः

संसद् : कार्यसूचीमै प्रवेश नगरी बित्यो साउन

लगातार सदन अवरोध हुँदा कानुन निर्माण ठप्प, जनसरोकारका महत्त्वपूर्ण मुद्दा ओझेलमा

साउनमा संसद्

■ प्रतिनिधिसभा : ३१ असारमा कार्यसूचीमा प्रवेश गरेको प्रतिनिधिसभा त्यसपछि साउनभर अवरोधले एजेन्डामै प्रवेश गर्न सकेन। सुन काण्डलाई लिएर १०, २३, २४, २६ र २९ साउन गरेर पाँच दिन बैठक अवरुद्ध भयो। अवरोधका कारण १५, १६ र २२ साउन गरी तीन दिन बैठक नबसी सूचना टाँसेर स्थगित गरियो। पछिल्लो पटक ३ भदौसम्मका लागि बैठक सारिएको छ।

■ राष्ट्रिय सभा : ११ साउनमा मिटरब्याजसम्बन्धी विधेयक ठुंगोमा पुऱ्याउनुबाहेक अन्य कार्यसूचीमा प्रवेश गरेको छैन। त्यसयता १८, २२, २४ र २६ साउनमा बैठक बसे पनि अवरोधका कारण कार्यसूचीमा प्रवेश गर्न सकेन। ३० साउनमा सूचना टाँसेर ५ भदौसम्मका लागि बैठक सारिएको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्का लागि साउन महिना उपलब्धिविहीन बनेको छ। ३१ असारमा मिटरब्याजसम्बन्धी विधेयक पारित गरेको प्रतिनिधिसभा त्यसयता ठप्प छ।

४ साउनमा नियमित कार्यसूची सकाएको राष्ट्रिय सभाले ११ साउनमा सन्देशसहित आएको मिटरब्याजसम्बन्धी विधेयक स्वीकार गर्नेबाहेक अन्य कार्यसूचीमा प्रवेश गरेन। त्यसयता राष्ट्रिय सभा पनि अवरुद्ध छ।

सय केजी सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै प्रमुख प्रतिपक्षी एमालेले दुवै सदन अवरुद्ध गर्दै आएको छ। ३ साउनमा त्रिभुवन विमानस्थलबाट बाहिरिसकेको सय किलो सुन सिनामंगलबाट राजस्व अनुसन्धान विभागले बरामद गरेपछि एमालेले गृह र अर्थमन्त्रीमाथि नैतिक प्रश्न उठाउँदै उच्चस्तरीय समितिको माग गर्दै आएको छ।

लगातार सदन अवरुद्ध हुँदा कानुन निर्माण ठप्प छ भने जनसरोकारका महत्त्वपूर्ण मुद्दा ओझेलमा

» पृष्ठ ११ मा क्रमशः



संसद् अवरोध गर्दै एमाले सांसद

उपसभामुख इन्दिरा राना भन्छिन्- विरोधको विकल्प खोज्नुपर्छ, जनताको आवाज बन्धक बनाउनुहुँदैन



निरन्तर सदन अवरोध हुनुमा सरकार र प्रतिपक्षी दुवै जिम्मेवार छन्। सरकार मिलाउनेतिर जानुपर्‍यो, प्रतिपक्षी उग्र हुनुभएन। जनताको आवाज सुनिने सदनलाई बन्धक बनाउनुहुँदैन। तस्करी वर्षौंदेखिको मुद्दा हो। अहिले जनता भोकभोकै छन्, बाढीपहिरोले बाटो भत्केको छ। डुबानले विस्थापित भएका छन्। लम्पी स्किनले पशुचौपाया मरिरहेका छन्। पारित बजेट राम्रोसँग डेलभरी भए-नभएको अनुगमन छैन। यसरी पनि राज्य चल्छ ? तस्करी भन्दै सदन अवरुद्ध गर्दा जनताको आवाज वञ्चित भयो। अर्कोतिर कार्यव्यवस्था परामर्श समितिको बैठकमा एउटा (आकस्मिक समयमा सबै बोल्ने) निर्णय हुन्छ, हाउसमा पुग्दा अर्कै हुन्छ। यो राम्रो होइन, प्रणाली मिचेर जानु उचित होइन। सभा पनि लोकतान्त्रिक हुनुपर्‍यो। अन्य देशमा तस्करीलगायतका मुद्दामा सदनभित्रै वाद-प्रतिवाद हुन्छ। जनताले सुन्नुपर्‍यो नि ! बन्द मात्रै गरेर, बोल्नै नदिएर भएन नि ! लोकतान्त्रिक भनेको सभामा अरू पार्टीको महत्त्व नै नभएको जस्तो पनि देखिएको छ। सबैलाई समेटेर लानुपर्छ, सबै सांसदको भूमिका उत्तिकै हुनुपर्छ। सभामुखमाथि प्रश्न उठिरहे पनि उहाँले आफ्नो प्रयास गरिरहनुभएको छ। अवरोध खुलाउन पनि पहल लिइरहनुभएको छ। उहाँका पनि केही अप्ठ्यारा होलान्। सदन चलाउनुपर्छ भनेर मैले पनि भनिरहेकी छु। अहिलेको मुद्दामा अर्को तरिकाले पनि विरोध गर्न सकिन्छ। अवरोधै-अवरोध गर्नु राम्रो होइन। विरोधको विकल्प खोज्नुपर्‍यो, जनताको आवाजलाई बन्धक बनाउनुहुँदैन।

■ राष्ट्रपति-ओली भेटवार्ता

सदनको अवरोध खुलाउन ओलीको ध्यानाकर्षण



तस्बिर : रासस

शुरोजंग पाण्डे/नयाँ पत्रिका

लामो समयदेखि अवरोध भइरहेको सदन खुलाउन राष्ट्रपति रामचन्द्र पौडेलले सक्रियता बढाएका छन्। राष्ट्रपति पौडेलले संसद् अवरोध खुलाउन दलहरूबीच सहमति गरेर अघि बढ्न प्रमुख विपक्षी दल एमाले अध्यक्ष केपी ओलीको ध्यानाकर्षण गराएका छन्।

राष्ट्रपतिमा निर्वाचित भएको पाँच महिनापछि बुधबार पहिलोपटक विपक्षी दलका नेता ओलीलाई बोलाएर राष्ट्रपति पौडेलले राष्ट्रिय राजनीतिका विषयमा केन्द्रित छलफल गरेका छन्। ३ भदौका लागि बोलाइएको प्रतिनिधिसभा बैठक चल्ने-नचल्ने अनिश्चित भइरहेका वेला राष्ट्रपतिले सक्रियता बढाएका हुन्।

■ संसद्को गतिरोध हटाउन एमालेसँग संवाद गर्ने सत्तागठबन्धनको निर्णय

राष्ट्रपति पौडेलले संसद्को अवरोध हटाउने विषयमा चासो राखेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए। लामो समयसम्म संसद् नचल्दा जनतामा नैराश्यता बढ्नुका साथै नकारात्मक प्रभाव पर्ने भन्दै राष्ट्रपतिले ओलीलाई ध्यानाकर्षण जनाएका थिए।

दलहरूबीच आपसी सहमति गरेर अघि बढ्न राष्ट्रपतिको सुझाव छ। 'लामो समयसम्म संसद् अवरुद्ध हुँदा जनताको मुद्दाले ठाउँ पाउँदैन, त्यसले जनतामा नैराश्यता बढाएर

» पृष्ठ ११ मा क्रमशः

■ धरानमा डेंगु संक्रमित ११ हजार नाघे, ११ को मृत्यु



धरान/ तीन महिनादेखि फैलिएको डेंगुबाट धरानमा संक्रमित हुनेको संख्या ११ हजार तीन सय ७३ पुगेको छ। संक्रमणबाट ११ जनाको ज्यान गइसकेको छ। जसमा दुई बालबालिका छन्।

परीक्षण गराउनेमध्ये ७० देखि ८६% मा डेंगु देखिएको धरान उपमहानगरपालिकाका जनस्वास्थ्य अधिकृत उमेश मेहेताले बताए। जिल्ला विपत् व्यवस्थापन समितिको २६ साउनको बैठकले धरानलाई 'जनस्वास्थ्यको आपत्कालीन अवस्था घोषणा'का लागि संघ र कोसी सरकारलाई अनुरोध गर्ने निर्णय गरिसकेको छ।

धरान उपमहानगरपालिकाले 'सर्च एन्ड डिस्ट्रोय' अभियान सञ्चालन गरिरहे पनि प्रभावकारिता देखिएको छैन। मेयर हर्क साम्पाङले संघ र प्रदेश सरकारले सहयोग नगरेको गुनासो गरे। १५ हजारको परीक्षण गर्दा संघले पाँच सय किट मात्र दिएको उनले बताए।

दलाललाई १४ लाख बुझाएर पोर्चुगल हिँडेका कञ्चनपुरका मनोज शाही लाटभियाको बोर्डरबाटै बेपत्ता



भिजिट भिसामा १७ जना नेपाली विदेश पठाउने एजेन्ट दीपेश शाही भन्छन्- रसिया घुम्न जाने भनेपछि त्यहाँसम्म पुऱ्याउने काम मात्र गरेको हुँ

(विस्तृत समाचार पृष्ठ ३)

रेशम चौधरीलाई माफी दिने निर्णयमा सर्वोच्चको प्रश्न



सर्वोच्च अदालतले रेशम चौधरीलाई आममाफी दिने सरकारको निर्णय र नियतमा प्रश्न उठाएको छ। टीकापुर घटनाको मुद्दामा २ जेठमा सर्वोच्चको संयुक्त इजलासले दिएको फैसलाको पूर्णपाठमा मुद्दा फिर्ता लिनुलाई कानुन र न्यायका सिद्धान्तविपरीत भनिएको छ।

(विस्तृत समाचार पृष्ठ ४)

अनौपचारिक क्षेत्रका श्रमिक पनि अब सामाजिक सुरक्षा कोषमा

कृषि, निर्माण, यातायात तथा घरेलु श्रमिकका लागि ब्रेक थ्रु हुनेछ : प्रधानमन्त्री दाहाल

(विस्तृत समाचार पृष्ठ ९)

क्षमायाचना

बुधबार प्रकाशित नयाँ पत्रिकाको पृष्ठ ३ मा 'दोलखाका तत्कालीन सिडिओ रिजाल भ्रष्टाचार मुद्दामा दोषी ठहर' शीर्षकको समाचारमा असावधानीवश भक्तपुरका सिडिओ खगेन्द्रप्रसाद रिजालको फोटो प्रकाशित भएकोमा यसबाट उहाँमा पर्न गएको असुविधाप्रति क्षमा माग्छौं। (सं.)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ मनसुनको सवा दुई महिना

धानको ७२% उत्पादन धान्ने तराई-मधेसमा कम वर्षा

काठमाडौंमा **यम बम**
बाँकेमा **विश्वराज पछ्लडङ्गया**

साउन अन्त्यसम्ममा धनुषामा ५५ प्रतिशत मात्र धान रोपाइँ भएको छ। ५० हजार हेक्टर धान रोपाइँ हुने यो जिल्लामा यसपटकको बर्खामा निकै कम पानी परेपछि किसानले रोपाइँ गर्न पाएनन्।

कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शंकरप्रसाद साह भन्छन्, 'बर्खा पूरै सुक्खा थियो, धेरै किसानले धान नै रोप्न पाएनन्। केही दिनअघिको पानीले केही ठाउँमा रोपाइँ भएको छ।' पानी नपरेर बर्खामै चापाकलसमेत सुक्न थालेपछि जिल्ला विपत् व्यवस्थापन समितिले त सुक्खा क्षेत्र घोषणा गर्न सरकारलाई सिफारिस गरेको थियो। सालाखाला एक लाख ५० हजार टन धान उत्पादन हुने धनुषामा यसपालि रोपाइँ नै झन्डै ४५ प्रतिशतले घटेपछि किसान चिन्तित छन्।

जल तथा मौसम विज्ञान विभागको वर्षासम्बन्धी तथ्यांकअनुसार बर्खाका साढे दुई महिना (१८ जेठदेखि ३१ साउन)सम्म जम्मा ४०६.२ मिलिमिटर अर्थात् ४६.३ प्रतिशत मात्र पानी परेको छ। जब कि ३० वर्षको औसत वर्षालाई हेर्दा यहाँ यो अवधिमा ८७७.३२ मिलिमिटर पानी परिसक्नुपर्ने हो। यहाँ जुलाईमा १० दिन मात्र वर्षा भएको थियो। ९०-११० मिलिमिटरलाई औसत वर्षा मानिन्छ।

धनुषा मात्र होइन, तराई-मधेसका धेरैजसो जिल्लामा पछिल्लो सवा दुई महिनामा निकै कम पानी परेको छ। जनकपुरसहित वीरगन्ज, सिमरा, लहान, गौर, धरान, भैरहवा, दाङ, नेपालगन्ज र धनगढीमा औसतभन्दा कम पानी परेको तथ्यांकले देखाउँछ।

धानको कुल उत्पादनको ७२ प्रतिशत हिस्सा तराई-मधेसका जिल्लाले धान्ने गर्छ। कृषि मन्त्रालयको तथ्यांकअनुसार


» पृष्ठ ११ मा क्रमशः

बाँकेको नरैनापुरमा बल्ल रोपाइँ



लामो खडेरी चिर्दै गत शनिबार वर्षा भएपछि बाँकेको नरैनापुर गाउँपालिकाका किसानले बल्ल रोपाइँ गरेका छन्, एक साताअघिसम्म खेत बाँझै थिए

कतै धेरै पानी पर्ने, कतै सुक्खा किन भयो भनेर अध्ययन गर्नुपर्ने हुन्छ



● विभूति पोखरेल
वरिष्ठ मौसमविद्
मौसम विज्ञान विभाग

कतै धेरै पानी पर्ने, कतै सुक्खा किन भयो भनेर अध्ययन गर्नुपर्ने हुन्छ। एलनिनोको प्रभावले क्षेत्रभर नै कम पानी पर्ने भन्ने हुन्छ, कतै पर्ने, कतै नपर्ने होइन ।



● मदनलाल श्रेष्ठ
पूर्वमहानिर्देशक
मौसम विज्ञान विभाग

२३ वर्षअघिको अध्ययनलाई नै हेरेर अहिले पनि त्यही हो भन्न मिल्दैन। तराईमा किन कम पानी पऱ्यो, हिमाल र पहाडमा धेरै किन पऱ्यो भनेर अध्ययन नगरी भन्न सकिँदैन।



● डा. सुशील सुवेदी
धानविज्ञ, नार्क

खडेरी रहँदा धान रोपाइँ कम भयो। अस्तिको पानीले राहत भएको छ । धान फुल्ने वेला पानी परेन, सुक्खा भयो भने उत्पादन घट्छ। समस्या हुन्छ। यो भनेको भदौ अन्तिम-असोज पहिलो साता हो।

कहाँ कति पानी पऱ्यो ?

■ औसत वर्षा भएका क्षेत्र

स्थान	वर्षा (मिमि)	औसत (%)
जिरी	१४५८.८	१०७.२
काठमाडौं	८६८.३	१०६.९
पोखरा	२०७२	१०४.६
विराटनगर	१०१८.५	१०३.८
जुम्ला	३३८.६	९२.५
सुर्खेत	९३६.३	९८
ताप्लेजुङ	८७२.७	९६.२
डडेल्धुरा	६४०	९३.७

■ कम वर्षा भएका क्षेत्र

स्थान	वर्षा (मिमि)	औसत (%)
जनकपुर	४०६.२	४६.३
सिमरा	७९८.१	७७.३
दाङ	७१३.२	७९.७
भैरहवा	७५२.९	७८.७
नेपालगन्ज	६५०.७	७१.२
धनकुटा	३५३.८	७६
लुम्ले	२६७४.८	८६.७
धनगढी	९५७	८७.५
दिपायल	४६६	८८
धरान	९८३.७	८८

औसतभन्दा धेरै वर्षा भएका क्षेत्र

● जोमसोम : १३३९ मिमि (१२८%)
● ओखलढुंगा : १११३.३ मिमि (११९%)

उपत्यकाका दुई महानगरमा करको दर : व्यवसाय गर्न ललितपुरमा सस्तो

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं र ललितपुर महानगरपालिका सीमा जोडिएका महानगर हुन् । उपत्यकामा रहेका दुई महानगरमध्ये काठमाडौं महानगरपालिका देशभरका ६ महानगरमध्ये सबैभन्दा जेठो पनि हो । जनसंख्या र बजेटको आकारका हिसाबले यो सबैभन्दा ठूलो हो । सीमा जोडिएका भए पनि ललितपुर र काठमाडौं महानगरबीच धेरै विषयमा असमानता छन् । जुन चालू आर्थिक वर्षमा तोकिएको कर व्यवस्थाले पनि देखिएको छ । आर्थिक ऐन, २०८० अनुसार काठमाडौं महानगरमा करको दायरा मात्र होइन, शुल्क पनि धेरै रहेको छ । गैरसरकारी संस्था दर्ता, नवीकरणतर्फ भने काठमाडौं ललितपुरभन्दा लचिलो देखिएको छ ।

आर्थिक ऐन, २०८० अनुसार काठमाडौं महानगरपालिकामा व्यवसाय कर पुँजीगत लगानी, आर्थिक कारोबार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको दरअनुसार मदिरा आयातकर्ताका लागि ३० हजार रुपैयाँ व्यवसाय कर लाग्नेछ । सुर्तीजन्य पदार्थ आयातकर्ताका लागि २५ हजार, मदिरा डिलर र सुर्तीजन्य डिलरका लागि क्रमशः १५ र १० हजार रुपैयाँ लाग्नेछ । पान पसल सञ्चालकका हकमा दुई हजार, पूजा सामग्री पसलका लागि एक हजार, पूजा सामग्री पसल धातुका वस्तुसमेत बिक्री गर्न तीन हजार, हिरामोती, सुन, चाँदी र पत्थरका सामग्रीको थोक पसलका लागि ३० हजार व्यवसाय कर तोकिएको छ । हिरामोती, सुन, चाँदी र पत्थरका सामग्रीको खुद्रा पसल सञ्चालकका लागि १० हजार व्यवसाय कर लाग्नेछ । हिरामोती, सुन, चाँदी र पत्थरका सामग्री खुद्रा पसल (३०० वर्गफुटभन्दा बढी) १० हजार, हिरामोती, सुन, चाँदी र पत्थरका सामग्रीको (३०० वर्ग फुटसम्म) पाँच हजार, सुनचाँदी बनाउने पसल दुई हजार, प्लेटेड गहना थोक पसल तीन हजार, प्लेटेड गहना खुद्रा पसल दुई हजार, हस्तकला तथा क्युरियो पसल ठूलोका लागि पाँच हजार व्यवसाय कर तोकिएको छ ।

ललितपुरले व्यवसाय करतर्फ मदिरा, चुरोट, डिस्टिलरी, सुर्तीजन्य पदार्थको उत्पादनका लागि २० हजार तोकेको छ । ब्रुअरी, मदिरा, हल्का पेय, सुर्तीजन्य पदार्थ एजेन्सी, सप्लायर्सका लागि १५ हजार व्यवसाय कर तोकेको छ । मदिरा खुद्रा बिक्रीका लागि १० हजार, सुर्तीजन्य पदार्थ खुद्रा बिक्रीका लागि दुई हजार व्यवसाय कर तोकिएको छ । साधारण ज्वलेरी घरेलु उत्पादनका लागि पाँच हजार, ज्वलेरी उत्पादन/ठूलो सोरुमका लागि १० हजार, सुनचाँदी पसल सानो पाँच हजार, पत्थर-मुगा व्यापार-सुन चाँदी जलप लगाएका गरगहनातर्फ १५ सय, भिडियो क्यासेट-सिडी पसल एक हजार, टिभी/रेडियो/हिटर/फ्रिज/क्यामरा/वासिङमेसिन आदि इलेक्ट्रोनिक्स सामान एजेन्सी/सप्लायर्स र सोरुमका लागि १० हजार, फ्रिज, क्यामरा, वासिङमेसिन, टिभी हिटर सबै इलेक्ट्रोनिक्स पसलका लागि पाँच हजार व्यवसाय कर तोकिएको छ ।

■ कृषि तथा खाद्यान्न व्यवसायतर्फको कर पनि काठमाडौंमा धेरै

कृषि तथा खाद्यान्नतर्फ लगाइएको व्यवसाय करमा पनि काठमाडौं नै अगाडि देखिएको छ । काठमाडौंभित्रका किराना तथा खुद्रा पसलका लागि दुई हजार, किराना पसल थोकका लागि पाँच हजार, खाद्यान्न थोक बिक्री १० हजार, खाद्यान्न खुद्रा बिक्री तीन हजार, मौरीपालन व्यवसायका लागि दुई हजार व्यवसाय कर तोकिएको छ ।

कुखुराको चल्ला बिक्री तीन हजार, फलफूल, जुस तथा तरकरी पसल खुद्रा एक हजार, फलफूल तथा तरकारी पसल थोक दुई हजार, फलफूल तथा तरकारी बिरुवा विक्रेता (नर्सरी) व्यवसायका लागि दुई हजार व्यवसाय कर तोकिएको छ । ललितपुरमा किराना-खाद्यान्न पसलका लागि १२ सय, खाद्यान्नको थोक बिक्री गर्नेका लागि तीन हजार व्यवसाय कर तोकिएको छ ।

■ सम्पत्ति कर काठमाडौंमा उच्च

काठमाडौं महानगरमा सम्पत्ति करको दरअनुसार भवन र जग्गाको पहिलो सुरुको एक करोड अर्थात् एक करोड मूल्यको सम्पत्तिमा एक हजार कर लाग्नेछ । त्यसपछिको दुई करोडमा अर्थात् दुई करोडको सम्पत्तिमा २५ सय, तीन करोडको सम्पत्तिमा ४५ सय, चार करोड सम्पत्तिमा ८५ सय, पाँच करोड मूल्यको सम्पत्तिमा १४ हजार पाँच सय, ६ करोड मूल्य भएको सम्पत्तिमा २४ हजार पाँच सय, आठ करोड मूल्यको सम्पत्तिमा ८४ हजार पाँच सय र १० करोड मूल्य भएको सम्पत्तिमा एक लाख ७४ हजार पाँच सय कर लाग्नेछ । ललितपुरमा सम्पत्ति मूल्यांकनका आधारमा ३० लाखसम्मको सम्पत्तिका लागि पाँच सय कर तोकिएको छ । महानगरका राजस्व प्रमुख प्रेमबहादुर थापाका अनुसार पाँच सयभन्दा माथिको सम्पत्ति करका लागि सफ्टवेयरको सिस्टमले नै निर्धारण गरिएको मूल्य देखाउँछ ।

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
Central Office: Katahari-2, Morang

INTERIM FINANCIAL STATEMENTS

Unaudited Condensed Statement of Financial Position (As per NFRS)
As on Quarter Ended 31st Ashadh 2080

Nrs.

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalents	957,614,518	522,050,689
Statutory Balances and Due from Nepal Rastra Bank	100,000,000	98,500,000
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Institutions	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loan & Advances to Customers	22,799,125,552	23,420,376,717
Investment Securities	170,000,000	210,000,000
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	108,969,350	84,515,931
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	74,939,955	60,474,511
Other Assets	275,967,358	533,605,831
Total Assets	**24,486,616,732**	**24,929,523,678**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	600,000,000
Derivative Financial Instruments	-	-
Deposits from Customers	10,031,794,039	9,546,691,371
Borrowings	8,852,585,512	9,481,606,939
Current Tax Liabilities	173,678,566	347,957,471
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	2,319,001,403	2,135,821,025
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**21,377,059,520**	**22,112,076,806**
Equity		
Share Capital	1,182,034,200	1,182,034,200
Share Premium	-	-
Retained Earnings	884,418,992	621,152,175
Reserves	1,043,104,019	1,014,260,498
Total Equity	**3,109,557,211**	**2,817,446,873**
Total Liabilities and Equity	**24,486,616,732**	**24,929,523,678**

Condensed Statement of Profit and Loss
For the Quarter Ended of 31st Ashadh 2080

NRs.

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	839,421,647	3,538,342,408	873,846,683	3,347,441,900
Interest Expense	536,545,311	2,045,310,070	492,421,460	1,706,042,767
Net Interest Income	302,876,337	1,493,032,338	381,425,223	1,641,399,133
Fee and Commission Income	21,475,487	225,866,127	91,922,628	345,935,196
Fee and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**21,475,487**	**225,866,127**	**91,922,628**	**345,935,196**
Net Interest, Fee and Commisson Income	**324,351,823**	**1,718,898,465**	**473,347,851**	**1,987,334,329**
Net Trading Income	-	-	-	-
Other Operating Income	54,122,306	174,997,305	19,629,659	82,733,045
Total Operating Income	378,474,129	1,893,895,770	492,977,510	2,070,067,374
Impairment Charge/ (Reversal) for Loans and Other Losses	56,138,040	373,417,139	16,590,514	90,125,097
Net Operating Income	**322,336,089**	**1,520,478,631**	**476,386,996**	**1,979,942,277**
Operating Expense	**213,727,423**	**941,550,076**	**189,382,441**	**820,084,041**
Personnel Expenses	164,613,812	676,199,659	156,396,601	627,958,556
Other Operating Expenses	43,369,697	247,268,754	27,193,996	173,362,753
Depreciation & Amortisation	5,743,914	18,081,664	5,791,844	18,762,732
Operating Profit	**108,608,666**	**578,928,555**	**287,004,555**	**1,159,858,237**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**108,608,666**	**578,928,555**	**287,004,555**	**1,159,858,237**
Income Tax Expense				
Current Tax	32,582,600	173,678,566	86,101,367	347,957,471
Deferred Tax				
Profit for the Period	**76,026,066**	**405,249,988**	**200,903,189**	**811,900,766**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	76,026,066	405,249,988	200,903,189	811,900,766
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**76,026,066**	**405,249,988**	**200,903,189**	**811,900,766**
Basic Earning per share	-	34.28	-	68.69
Annualized Basic Earing Per Share	-	34.28	-	68.69
Diluted Earning per share	-	34.28	-	68.69

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		12.77%		11.60%
Non-Performing Loan (NPL) to Total Loan		2.39%		0.91%
Total Loan Loss Provision to Total NPL		168.14%		287.72%
Cost of Funds		10.68%		10.24%
Credit to Deposit and Borrowing Ratio		233.59%		249.08%
Base Rate		15.91%		13.81%
Interest Rate Spread		3.55%		3.53%

Details about the Distributable Profit for the Quarter

Particulars	NPR
Net Profit for the period end 4th Quarter	**405,249,988**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	**89,154,997**
a. General Reserve	81,049,998
b. Capital Redemption Reserve	-
c. Foreign Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility	4,052,500
e. Employee Training Fund	-
f. Client Protection Fund	4,052,500
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	**52,828,174**
a. Transfer to Regulatory Reserve	52,828,174
b. Transfer from Regulatory Reserve	-
Net Profit for the period end 4th Quarter available for distribution	**263,266,817**

Notes:
1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. Loans and Advances are presented net of impairment charges and includes staff loans.
3. Actuarial Valuation has not been done for Employee Benefits.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The interim financial report has been updated in the our website.

Interest Rate	
1. Deposit	**7.5%-11.25%**
2. Loan & Advance	**14%-15%**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व.२०७९/०८० को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :
(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।
(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पतिको मुल्य	तरलता अनुपात
३४.२८	४६.६८	२६३.०७	२०७१.५७	६.८९

२. व्यवस्थापकीय विश्लेषण :
(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको आम्दानी व्यवस्थापकीय योजना अनुरुप वृद्धि भएको छ भने मौज्दात, आम्दानी, कर्जा लगानी एवं वचत परिचालनमा तलरताको प्रतिकुल प्रभाव परेको अवस्था रहेको छ । वित्तीय बजारमा देखिएको तरलताको अभाव र निरन्तररुपमा बढ्दो ब्याजदरका कारण आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुनसक्ने देखिन्छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरुप देशका २४ जिल्लामा १६० वटा शाखा कार्यालयहरु मार्फत ३४३,४५१ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ । यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिदै आईरहेको छ । सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनीहरुमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ । चालु आर्थिक वर्ष २०७९/०८० मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरु संचालन भईरहेका छन् ।
वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरुमा उद्यमशीलता तथा व्यवसायिक सिप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई व्यापकरुपमा विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
तरलता अभावको असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरुले वित्तीय संस्थाप्रति देखाएको विश्वास र संयमताले वित्तीय संस्था अझ जिम्मेवार भई कार्य गर्नु पर्ने दायित्व बढेको छ । सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरुमा कर्जाको अधिकभार बढ्नाले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न सक्ने भएता पनि कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरु क्रमशः न्युन हुदै जाने देखिन्छन् । वित्तीय संस्थाले सदस्यहरुलाई सेवा प्रदान गर्दा सहज र सरल ढंगमा सेवा प्रदान गर्ने अभिप्रायले डिजिटल सेवाको प्रयोगमा जोड दिईएको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधिभित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार गत त्रैमासिक अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ ।

अधिकतम मुल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
१८७९.००	१३५३.००	१६००.१०	६२	८७९४

५. समस्या तथा चुनौती:
आर्थिक संकटबाट सिर्जित समस्याका कारण समुदायमा आर्थिक क्रियाकुलापमा कमी आएको, सदस्यहरुको व्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकालसम्म गहिरो प्रभाव पर्न सक्ने देखिएको छ । लगानी योग्य कोषको बढ्दो अभाव एवं ब्याज दरमा आएको अप्रत्यासित बृद्धिले कार्यक्रम विस्तारको योजनालाई प्रभावित पार्न सक्ने देखिन्छ । लघुवित्त संस्था विरुद्धको अप्राकृतिक अभियान, दोहोरोपनाका कारणले सदस्यहरुलाई ऋणको अधिकभारबाट उत्पन्न हुन सक्ने जोखिम, एक सदस्य एक लघुवित्त वित्तीय संस्थामा मात्र कर्जा लिन पाउने नीति, वित्तीय श्रोतको अनिश्चितता, तरलता संकट र कर्मचारीहरुको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन् ।

६. संस्थागत सुशासन :
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम एवं निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि, कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु बनाई त्यसको पालना गरिएको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरुस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशनहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा, म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण : छैन ।

महानगरतर्फको खहरेको भाग खुला



काठमाडौं/ काठमाडौं महानगरपालिका- ७ र बुढानीलकण्ठ नगरपालिका- १० को सीमामा रहेको करिब आठ सय मिटर खहरे खोला खुला गरिएको छ । दुवै नगरपालिकाका जनप्रतिनिधिको सहमतिपछि ढलमा रूपान्तरण गरिएको खहरे महानगर प्रहरी बलसहितको टोलीले खुला गरेको हो ।

खोला छोपिएपछि बर्सेनि डुबानको चपेटामा पर्न थालेपछि काठमाडौं महानगरले खोला खोतल्ने भन्दै पाँच दिनअघि डोजर चलाउन थालेको थियो । तर, सीमाको अर्को स्थानीय तहसँग समन्वय नगरेको भन्दै विवाद भएको थियो । पछि दुवै नगरपालिकाले खोला खोल्न सहमति जनाएका हुन् । हालसम्म काठमाडौं महानगरतर्फ पाँच यस मिटर खोला खुला भइसकेको छ भने बुढानीलकण्ठतर्फ तीन सय मिटर खुलेको छ । महानगरपालिका वडा नम्बर ७ अन्तर्गतको साततले क्षेत्रमा खुला भइसकेको हो । त्यहाँ राखिएको पुरानो ह्युमपाइप निकालिएको छ भने थुनिएको खोला खुलेको छ ।

बुढानीलकण्ठ नगरपालिका- १० स्थित मिलनचोक र आरम्भचोकमा डोजर चलिरहेको छ । ढल मिसाइएको खोला खुला भएपछि दुर्गन्ध फैलिन थालेको स्थानीयको भनाइ छ । खहरे खोलामा वर्षाको वेला मात्रै भेल बग्छ । यसको स्थायी मूल नभएका कारण हिउँमा ढल मात्रै बग्ने गर्छ । स्थानीयवासीले खोलामाथि स्ल्याब र ढक्कन लगाएर त्यसलाई सडकको रूपमा प्रयोग गर्दै आइरहेका थिए । तर, काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरका अनुसार खोलालाई खोलाकै रूपमा बग्न दिनुपर्छ । यो अभियानलाई महानगरले निरन्तरता दिन्छ ।

बागमतीको पानी प्रयोगपछि उपत्यकामा खानेपानी अभाव कम

काठमाडौं/ मेलम्चीको पानी रोकिए पनि बागमतीको पानी प्रयोगमा ल्याइएकाले उपत्यकामा खानेपानीको अभाव केही कम भएको छ । बागमती नदीको पानी प्रशोधन गरेर दैनिक साढे पाँच करोड लिटर ल्याइएको काठमाडौं उपत्यका खानेपानी लिमिटेडले जनाएको छ । बागमतीको पानी र अन्य स्रोत गरी अहिले दैनिक १५ देखि १६ करोड लिटर पानी वितरण भइरहेको लिमिटेडका प्रवक्ता प्रकाशकुमार राईले बताए ।

उनका अनुसार वर्षाका कारण आफ्नै स्रोतमा पानी बढेको छ । बागमतीको पानी सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा प्रशोधन गरेर ल्याइएको छ । प्रवक्ता राईका अनुसार केन्द्रमा आएपछि मेलम्चीको लाइनबाटै पानी वितरण भइरहेको छ ।

वर्षाको समयमा दैनिक १५ देखि १६ करोड पानी उत्पादन भइरहेको छ । उपत्यकामा दैनिक ४७ करोड लिटर पानीको माग छ । मागभन्दा कम पानी वितरण भइरहेकाले यो पर्याप्त नभएको उनको भनाइ छ । उनले भने, 'उपत्यकामा वितरण गर्नका लागि पानी पर्याप्त नभए पनि धेरै समस्या अहिले छैन ।' बागमती नदीबाट अहिले ल्याइरहेको परिमाणभन्दा थप पानी ल्याउन सकिने भए पनि त्यसका लागि अझै संरचना निर्माण गर्न आवश्यक रहेको उनले बताए । प्रवक्ता राईका अनुसार लिमिटेडले त्यसका लागि पाइपलाइन विस्तार गरिरहेको छ, तर पूरा भइसकेको छैन ।

काठमाडौं उपत्यकामा लामो समयदेखि खानेपानीको अभाव हुँदै आएको र त्यही अभाव पूर्तिका लागि दुई दशकअघि मेलम्ची खानेपानी आयोजनाको अवधारणा ल्याइएको थियो । तीन वर्ष पहिलेदेखि आयोजनाबाट पानी ल्याउन थालिए पनि १ असार ०७८ मा आयोजनास्थलभन्दा माथिल्लो भागबाट आएको बाढीका कारण सम्पन्न हुने क्रममा क्षति पुगेको थियो । ती संरचनाको पुनर्निर्माण अहिले पनि भइरहेको छ । ०७९ र यो वर्षको पनि हिउँदमा पानी ल्याइएको थियो । हिउँदमा मेलम्ची नदीबाट दैनिक १७ करोड खानेपानी ल्याइने गरिएको छ । त्यो पानी र लिमिटेडको आफ्नो उत्पादनका कारण उपत्यकामा खानेपानीको अभाव केही कम भएको थियो ।

लिमिटेडले उपत्यकाआसपास अन्य स्रोत पनि खोजी गर्दै आएको छ । -रासस

बुधबार उपत्यकामा

देवढोका : कीर्तिपुर नपा- ३ देवढोकास्थित सार्वजनिकस्थलमा जुवातास खेलिरहेका ६९ वर्षीय रामशरण महर्जनसहित पाँच जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरूलाई ३० हजार ६ सय पाँच रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो ।

बौद्ध : काठमाडौं मनपा- ६ बौद्ध भाटभाटेनीनजिक बा.५ख ६३९४ नम्बरको बसको ठक्करबाट सिन्धुपाल्चोक मेलम्ची नपा-४ का २३ वर्षीय भीमराज तामाङको मंगलबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको शिक्षण अस्पताल महाराजगन्जमा उपचारको क्रममा मृत्यु भएको हो । बसचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पुतलीसडक : काठमाडौं महानगरपालिकाले लक्षित वर्गको निःशुल्क उपचारलाई प्रणालीमा आधारित, व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन कार्यविधिको मस्यौदा तयार पारेको छ । स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड ०७७ बमोजिम लक्षित वर्ग (विपन्न, असहाय, बेवारिसे) व्यक्तिको निःशुल्क उपचारका लागि कुलमध्ये १० प्रतिशत शय्या उपलब्ध गराउने व्यवस्था कार्यान्वयनका विधि, प्रक्रिया र दायित्व मस्यौदामा राखिएका छन् ।कार्यविधिमा अनुगमन मूल्यांकनलाई मार्गनिर्देश गर्न महानगरपालिकाका मेयरको संयोजकत्वमा व्यवस्थापन समितिको प्रस्ताव गरिएको छ । समितिमा उपमेयर, प्रमुख प्रशासकीय अधिकृत सदस्य रहनेछन् । यसैगरी, स्वास्थ्य मन्त्रालय (संघ र प्रदेश), मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल, सरकारी अस्पताल र निजी अस्पतालको छाता संगठनबाट प्रतिनिधि रहनेछन् ।

दलाललाई १४ लाख बुझाएर पोर्चुगल हिँडेका कञ्चनपुरका मनोज शाही लाटभियाको बोर्डरबाटै बेपत्ता

भिजिट भिसामा १७ जना नेपाली विदेश पठाउने एजेन्ट दीपेश शाही भन्छन्- रसिया घुम्न जाने भनेपछि त्यहाँसम्म पुऱ्याउने काम मात्र गरेको हुँ



● **सुशील घिमिरे, सेकेन्ड सेक्रेटरी,** रसियास्थित नेपाली दूतावास

हामीले बेलारुसको अस्पताल, जेललगायत सम्भावित निकायमा उनी हराएको जानकारी गराएका छौं। तर, अहिलेसम्म उनका बारेमा केही खबर आएको छैन।

मुना कुँवर/नयाँ पत्रिका

अवैध बाटो हुँदै पोर्चुगल जान हिँडेका कञ्चनपुरका २८ वर्षीय मनोज शाही रोमानियाको जंगलमा बेपत्ता भएका छन्। गत १९ वैशाखमा रोमानियाको जंगलबाट शाही हराएको उनका भिनाजु सुनीलजंग शाहीले जानकारी दिए।

शाही गत २९ चैतमा भिजिट भिसामा काठमाडौंबाट दुबई उडेका थिए। उनीसँग नेपालका १७ नेपाली सोही दिन काठमाडौंबाट भिजिट भिसामै दुबई उडेका थिए। दुबईबाट रसिया हुँदै उनीहरूको समूह बेलारुसबाट लाटभियातर्फ जाँदै थियो। १० दिनदेखि जंगलको बाटो एकोहोरो हिँड्नुपर्दा मनोज शारीरिक रूपमा अशक्त भएको उनीसँगै गएका कञ्चनपुरका अर्का एक युवाले बताए। उनका अनुसार कहिले जंगल, कहिले सुक्खा पहाड हिँड्नुपर्थ्यो। मौसम धेरै चिसो थियो। लगातार हिँड्नुपर्ने। खाना र पानीसमेत खान नपाउँदा अधिकांश युवा शारीरिक रूपमा कमजोर भइसकेको उनले बताए।

१७ जनाको समूहमध्ये मनोज अति कमजोर भएको, सँगै गएका राम खड्काले (नाम परिवर्तन) बताए। 'मनोज हिँड्न सक्ने अवस्थामा थिएनन्। उनले बारम्बार अब हिँड्न सक्दिनँ, म यतै भएका आर्मी क्याम्पमा गएर सरेन्डर गर्छु, तपाईंहरू जानुस् भन्थे,' उनले भने, 'तर, हामीले मानेनौं, सबैजनाले बोकेर भए पनि लैजान्छौं भन्दै हिँड्न प्रेरित गर्‍यौं।'

केही छिनमा पछाडि फर्केर हेर्दा मनोज नदेखिएको उनले बताए। 'मनोज पछि-पछि हिँड्थे। हामी त उनी आउँदै छन् भनेर हिँड्यौं। पछि फर्केर हेरेको त उनी छैनन्। त्यसपछि दुईजना साथीले फर्केर खोजे, तर भेटिएनन्,' उनले भने। टोली नै गएर मनोजको खोजी गर्दा उनी वरपर कतै नभेटिएको उनको भनाइ छ। खड्काका अनुसार मनोज लाटभिया वा बेलारुसको आर्मी क्याम्पमा गएका हुन सक्छन्। आत्मसमर्पण गरेपछि आर्मीले गाँस र वास दिने भएकाले उनी शरणमा हुन सक्ने खड्काले बताए। 'हामी बेलारुसबाट लाटभिया जाँदै गर्दा उनी त्यतै बेपत्ता भएका हुन्। वरपर टाढा-टाढा बस्ती थिएन। तर, बोर्डर भएकाले आर्मी क्याम्प थियो। सायदै उनी त्यतै गए कि ? त्यतै-कतै हुनुपर्छ जस्तो लाग्छ मलाई,' उनले भने।





मनोज शाहीलगायतलाई लैजाने नेपाली एजेन्ट दीपेश शाही (बायाँ)। भिजिट भिसामा रसिया पुऱ्याइएका नेपाली युवा-युवती।

■ मनोजको खोजी गर्न सरकार गुहार्दै परिवार

लाटभियाको बोर्डरमा बेपत्ता भएका छोराको खोजी गर्न उनकी आमा धनसरादेवी शाहीले सरकारसँग गुहार मागेकी छिन्। मनोज धनसराका एक्ला छोरा हुन्। चार वर्षअगाडि श्रीमान् गुमाएकी धनसरालाई छोरा हराएपछि अर्को पीडा थपिएको छ। मनोजको खोजी गर्न परिवारले रसियास्थित नेपाली दूतावासमा निवेदन दिएका छन्। त्यस्तै, काठमाडौंस्थित केन्द्रीय अपराध अनुसन्धान महाशाखामा पनि निवेदन दिएका छन्। यस विषयमा कहींकतैबाट पनि कुनै खबर नआएको मनोजकी आमा धनसराले गुनासो गरिन्।



मनोज शाही

रसियास्थित नेपाली दूतावासले मनोजको खोजी भइरहेको जानकारी दिएको छ। मनोजको परिवारले उजुरी दिएसँगै दूतावासले बेलारुसका विभिन्न निकायमा खोजी गरेको दूतावासका सेकेन्ड सेक्रेटरी सुशील घिमिरेले बताए। उनका अनुसार बेलारुसको कुनै पनि निकायबाट उनीबारे केही खबर आएको छैन। 'हामीले बेलारुसको अस्पताल, जेललगायत सम्भावित निकायमा उनी हराएको जानकारी गराएका छौं। तर, उनको केही खबर छैन,' घिमिरेले भने। मनोज अन्य मुलुकतिर गएको हुन सक्ने उनको अनुमान छ। अन्य मुलुकतर्फ पनि उनको खोजीका लागि गैरआवासीय नेपाली संघलाई खबर गरिएको घिमिरेले बताए।

■ पैसाको कुरा नमिलेपछि बेलारुसबाट सातजना नेपाल फर्किए

पोर्चुगलका लागि हिँडेका १७ नेपाली युवामध्ये सातजना बेलारुसबाट स्वदेश फर्केका छन्। स्थानीय एजेन्टले आफ्नो कमिसन नपाएको भन्दै युवाहरूलाई अलपत्र पारेपछि उनीहरूले पोल्यान्ड आर्मी क्याम्प गएर आत्मसमर्पण गरेको राम खड्काले बताए। १७ जनामध्ये कञ्चनपुर, झापा र चितवनका युवा छन्। उनीहरूलाई कञ्चनपुरका एजेन्ट दीपेश शाहीले पोर्चुगलसम्म पुऱ्याउने आश्वासन दिएका थिए। पोर्चुगल लगिदिएबापत उनले प्रतिव्यक्ति १४ लाख रुपैयाँसम्म असुलेका थिए। रसिया पुगेपछि थप एक लाख रुपैयाँ असुलेका थिए।

गत २९ चैतमा सबै युवालाई एजेन्ट दीपेशले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै भिजिट भिसामा दुबई पुऱ्याएका थिए। दुबई पुगेपछि १७ जना युवाबीच चिनजान भएको थियो। केही दिन दुबई बसेपछि दलालले उनीहरूलाई रसिया पुऱ्यायो। उनीहरू रसियामा केही दिन बसे। त्यसपछि रसियाबाट करिब नौ घन्टा बाटो तय गरी ट्र्याक्सीबाटै बेलारुस पुऱ्याइयो। तर, नेपाली एजेन्ट दीपेश भने रसियाबाटै नेपाल फर्किए। उनले युवाहरूलाई अफगानिस्तानी दलालको जिम्मा लगाएको खड्काले बताए।

बेलारुसमा एक हप्ता बसेपछि अफगानी दलालले हप्तौं हिँडाएर लाटभिया पुऱ्याएको थियो। तर, उनीहरूलाई लाटभियाको आर्मीले बोर्डरबाटै पक्राउ गऱ्यो। भोकभोकै हिँड्दा गलिसकेका युवाहरूलाई खाना भने दिएको थियो। तर, आर्मीले के गर्ने हो भन्ने डरले सबैजना आत्तिएको खड्काले सुनाए। दलालले जान दिन आर्मीसँग अनुरोध गर्न दबाब दिए पनि युवाहरूले आफू पीडित भएको दुःखेसो सुनाएपछि आर्मीले उनीहरूलाई फेरि बेलारुसको बोर्डरमा ल्याएर छाडिदिएको थियो।

बेलारुसबाट उनीहरूले नेपालमा रहेका एजेन्ट दीपेशलाई सम्पर्क गरे। उनले फेरि अर्को पाकिस्तानी एजेन्ट पठाइदिए। नयाँ एजेन्टले उनीहरूलाई पोल्यान्ड लैजाने जिम्मा पाएको खड्काले बताए। उनले पनि युवाहरूलाई जंगलको बाटो दिनरात नभनी हिँडाएपै पोल्यान्ड पुऱ्याए। तर, पोल्यान्ड पुगेपछि पाकिस्तानी एजेन्टले नेपालको एजेन्टले आफ्नो कमिसन नदिएको भन्दै अत्तो थाप्न थाल्यो। कमिसन नपाएसम्म त्यहाँभन्दा अगाडि नलैजाने अड्डी लियो। युवाहरूले धेरै अनुरोध गरे। पोर्चुगल पुगेपछि उसलाई आफैंले कमिसन दिने पनि कसम खाए, तर एजेन्टले मानेन।

झापाका तीन युवाले भने नेपालबाटै १० लाख रुपैयाँ मगाएर पाकिस्तानी एजेन्टलाई बुझाएको खड्काको भनाइ छ। पैसा दिएका युवालाई साथ लिएर एजेन्ट हिँडेपछि बाँकी १३ जना अलपत्र परे। त्यसपछि उनीहरूले पोल्यान्डको आर्मीसामु आत्मसमर्पण गरेको खड्काले सुनाए। पोल्यान्डका आर्मीले उनीहरूलाई बेलारुस बोर्डरमा लगेर छाडिदियो। बेलारुसबाट १३ जना युवा दुईवटा जिप रिजर्भ गरेर रसिया फर्कंदै गर्दा ड्राइभरले तीव्र गतिमा हाँकेपछि एउटा गाडी दुर्घटनामा पऱ्यो। त्यसपछि सातजनालाई बेलारुस प्रहरीले समात्यो। अवैध रूपमा बेलारुस प्रवेश गरेको भन्दै प्रहरीले उनीहरूलाई जेलमा राख्यो। त्यसपछि बेलारुस प्रहरीले रसियास्थित नेपाली दूतावासलाई खबर गऱ्यो। दूतावासको समन्वयमा घरमा सम्पर्क गरी टिकटको व्यवस्था मिलाएर युवाहरू साउन पहिलो साता नेपाल फर्किएको पीडित खड्काले बताए।

खड्काका अनुसार एजेन्टलाई कमिसन दिने तीनजना युवा पोर्चुगल पुगेका छन्। बाँकी पाँचजना भने बेलारुसमै छन्। तर, दलाल दीपेश शाहीले भने पीडितहरूले भनेजसरी आफूले पैसा लिएर बेलारुस नपठाएको दाबी गरे। अनलाइमार्फत कुरा गर्दै दीपेशले १७ जना युवालाई भिजिट भिसामा रसियासम्म मात्रै पुऱ्याएको बताए। 'सबैजना चिनजानकै थिए। रसिया घुम्न जाने भने, मैले पनि त्यहाँसम्मका लागि सहयोग गरेको हो। तर, त्यहाँ पुगेपछि उनीहरू आफैं बेलारुस पुगेका हुन्। यसमा मेरो कुनै हात छैन,' उनले भने।

एमालेको कार्यक्रममा आशनग्रहण र ब्याच-खादामा रोक

काठमाडौं/ एमालेले पार्टीका बैठक र सार्वजनिक कार्यक्रमलाई भड्किलो र तामझाम गर्ने परम्परामाथि रोक लगाउँदै नयाँ शैली अपनाउने निर्णय गरेको छ। केन्द्रीय सचिवालयको मंगलबारको बैठकले मञ्चमा उद्घोषकबाहेक सबैलाई सहभागीकै पंक्तिमा राख्ने, मुख्य वक्ता र वक्ताबाहेक कसैलाई अतिथि नबनाउने तथा खादा-ब्याच केहीको पनि प्रयोग नगर्ने निर्णय गरेको हो।

बुधबार पार्टीको अर्थ विभागले आर्थिक विषयमा च्याडिसन होटेलमा आयोजना गरेको अन्तर्क्रियामा अध्यक्ष केपी ओलीले पार्टीले गरेको त्यस्तो निर्णयलाई कडाइका साथ लागू गराउन सर्कुलर पठाउने तयारी भइरहेको आयोजकलाई जानकारी गराए। यसअघि एमालेले भ्रातृ संगठनलाई कार्यक्रम भड्किलो नबनाउन निर्देशन गर्दै आएको थियो। पछिल्लो समय अनेरास्वावियुले मात्रै पार्टीको निर्देशनलाई पालना गर्दै खादा-ब्याच वितरणमा रोक लगाउँदै आएको छ।

'हिजो बसेको केन्द्रीय सचिवालय बैठकले नेपालमै बडा कष्ट हुने गरेको त्यो कष्ट हटाउने गरी एउटा निर्णय गरेको छ। खर्चपर्च केही नलाग्ने, तर एउटा महत्त्वको निर्णय। अबउप्रान्त धेरै आशनग्रहण नगराउने। सर्कुलर नआएको हुनाले तपाईंहरूले धेरै आशनग्रहण गराउनुभएको छ। अबउप्रान्त हामी यो आशनग्रहणको झन्झट गर्दैनौं। नो आसन,' ओलीले पार्टीको पछिल्लो निर्णयबारे भने, 'सबै अधिपट्टि बस्ने, बोल्ने मान्छे आएर पोडियमबाट बोल्छ, अरू सबै अगाडि बस्ने। त्यो तरिका हामीले अपनाउनुपर्छ। हामीले निर्णय गरिसकेका छौं। त्यो सर्कुलर मात्र हुन बाँकी छ। यो निर्णय एमालेलाई मात्र होइन, अरूलाई पनि सजिलो हुन्छ।'

एक वर्षपछि त्रिवि सेवा आयोगले पायो अध्यक्ष

काठमाडौं/ त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा प्रा.डा. घनश्याम भट्टराई नियुक्त भएका छन्। त्रिविका कुलपतिसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार भट्टराईलाई अध्यक्षमा नियुक्त गरेका हुन्। अध्यक्ष पद १९ साउन ०७९ देखि रिक्त थियो। भट्टराईले बुधबार पदभार ग्रहण गरेका छन्। पदभार ग्रहणसँगै सेवा आयोगका रोकिएका काम अघि बढ्ने र प्रतिस्पर्धाबाट शिक्षक भर्ना गर्ने प्रक्रियासमेत खुलेको त्रिविले जनाएको छ। त्रिविको सहकुलपति शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रहने व्यवस्था छ। शिक्षामन्त्री अशोककुमार राईको सिफारिसपछि प्रधानमन्त्री प्रचण्डले भट्टराईलाई अध्यक्षमा नियुक्ति गरेका थिए। राजनीतिक भागबन्डाका कारण सेवा आयोगमा लामो समय अध्यक्ष पद रिक्त थियो।

तिब्बत मिलिटरी कमान्डका जर्नेल काठमाडौंमा

काठमाडौं/ चिनियाँ जनमुक्ति सेनाको बोर्डर डिफेन्स डेलिगेसन टिम (सीमा सुरक्षासम्बन्धी प्रतिनिधिमण्डल) काठमाडौं आइपुगेको छ। तिब्बत मिलिटरी कमान्डका मेजर जनरल यु एनदे नेतृत्वको आठ सदस्यीय प्रतिनिधिमण्डल बुधबार आइपुगेको हो।

चिनियाँ मेजर जनरल युले बुधबार नै प्रधानसेनापति प्रभुराम शर्मासँग शिष्टाचार भेट गरेका छन्। 'बोर्डर डिफेन्स डेलिगेसन टिमका रूपमा उहाँहरू आउनुभएको हो। यो उहाँहरूको औपचारिक भ्रमण हो,' नेपाली सेनाका प्रवक्ता सहायकरथी कृष्णप्रसाद भण्डारीले भने। प्रधानसेनापति शर्मासँगको भेटमा दुईपक्षीय हित र आपसी चासोका विषयमा छलफल भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। चिनियाँ टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेनाका उपरथी सागरबहादुर थापाले स्वागत गरेका थिए। चिनियाँ टोली पाँच दिनका लागि आएको हो। सैनिक प्रवक्ता भण्डारीका अनुसार टोलीले सैनिक कमान्ड तथा स्टाफ कलेज, सैनिक संग्रहालय छाउनीलगायत सैनिक इकाइ र पर्यटकीय स्थलको भ्रमण गर्ने कार्यक्रम छ। सैनिक टोली पोखरास्थित पश्चिम पृतना मुख्यालय र पर्यटकीय स्थलमा पनि जाने कार्यक्रम छ।

प्रधानसेनापति शर्मासँगको भेटमा चिनियाँ जनमुक्ति सेनाले नेपाली सेनालाई गर्दै आएको सहयोग तथा दुई सेनाबीच तालिम, सैन्य अभ्यासलगायत विषयमा छलफल भएको सैनिक स्रोतले जनाएको छ। प्रधानसेनापति शर्माको आगामी चीन भ्रमणका विषयमा पनि छलफल भएको छ।

चितवनमा एकसाथ आठ सवारीसाधन दुर्घटना, २० जना घाइते

भरतपुर/ पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवनको टिकौली जंगलमा बुधबार एकसाथ आठवटा सवारीसाधन दुर्घटना हुँदा २० जना घाइते भएका छन्। रत्ननगर नगरपालिका- १६ बाट शवसहित देवघाट आउँदै गरेको ना.२च ८४४६ नम्बरको बोलेरोलाई गैंडाकोटको अक्सफोर्ड कलेजको ना.१क ६१३१ नम्बरको बसले गलत दिशामा गएर ठक्कर दिएको चितवन प्रहरी जनाएको छ। मुख्य राजमार्गमा भएको दुर्घटनामा एकले अर्कोलाई ठक्कर दिँदा क्रमशः बा.प्र.०६-००१ प ९९८१, बा.प्र.०३-००५ प ९७, ना.६२प ६०३२, बा.प्र. ०३-००१ प ४१४७ नम्बरका मोटरसाइकल तथा बा.प्र. ०६-००१ प २२९४ र बा.प्र. ०३-००२ प ४१९८ नम्बरका स्कुटर पनि त्यहीं ठक्कर खाएका हुन्।

दुर्घटनाका घाइतेलाई उपचारका लागि भरतपुर अस्पताल, नयाँ मेडिकल कलेज र पुरानो मेडिकल कलेजमा लगिएको छ। रत्ननगर- ३ निवासी जीवन लामालाई थप उपचारका लागि काठमाडौं लगिएको छ। चितवन खैरहनी- ४ का कृष्णबहादुर तामाङ, खैरहनी- १ का जितबहादुर तामाङ, मकवानपुरको हेटौंडा उपमहानगरपालिका- १४ का मोहन तामाङ, रत्ननगर-१४ का कुसुमबहादुर राना, सुरेश श्रेष्ठ, किशोर तामाङ र डोलबहादुर कार्कीसहित सातजनाको अवस्था गम्भीर छ। बाँकी १३ जनाको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डिएसपी विजयराज पण्डितले बताए। गैंडाकोटको अक्सफोर्ड कलेजको बसमा परीक्षा दिएर घर फर्कंदै गरेका विद्यार्थी थिए। घाइतेका अनुसार कलेज बसको गति तीव्र थियो। बसचालक नवलपुर गैंडाकोट नगरपालिका- ९ बस्ने आशिष परियार प्रहरी नियन्त्रणमा छन्।

नेपाल र चीनबीच आर्थिक सहयोग अगाडि बढाउनुपर्छ : उपराष्ट्रपति यादव

काठमाडौं/ उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाल र चीनबीच द्विपक्षीय आर्थिक सहयोगलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन्। चीनको युनान प्रान्तको कुनमिङमा आयोजित सातौं चाइना साउथ एसिया एक्स्पो र २७औं चाइना कुनमिङ आयात तथा निर्यात मेलाको उद्घाटन समारोहमा उनले नेपालको व्यापार, पर्यटन, पूर्वाधार, कनेक्टिभिटी र जलविद्युत् क्षेत्रमा लगानी गर्न चीन र लगानीकर्तालाई आह्वान गरे।



सम्बोधन गर्नुअघि उपराष्ट्रपतिले नेपाली उत्पादन प्रदर्शनी भएको नेपाल प्याभिलियनको उद्घाटन गरे। उनले नेपाल र चीनका निजी उद्यमीबीचको आर्थिक साझेदारीलाई प्रगाढ बनाउनुपर्नेमा जोड दिए। यादवले नेपाल पेभिलियनमा सहभागी हुन र व्यावसायिक संस्थाहरूबीच अन्तर्क्रिया गर्नुपर्ने बताए। चीनस्थित नेपाली दूतावासका अनुसार बुधबार चिनियाँ विदेशमन्त्री वाङ यीले उपराष्ट्रपति यादवसँग शिष्टाचार भेट गरे। भेटमा द्विपक्षीय हितका विषयमा छलफल भएको दूतावासले जनाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले चीन-दक्षिण एसिया प्रविधि हस्तान्तरण र सहयोगात्मक नवप्रवर्तनको चौथो मञ्चलाई सम्बोधन गरे। उनले नेपालजस्ता मुलुकमा प्रविधि हस्तान्तरणको आवश्यकता र महत्त्वमा जोड दिए। परराष्ट्रसचिव भरतराज पौड्यालले युनान प्रान्तका उपगभर्नर वाङ हाओसँग भेटवार्ता गरे। कार्यक्रममा सहभागी उद्योग, वाणिज्य तथा आपूर्तिसचिव मधु मरासिनीले चौथो चीन-दक्षिण एसिया व्यापार मञ्चलाई सम्बोधन गरेका छन्।

गण्डकीका मुख्यमन्त्रीसँग संसद्मा प्रश्नोत्तर

कास्कीमा रोहितराज पराजुली

प्रदेश सभा स्थापना भएको साढे पाँच वर्षपछि गण्डकी प्रदेशका मुख्यमन्त्रीसँग सांसदहरूको प्रश्नोत्तर सुरु भएको छ। प्रदेश सभाको बुधबारको बैठकमा एमालेका नौ सांसदले विभिन्न विषयमा प्रश्न सोधेका थिए। प्रदेश सभा सदस्यले राखेको प्रश्नको उत्तर मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तत्कालै दिएका थिए। प्रश्नोत्तरका क्रममा प्रश्न सोध्न एक एक मिनेट समय निर्धारण गरिएको थियो। प्रदेश सभा बैठकको सुरुमा शून्य समय सकिएसँगै सभामुखले मुख्यमन्त्री पाण्डेले सरकारले गरेका कामकारबाहीबारे सदनलाई जानकारी गराएका थिए। त्यसपछि मुख्यमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम सुरु भएको थियो।



सुरेन्द्रराज पाण्डे, मुख्यमन्त्री

एमाले सांसद कृष्णप्रसाद पाठकले कालीगण्डकी नदी प्रशासन र जनप्रतिनिधिको संलग्नतामा दोहन भइरहेकाले यसलाई रोक्न माग गरे। उनले केही समयअघि भारतमा धार्मिक प्रयोजनका लागि दुई शिला लगिएकोमा यसलाई रोक्दै भएका शिलाहरू संरक्षण गर्न माग गरे।

सांसद गोविन्द नेपालीले कालीगण्डकीमा नदीजन्य पदार्थको उत्खनन गर्न नपाउँदा बाढी आएको र बाढीले कागबेनीमा क्षति गरेकाले नदीजन्य पदार्थ निकाल्ने व्यवस्थासहितको कार्ययोजना के छ भनी प्रश्न गरेका थिए। सांसद देवका पहारी त्रिपाठीले जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा परेकाले यस्को असर कम गराउन आवश्यक पहल गर्न, प्रदेश सरकारले गरेका विकास निर्माणका काममा गुणस्तरको प्रश्न उठेको, स्थानीयस्तरमा समन्वय नगरी काम गरेको भन्ने गुनासो आएकाले यसमा ध्यान दिन माग गरिन्।

सांसद पद्मा जिसी श्रेष्ठले नारायणी नदीमा आउने बाढीका कारण त्यसआसपासका मानिसलाई धेरै असर गरेको र गण्डक सम्झौता प्रमुख समस्या रहेकाले संघ सरकारसँग समन्वय गरे डुबानसँगै कटान र मानवीय क्षति कम गराउने काम गर्न के पहल भइरहेको छ भनी प्रश्न गरेकी थिइन्। अर्का सांसद भक्तबहादुर कुँवरले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, होमस्टे, एक निर्वाचन क्षेत्र एक स्मार्ट कृषि फर्म र एक कृषि रणनीतिक सडक निर्माणका लागि आवश्यक कार्यविधि निर्माण भयो भएन भनी प्रश्न गरेका थिए।

सांसद भीमबहादुर कार्कीले औद्योगिक क्षेत्र निर्माणको काम के हुँदै छ र रहेका बस्ती के गर्ने भनी प्रश्न गरेका थिए। सांसद यशोदा रिमालले एक पालिका एक उद्योगग्राम स्थापना र युवालाई रोजगारी सिर्जना गर्ने सरकारको योजना के छ तथा हाल खेतीको सिजन रहेकाले किसानहरूलाई सहज तरिकाले मल पाउन के व्यवस्था गरिएको छ भनी प्रश्न गरेकी थिइन्। अर्का सांसद लक्ष्मणबहादुर पाण्डेले दुम्कीवास-विनय-त्रिवेणी सडकको काम के हुँदै छ भनी प्रश्न गरेका थिए। सांसद सीताकुमारी सुन्दासले बाढीपहिरो नियन्त्रणका लागि के हुँदै छ, जोखिमपूर्ण बस्ती सार्ने के काम हुँदै छ भनी मुख्यमन्त्री पाण्डेलाई प्रश्न गरेकी थिइन्।

मुख्यमन्त्री पाण्डेले यो नयाँ अभ्यास भएकाले यसलाई निरन्तरता दिनुपर्ने भन्दै आफूलाई सोधिएका प्रश्नहरूको जवाफ दिएका थिए। उनले कालीगण्डकीमा अवैध तरिकाले दोहन हुन नदिने र भएको भए रोक्ने, कालीगण्डकीबाट नदीजन्य पदार्थ निकाल्ने-ननिकाल्ने विषयमा सिंगो सदनले छलफल गरी हाम्रो आस्थामा आँच नआउने र भूगोलविद्हरूसँग सल्लाह गरी उपयुक्त तरिकाले निकास खोज्न सरकार तत्पर रहेको, जलवायु परिवर्तन डरलाग्दो अवस्थामा रहेकाले यसलाई रोक्न प्रभावकारी तरिकाले काम गर्नुपर्ने बताए।

मुख्यमन्त्री पाण्डेले नारायणी नदीको कटान रोक्ने काम प्रदेश सरकारको क्षमताभन्दा माथिको कुरा रहेकाले संघ सरकारसँग समन्वय गरेर जोखिम कम गर्न प्रदेश सरकार अघि बढेको, विभिन्न योजना कार्यान्वयन गर्न आवश्यक कार्यविधि बनाउने काम भइरहेको र अन्तिम चरणमा पुगेकाले मन्त्रिपरिषद्ले पारित गर्नुपूर्व प्रमुख प्रतिपक्ष दलका नेतासँग छलफल गर्ने बताए।

औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिसँगै डिपिआर अन्तिम चरणमा पुगेको, निर्माण क्षेत्रमा रहेका, तर सरकारी जग्गामा बनेका संरचनाको क्षतिपूर्ति दिन सरकारले नसक्ने र उनीहरूलाई भूमि आयोगमार्फत व्यवस्थापन गरिने, किसानका लागि आवश्यक मल विगतमा भन्दा बढी प्रदेशका लागि आपूर्ति भएको र सोहीअनुसार व्यवस्थापन गरिएको, दुम्कीवास-विनय-त्रिवेणी सडक चालू आर्थिक वर्षमा निर्माणका लागि संघ सरकारले समन्वय नगरे प्रदेशका सबै सांसद साबेल-गैंची लिएर खन्न जाने बताए।

■ महिनाको पहिलो साता एक घन्टा समय निर्धारण

गण्डकी प्रदेश सभाको गत २२ असारमा सम्पन्न बैठकले नयाँ प्रदेश सभा नियमावली, २०८० पारित गरेको थियो। नयाँ नियमावलीमा मुख्यमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्न सभामुखले सामान्यतया प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घन्टा समय निर्धारण गर्ने व्यवस्था नयाँ गरिएको छ।

बिजनेसको पर्खाइका मधेस प्रदेश सभा

जनकपुरधाममा **हरिश खुदार**

मधेस प्रदेश सभाको पहिलो अधिवेशन सम्पन्न भएको एक महिना भइसक्दा पनि दोस्रो अधिवेशन आह्वान हुन सकेको छैन। गत ३१ असारमा प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशन समाप्त भएको घोषणा गरिएको थियो।

प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभाको बैठक आह्वान गर्नुपर्ने प्रवधान छ। प्रदेश सभाका सचिव रञ्जित यादवले प्रदेश प्रमुखबाट दोस्रो अधिवेशनको आह्वान कहिले हुन्छ भन्ने थाहा नभएको बताए।

मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकार आएपछि विभिन्न पाँचवटा विधेयक प्रदेश सभामा लगिएको छ। प्रदेश सभाका अनुसार सरकारले प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालिका संरक्षण विधेयक, प्रदेश बाल अधिकार संशोधन ऐन, स्थानीय सेवा गठन सम्बन्धमा र सेवाका सर्तहरू व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सवारी यातायात व्यवस्था गर्न बनेको विधेयक सभामा लगेको छ। यी विधेयक प्रदेश सभामा टेबुल भई सामान्य छलफलपछि सम्बन्धित समितिमा पठाइएको सचिव यादवले बताए।

प्रदेश सभाको नयाँ अधिवेशन आह्वान नहुनुको कारण सरकारसँग बिजनेस नभएकाले बताइन्छ। 'प्रदेश सभामा अहिले कुनै पनि नयाँ विधेयक छैन। भएका विधेयक समितिमा पठाइएको छ,' सचिव यादवले भने, 'अधिवेशन आह्वान भएपछि मात्रै नयाँ विधेयक प्रदेश सभामा दर्ता हुन्छ।' प्रदेशका अर्थमन्त्री सञ्जयकुमार यादवले प्रदेश प्रमुखबाट दोस्रो अधिवेशन आह्वान भएपछि प्रदेश सभाको बैठक नियमित चल्ने बताए। 'सरकारले बिजनेस दिन कुनै कञ्जुस्याइँ गरेको छैन,' उनले भने, 'तर, अब केही दिनमा नयाँ अधिवेशन आह्वानपछि सभाको बैठक नियमित बस्नेछ।'

९ पुसमा नयाँ सरकार गठन भएयता प्रदेश सभाको ३७ वटा बैठक बसेको छ। प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो बैठक १८ पुसमा बसेको थियो भने ३१ असारमा समाप्त भएको थियो। मधेस प्रदेश सरकारले सुरुवाती अवस्थामा काममा चुस्तदुरुस्त बनाउन कम्तीमा एक सय १५ वटा कानुन निर्माण गर्नुपर्ने पहिचान गरेको थियो। लालबाबु राउत नेतृत्वको सरकारको पालामा ५७ वटा कानुन निर्माण भएको थियो। वर्तमान सरकारले आर्थिक विधेयक, बजेट विनियोजन विधेयक र प्रदेशमा निर्माण भएका ऐनहरूको संशोधन गर्न बनेको विधेयक मात्रै प्रदेश सभाबाट पारित भएको सचिव यादवले बताए।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुरले कानुन निर्माण आवश्यकता र औचित्यको अधारमा रहेको बताउँदै प्रदेश सरकारले अवश्यकताअनुसार ऐन निर्माणतर्फ लागेको बताए।

चार घर पहिरोको उच्च जोखिममा

संखुवासभा/ खाँदबारी नगरपालिका- १ स्थित काफ्लेडाँडाछेउमा चार घर पहिरोको उच्च जोखिममा परेका छन् । स्थानीय विष्णुमाया पौडेली, ताराबहादुर विश्वकर्मा, सनमाया विश्वकर्मा र सीतामाया सार्कीको घर पहिरोको उच्च जोखिममा परेका हुन् । लगातार वर्षा भइरहेको र कुनै पनि वेला घरमाथिबाट पहिरो खस्ने हो भन्ने डरले विष्णुमाया पौडेली छिमेकीको शरणमा बस्न थालेकी छिन् । सीतामाया सार्कीले पनि घरमाथिबाट पहिरो खस्ने डरले रातभरि सुत्नै नसकेको बताइन् । घरभन्दामाथि रहेको खाँदबारी-मानेभञ्ज्याङ कोसी राजमार्गको छेउमा सडक कार्यालयले पर्खाल लगाएको थियो । अहिले पर्खालसहित जमिन चिरा-चिरा परेपछि जोखिम बढेको हो ।

बुधबार ती जोखिमयुक्त घरहरूको जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्य, प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की र खाँदबारी नगरपालिकाका उपमेयर महेश्वरा श्रेष्ठ बज्राचार्यलगायतले प्रत्यक्ष अवलोकन गरे । जोखिम कम र सुरक्षित रूपमा रहनका लागि चिरा परेको जमिनको अवलोकन गरिएको र सम्भावित जोखिम कम गर्न लागिपरेको संखुवासभाका प्रजिअ शिवकुमार कार्कीले बताए ।

छानबिन समितिको माग छाड्दैनौं : पोखरेल



धनगढी/ एमाले महासचिव शंकर पोखरेलले सुन प्रकरणको छानबिनका लागि उच्चस्तरीय न्यायिक समिति गठनको मागलाई एमालेले नछोड्ने बताएका छन् । धनगढीमा बुधबार भएको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले सत्तापक्षकै नेता जोडिएकाले सरकार छानबिन समिति गठनबाट भागेको दाबी गरे । सुन तस्करीमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन एमालेले छानबिन समिति गठनको माग गरेको उनले बताए ।

उनले भने, 'नबिराएको भए यति सामान्य मागलाई पूरा गर्नका लागि किन आनाकानी ?' सुन तस्करीमा राज्यका निकायको दुरुपयोग भएको उनको दाबी छ । विगतमा सुन फेला नपरेको भनेर अहिले छानबिन समिति गठन नगर्नु उपयुक्त नभएको पोखरेलले बताए । 'एमालेले यो एजेन्डा छोड्नेवाला छैन,' उनले भने । सुन तस्करीमा राज्यका संयन्त्रको दुरुपयोग र सत्तापक्षकै नेताहरूको संलग्नता रहेको उनले आरोप लगाए । सरकार सत्तापक्षका नेतालाई जोगाउन लागिपरेको आरोप पनि उनले लगाए ।

फरक प्रसंगमा उनले एमालेले सरकारको नेतृत्व छोडेदेखि मुलुक आर्थिक संकटतिर धकेलिएको दाबी गरे । 'जतिवेला अदालतको परमादेशबाट हामीलाई हट्न बाध्य बनाइएको थियो, त्यतिवेला मुलुकको आर्थिक अवस्था बचतमा थियो । शोधानान्तर स्थिति बचतमा थियो, मूल्यवृद्धि नियन्त्रणमा राख्न सफल भएका थियौं,' उनले भने, 'हामीले सरकार छोडेपछि पौने तीन खर्ब घाटामा गयो शोधानान्तर स्थिति । मुद्रा स्फीति बढ्यो ।'

रेशम चौधरीलाई माफी दिने निर्णयमा सर्वोच्चको प्रश्न



शिल्पा कर्ण/ नयाँ पत्रिका

सर्वोच्च अदालतले रेशम चौधरीलाई आममाफी दिने सरकारको निर्णय र नियतमा प्रश्न उठाएको छ । टीकापुर घटनाको मुद्दामा २ जेठमा सर्वोच्चको संयुक्त इजलासले दिएको फैसलाको पूर्णपाठमा मुद्दा फिर्ता लिनुलाई कानुन र न्यायका सिद्धान्तविपरीत भनिएको छ ।

'... फौजदारी कानुनको उल्लंघनको विषयलाई राजनीतिक सहमति वा राजनीतिक स्वार्थ वा राजनीतिक प्रकृतिको अपराधको नाममा फौजदारी कानुनबमोजिमको प्रक्रिया अवलम्बन गरी मुद्दा चलाउने नमिल्ने भन्नु वा त्यसरी चलाएका मुद्दाहरूलाई राजनीतिक सौदाबाजीको रणनीतिअन्तर्गत फिर्ता लिनु वा स्थापित मूल्य-मान्यता र कानुनी व्यवस्थासमेतको उल्लंघन र उपहास हुने गरी माफी-मिनाहा दिनेसमेतका कार्य गर्नु मुलुकको संविधान, कानुन र न्यायका मान्य सिद्धान्तसमेतको हाकाहाकी विपरीत हुने देखिन्छ,' फैसलाको पूर्णपाठमा छ ।

गणतन्त्र दिवस ०८० मा सरकारले उनको कैद माफीको निर्णय लिएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र दिवसका अवसरमा टीकापुर हत्याकाण्डमा तीन तहको अदालतबाट दोषी ठहर भएका नागरिक उन्मुक्ति पार्टीका नेता चौधरीसहित १९ व्यक्तिलाई कैद सजाय माफी गरेका थिए । संविधानको धारा २७६ मा राष्ट्रपतिले माफी दिन सक्ने उल्लेख छ । जसमा भनिएको छ, 'राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी वा परिवर्तन वा कम गर्न सक्नेछ ।' त्यस्तै, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ मा १० वटा मुद्दाबाहेक अन्यमा माफी दिन सकिने उल्लेख छ । जसमा भ्रष्टाचार, यातना, जबर्जस्ती करणी, क्रूर र अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विस्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण र तीन वर्षभन्दा बढी कैद सजाय हुने लागुऔषधको ओसारपसार वा कारोबार छन् ।

सर्वोच्चले गम्भीर फौजदारी कसुरलाई समेत राजनीतिक अपराध मान्न नहुने भन्दै यस्ता घटनामा मुद्दा नचलाउनु, मुद्दा फिर्ता लिनु तथा सजाय मिनाहा गर्नु संविधान, कानुन र न्यायका सिद्धान्तविपरीत हुने बताएको छ । टीकापुरमा आठ वर्षअघि भएको भडपका विषयमा रेशमलगायतको मुद्दामा फैसला दिँदै सर्वोच्चले कुनै बहानामा फौजदारी दायित्वबाट उन्मुक्ति दिन नमिल्ने उल्लेख गरेको छ । फैसलाको पूर्णपाठमा फौजदारी कानुन उल्लंघन गर्नेलाई कसुरकै रूपमा परिभाषित गर्नुपर्ने र राजनीतिक वा अन्य कुनै बहाना वा आवरणमा फौजदारी दायित्वबाट उन्मुक्ति दिन नमिल्ने उल्लेख छ । न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको इजलासले गरेको फैसलामा नागरिकको जिउधन र स्वतन्त्रताको संरक्षण गर्ने दायित्वबाट राज्य च्यूत हुन नमिल्ने जनाइएको छ ।

सर्वोच्चको पूर्णपाठमा भनिएको छ-

राजनीतिक वा अन्य कुनै पनि कारणबाट कसुरदारले सोबाट सिर्जित दायित्वबाट उन्मुक्ति प्राप्त गर्न सक्ने भनी मानिएमा राज्य कर्तव्यबाट च्यूत हुन गई अपराधीहरूको संरक्षकका रूपमा रूपान्तरित हुन पुग्छ । मुलुकको कानुन व्यवस्था पीडकको हातमा पुग्ने र आवाजविहीन, निर्बल तथा निरीह नागरिकको जिउज्यान सधैं जोखिममा रही पीडित थप पीडित हुने तथा पीडकहरू समाजमा रवाफका साथ खुला रूपमा हिँड्न पाउने दुर्भाग्यपूर्ण स्थिति सिर्जना हुन जान्छ ।

'... राजनीतिक वा अन्य कुनै पनि कारणबाट कसुरदारले सोबाट सिर्जित दायित्वबाट उन्मुक्ति प्राप्त गर्न सक्ने भनी मानिएमा संवैधानिक शासन व्यवस्थाअन्तर्गत नागरिकको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने प्रमुख दायित्व भएको राज्य आफ्नो कर्तव्यबाट च्यूत हुन गई अपराधीहरूको संरक्षकका रूपमा रूपान्तरित हुन पुग्छ,' सर्वोच्चको फैसलामा छ, 'यसो हुन गएमा मुलुकको कानुन व्यवस्था पीडकको हातमा पुग्ने र आवाजविहीन, निर्बल तथा निरीह नागरिकको जिउज्यान सधैं जोखिममा रही पीडित थप पीडित हुने तथा पीडकहरू समाजमा रवाफका साथ खुला रूपमा हिँड्न पाउने दुर्भाग्यपूर्ण स्थिति सिर्जना हुन जान्छ । यस्तो अनपेक्षित अवस्था उत्पन्न हुन नदिन अदालत र न्यायिक निकायलगायत कानुन कार्यान्वयन गर्ने राज्यका निकायहरू संवेदनशील हुनुपर्नेतर्फ यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ ।'

कैलालीको टीकापुरमा ७ भदौ ०७२ मा भएको झडपमा परी एक नाबालकसहित नौजनाको ज्यान गएको थियो भने ३६ जना प्रहरी गम्भीर घाइते भएका थिए । यस घटनामा चौधरीलाई जन्मकैदकै फैसला सदर गर्दै सर्वोच्चले अन्य ६ वटा मुद्दामा पनि उच्च अदालत दिपायलकै फैसला सदर गरेको थियो । उनले आफू घटनास्थलमा रहेको अस्वीकार गरे पनि प्राप्त प्रमाणका आधारमा उक्त जिकिर पुष्टि हुन नसकेको इजलासले उल्लेख गरेको छ । टीकापुर घटनामा संलग्नहरूउपर कर्तव्यज्यान, डाँका, चोरी तथा ज्यान मार्ने उद्योगको अभियोग लगाइएको थियो ।

चौधरी ०७४ मंसिरमा भएको प्रतिनिधिसभा निर्वाचनमा कैलाली-१ बाट राष्ट्रिय जनता पार्टीका तर्फबाट निर्वाचित भएका थिए ।

शव जाँच मुचुल्का विवरणलाई आधार मान्दै मृतकहरूको हत्या क्रूर र बीभत्स तरिकाले भएको ठहर इजलासको छ । संविधानसभाबाट आफ्ना माग पूरा होऊन् भन्ने चाहना राख्नुलाई अन्यथा भन्न नमिल्ने भए पनि हिंसात्मक हुन गएको निष्कर्ष इजलासको छ । सरोकार सम्बोधन गराउनका लागि संविधानप्रदत्त मौलिक हकको उपभोग गर्नु स्वाभाविक भए पनि अधिकारको आन्दोलनको मोहडाका रूपमा सुरक्षाकर्मीउपर आक्रमण हुनु योजनाबद्ध र एकपक्षीय रहेको भन्दै फैसलमा स्वतन्त्रताको अधिकारलाई अपराधजन्य कार्य गर्ने अधिकारसमेतका रूपमा बुझ्न नहुने जनाइएको छ ।

भिरबाट लडेर मृत्यु

हुम्ला/ वनमा पशु चराउन गएका विद्यालय व्यवस्थापन समितिका अध्यक्षको भिरबाट लडेर मृत्यु भएको छ । हुम्लाको सर्केगाड गाउँपालिका-५ स्थित धुमछुमी आधारभूत विद्यालयको व्यवस्थापन समिति अध्यक्ष मानसिंह सार्कीको भिरबाट लडेर मृत्यु भएको हो । घरमा उज्यालोका लागि सल्लाको झरो चिरेर टिप्ने क्रममा लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ ।

ढुंगाले किच्दा महिलाको ज्यान गयो

मकवानपुर/ बकैयामा ढुंगाले किच्दा एकजनाको मृत्यु भएको छ । मकवानपुरको बकैया गाउँपालिका- १ धियालमा ढुंगाले किच्दा एक महिलाको मृत्यु भएको हो । मकवानपुर र बाराको सिमानामा पर्ने धियालको विजयडाँडाकी ५१ वर्षीया रूपामाया लोकोको ढुंगाले किचेर मृत्यु भएको प्रहरीले जनाएको छ । मंगलबार दिउँसो घरनजिकै रहेको जंगलमा गाईवस्तु चराउन गएकी उनलाई ढुंगामाथि बसिरहेको समयमा एक्कासि आफैं बसेको ढुंगा पल्टिएर किच्दा मृत्यु भएको बताइएको छ । घटनास्थल इलाका प्रहरी कार्यालय निजगढ बाराबाट नजिक पर्छ ।

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड

केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं, नेपाल, फोनः ०१-५९०२३३०
Email: riverfallshydropower@gmail.com, www. riverfallshydro.com.np

Unaudited Financial Results (Quarterly)
4th Quarter of financial Year 2079/80

Balance Sheet as on Ashad 31, 2080 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Ashad, 2080	Previous Quarter ending As at 30th Chaitra, 2079	Previous Quarter ending As at 31st Ashad, 2079
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	9,052	9,368	10,587
Other Fixed Assets		-	-
Work-in-Progress	2,320,816	2,104,999	1,598,273
Investments	189,100	189,100	189,100
Total Non-Current Assets	**2,518,969**	**2,303,467**	**1,797,960**
Current Assets:			
Deposits	6,975	10,884	16,537
Other Loans & Advances	159,244	238,665	491,953
Sundry Debtors	-	-	-
Inventories	-	-	-
Cash & Bank Balance	5,065	1,609	1,493
Preliminary Expenses	-	-	-
Prepaid Expenses	-	-	-
Total Current Assets	**171,285**	**251,157**	**509,982**
Total Assets	**2,690,254**	**2,554,624**	**2,307,942**
Equity			
Share Capital	700,000	700,000	700,000
Reserve and Surplus	(61,515)	(59,371)	(50,804)
Total Equity	**638,485**	**640,629**	**649,196**
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	1,416,309	1,282,317	1,168,368.21
Unsecured Loans	-	-	
Total Non-Current Liabilities	**1,416,309**	**1,282,317**	**1,168,368**
Current Liabilities:			
Trade and Other Payables	443,288	433,245	376,993.73
Bridge Gap Loan	192,172	198,433	113,384.00
Dividend Payable		-	-
Deferred Tax Liabilities		-	-
Total Current Liabilities	**635,460**	**631,678**	**490,378**
Total Liabilities	**2,051,769**	**1,913,995**	**1,658,746**
Total Equity and Liabilities	**2,690,254**	**2,554,624**	**2,307,942**

Profit & Loss Accounts for the year ended Ashad 31, 2080 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Ashad, 2080	Previous Quarter ending As at 30th Chaitra, 2079	Previous Quarter ending As at 31st Ashad, 2079
Revenue from Operations	-	-	-
Less: Direct Expenses	-	-	-
Gross Profit	-	-	-
Interest Income	105	105	6
Other Income	195	195	10,809
Staff Costs	954	954	1,704
Other Operating Costs	8,375	6,649	14,936
Financial Costs	-	-	-
Depreciation	1,682	1,263	2,056
Preliminary Expenses W/O	-	-	-
Provision for Staff Bonus	-	-	-
Net Profit before Tax	**(10,711)**	**(8,567)**	**(7,881)**
Income Tax			
Net Profit	**(10,711)**	**(8,567)**	**(7,881)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

रिभर फल्स पावर लिमिटेडको आ.व.०७९/०८० को चौथो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण

क) चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	-	शेयरको बजार मुल्य रु.	२८०.००
प्रति शेयर नेटवर्थ (रु.)	९१.२१	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)	३८४.३२
तरलता अनुपात	०.२७		

२. व्यवस्थापकीय विश्लेषण

यस आयोजनाले मिति २०८० साल श्रावण २४ गते देखि व्यापारिक उत्पादन शुरु गरेको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको ।

४. संगठीत संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

यस कम्पनीको चौथो त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

अधिकतम मुल्य (रु.)	३२१	कारोवार भएको कुल दिन	६२
न्युनतम मुल्य (रु.)	२२६	कारोवार संख्या	१२,०२४
अन्तिम मुल्य (रु.)	२८०	कारोवार रकम (रु.)	१९६,२३१,४०२

५. समस्या र चुनौती

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. संस्थागत सुशासन

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ । साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्षको उदघोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/०४/३२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, ब्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः जय मा लक्ष्मी ट्रेडर्स** (नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: ८७९-०६५/६६ दर्ता मिति : २०६५/१०/२९ स्थायी लेखा नं.: ३०३३३६६४३ ठेगानाः चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ०३ । **प्रोप्राईटरः** **अबधेश प्रसाद** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०९६/५६५ (२०६३-१२-१५/ बारा) बाजेको नामः सेउजी साह बाबुको नामः छोटेलाल प्रसाद ठेगानाः बारा जिल्ला, रघुनाथपुर गा.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२ । **व्यक्तिगत जमानतकर्ताः** **किरण देवी** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३१०९६/९३०९ (२०६५/१२/१७/बारा) बाबुको नामः सत्यनारायण प्रसाद कलवार ससुराको नामः छोटेलाल प्रसाद पतिको नामः अबधेश प्रसाद ठेगानाः बारा जिल्ला, रघुनाथपुर गा.वि.स, वडा नं. ०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२ ।	सत्यनारायण प्रसाद कलवार को छोरी, छोटेलाल प्रसाद को बुहारी, अबधेश प्रसाद को पत्नी, बारा जिल्ला, रघुनाथपुर गा.वि.स, वडा नं. ०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२ बस्ने **किरण देवीको** नाममा मालपोत कार्यालय चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.पा./न.पा., वडा नं. ४/४क स्थित कि.न. २८४५ को क्षेत्रफल ०-०-७-० (११८.५० वर्ग मि.) जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	१. ओभरड्राफ्ट २. आवधिक कर्जा	**ऋणीको नामः न्यू चक्र ट्रेडर्स** (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी,कैलालीमा दर्ता रहेको) दर्ता नं.: २३८३६/०७३/०७४ दर्ता मिति : २०७३/१२/०६ स्थायी लेखा नं.: ६००९२१५५४ ठेगानाः कैलाली जिल्ला, गौरीगंगा न.पा., वडा नं. १ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **शेर बहादुर बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१४/८०३१(२०६८/०५/२६/कैलाली) बाजेको नामः ठगि सिंह बोहरा बाबुको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । **व्यक्तिगत जमानतकर्ताहरूः** १. **लाल सिं बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१४/३८३(२०६४/०८/१२/कैलाली) बाजेको नामः ठगि सिंह बोहरा बाबुको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । २. **कुसल देवी बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७३०१४/१८(२०६२/१०/०३/कैलाली) बाबुको नामः पवल सिंह बोहरा ससुराको नामः ठगि सिंह बोहरा पतिको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । ३. **कुमारी लक्ष्मी बिष्ट** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५१००१/१४८४३(२०६८/११/११/कञ्चनपुर) बाबुको नामः राम सिंह बिष्ट ससुराको नामः चक्र बहादुर बोहरा पतिको नामः लाल सिंह बिष्ट ठेगानाः कञ्चनपुर जिल्ला, भीमदोत्त उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । ४. **चक्र बहादुर बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): २८२ (२०४१/०२/३१/डोटी) बाजेको नामः राजी सिंह बोहरा बाबुको नामः ठगि सिंह बोहरा ठेगानाः कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ ।	ठगि सिंह बोहराको नाति, चक्र बहादुर बोहराको छोरा, कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ बस्ने **शेर बहादुर बोहराको** नाममा मालपोत कार्यालय धनगढी ,कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, चौमाला गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. १०६४ को क्षेत्रफल १६९३.९५ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	आवधिक कर्जा	**ऋणीको नामः सुभ सुजल सप्लायर्स** (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग धनगढी,कैलाली कार्यालयमा दर्ता रहेको) दर्ता नं.: ३१६१६/०७८/०७९ दर्ता मिति : २०७८/०५/०१ स्थायी लेखा नं.: ६१६४११७४० ठेगानाः कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । **प्रोप्राईटरः** **कुमारी लक्ष्मी बिष्ट** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५१००१/१४८४३(२०६८/११/११/कञ्चनपुर) बाबुको नामः राम सिंह बिष्ट ससुराको नामः चक्र बहादुर बोहरा पतिको नामः लाल सिंह बिष्ट ठेगानाः कञ्चनपुर जिल्ला, भीमदोत्त उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । **व्यक्तिगत जमानतकर्ताहरूः** १. **लाल सिं बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१४/३८३(२०६४/०८/१२/कैलाली) बाजेको नामः ठगि सिंह बोहरा बाबुको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । २. **चक्र बहादुर बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): २८२ (२०४१/०२/३१/डोटी) बाजेको नामः राजी सिंह बोहरा बाबुको नामः ठगि सिंह बोहरा ठेगानाः कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । ३. **शेर बहादुर बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१४/८०३१(२०६८/०५/२६/कैलाली) बाजेको नामः ठगि सिंह बोहरा बाबुको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ । ४. **कुसल देवी बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७३०१४/१८(२०६२/१०/०३/कैलाली) बाबुको नामः पवल सिंह बोहरा ससुराको नामः ठगि सिंह बोहरा पतिको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ ।	
४.	क्रडिट कार्ड	**ऋणीको नामः शेर बहादुर बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१४/८०३१(२०६८/०५/२६/कैलाली) बाजेको नामः ठगि सिंह बोहरा बाबुको नामः चक्र बहादुर बोहरा ठेगानाः कैलाली जिल्ला, चौमाला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. १ ।	

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि

FMO Entrepreneurial Development Bank The Netherlands

Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०,
Ext. १०७, १०४

फाइटर २५ जनवरीमा

ऋतिक रोशन स्टारर फिल्म फाइटरको मोसन पोस्टर सार्वजनिक भएको छ । यस फिल्ममा ऋतिक र अभिनेत्री दीपिका पादुकोण एयरफोर्स पाइलटको भूमिकामा छन् । फिल्ममा अनिल कपुरको पनि अभिनय छ । २५ जनवरी २०२४ मा रिलिज हुने यस फिल्मलाई सिद्धार्थ आनन्दले निर्देशन गरेका हुन् ।





द घोस्ट अफ गान्धीमा डेजी

वेब सिरिज 'द घोस्ट अफ गान्धी'को टिजर सार्वजनिक भएको छ । सरमन जोशी, सरिब हास्मी र डेजी शाहले सिरिजमा मुख्य भूमिका निर्वाह गरेका छन् । श्री एरोज प्रडक्सन र सीता फिल्मस्को ब्यानरमा निर्माण भएको यस सिरिजलाई मनीष किशोरले निर्देशन गरेका हुन् ।

च्याफ्टिङ गर्दा अपनाउनुपर्ने सावधानी

बिदाको समय घुम्नका लागि निस्कने नेपालीहरूको जमात बढ्दो छ । ट्रेकिङ, क्लाइम्बिङ, च्याफ्टिङलगायत गतिविधिमा नेपाली आकर्षित हुन थालेका छन् । वर्षाको समय घुमघामका लागि उपयुक्त सिजन होइन । च्याफ्टिङजस्ता साहसिक खेलका लागि पनि यो सिजन उपयुक्त मानिदैन । तर, यसका बाबजुद पनि च्याफ्टिङ गर्नेको संख्या उस्तै रहेको नेपाल एसोसिएसन अफ च्याफ्टिङ एजेन्सिज (नारा)का अध्यक्ष शिव अधिकारीले बताए । सतर्कताका उपाय अपनाएर मनसुनमा पनि च्याफ्टिङको मज्जा लिन सकिने उनले बताए । उनी भन्छन्, 'नेपालीहरू वर्षात्को समय भनेर बसेका छैनन् । शुक्रबार र शनिबार त्रिशूली र भोटेकोसीका क्याम्पहरू आन्तरिक पर्यटकले भरिभराउ हुन्छ । कम्तीमा तीन-चार सय पर्यटक क्याम्पमा हुन्छन् ।' अन्तरिक पर्यटकको संख्या बढे पनि च्याफ्टिङ गराउने कम्पनीको संख्या भने घटिरहेको उनी बताउँछन् ।

विदेशी पर्यटकको संख्या घटेकाले यस्तो परिस्थिति निम्तिएको उनले बताए । 'पछिल्लो समय झन्डै ५० प्रतिशत च्याफ्टिङ कम्पनी बन्द भएका छन् । विदेशीको संख्या घटेकाले यस्तो भएको हो । च्याफ्टिङमा रमाउने स्वदेशीको संख्या भने बढ्दो छ ।'

काठमाडौंनजिक पर्ने भएकाले पनि त्रिशूली र भोटेकोसी नदीमा च्याफ्टिङको विशेष चहलपहल हुने गरेको रिभर गाइड अच्युतकुमार गौतम बताउँछन् । पानीको बहाव बढ्ने भएकाले यस समय विशेष सावधानी अपनाउनुपर्ने उनले बताए । 'वर्षायाममा नदीमा यसै पनि बहाव बढी हुन्छ,



त्यसमाथि नदीको शिरमा ठूलो पानी पर्दा अकस्मात् आउने बाढीका कारण जोखिम पक्कै हुन्छ । त्यस्तै, जोखिमबीच पनि सुरक्षित कसरी हुने भन्नेबारे तपाईंले रिभर गाइडको निर्देशन मान्नुपर्ने हुन्छ,' उनले भने ।

च्याफ्टिङ गर्नुअघि...

- पानीको बहाव कुनै पनि समय घट्न-बढ्न सक्छ । पानीको अवस्था हेरेर मात्रै च्याफ्टिङ गर्नुपर्छ ।
- च्याफ्टिङ बुकिङ गर्ने व्यवासायीले पनि मेरो ग्राहक कस्तो छ ? एड्भेन्चर गर्न सक्छ, शारीरिक रूपमा कतिको तन्दुरुस्त छ भन्नेबारे बुझ्नुपर्छ । ग्राहकलाई बुझाएर मात्रै च्याफ्टिङ गराउनुपर्छ ।
- कतिपयले कमाउनका लागि सस्तो प्याकेज पनि दिइरहेका हुन्छन् । बजारमा अन्य कम्पनीभन्दा निकै सस्तो प्याकेज बेचिएको रहेछ भने त्यसको गुणस्तरमा पनि शंका उत्पन्न हुन्छ ।
- च्याफ्टिङ जानुअघि मानिसमा आत्मविश्वास जरुरी हुन्छ । तर, अति नै आत्मविश्वास भयो भने पनि हानिकारक हुन सक्छ ।
- च्याफ्टिङ बोटमा बस्नुअघि तपाईंलाई गाइडले विभिन्न निर्देशन दिने गर्छन् । झन्डै आधा घन्टा सेफ्टी ब्रिफिङ हुन्छ । नदीमा यात्रा गरुन्जेल तपाईंले गाइडको दिएको निर्देशन पालना गर्नुपर्छ । भवितव्यलाई ख्याल गर्दै ब्रिफिङ गरिन्छ ।
- कतिपय अवस्थामा बोट पल्टिन पनि सक्छ । त्यस्तो वेलामा कसरी सुरक्षित रहने भनेर पहिल्यै ब्रिफिङ गरिएको हुन्छ । ब्रिफिङ ध्यानपूर्वक सुन्न जरुरी छ । नदीमा बगिहालियो भने खुट्टा कुन साइडमा राख्ने, टाउको कसरी राख्ने भन्नेबारे ज्ञान हुनुपर्छ । डोरीलाई कसरी समात्ने भन्ने कुराको जानकारी हुनुपर्छ । टायरलाई कसरी टिप्ने भन्ने सबै जानकारी हुनुपर्छ ।
- च्याफ्टिङ गर्दा सुरक्षाका सबै उपाय अपनाउन कुनै कन्जुस्याइँ गर्नुहुँदैन । हेल्मेट, लाइफ ज्याकेट अनिवार्य लगाउने र कायाक समाउन छाड्नुहुँदैन ।
- आपत्कालीन अवस्थामा डराउनुहुँदैन । नदी सामान्य अवस्थामा भन्दा वर्षात्को समयमा स्वाभाविक रूपमा ठूलो हुन्छ । यस्तो वेला सुरक्षाका लागि धेरै रिभर गाइड खटिएका हुन्छन् । आपत् परेका वेला एक-अर्काको सहयोगी बन्नुपर्छ । मौसमबारे पूर्वजानकारी लिएर मात्र च्याफ्टिङ जाने मिति तय गर्नु राम्रो हुन्छ ।

सुत्नुअघि टाढै राख्नुस् मोबाइल

कतिपयको राति सुत्नुअघि ओछ्यानमै पल्टिएर मोबाइल चलाउने बानी हुन्छ, जुन गलत हो । मोबाइलको स्क्रिनबाट आउने ब्लु लाइटले मेलाटोनिन नामक हर्मोन उत्पादनमा असर पुऱ्याउँछ । निद्रा नियमित गर्ने यस हर्मोनको उत्पादनमा असर पर्दा निदाउन गाह्रो हुन्छ ।



सामाजिक सञ्जालमा विभिन्न खराब समाचार तथा टीकाटिप्पणी आइरहेका हुन्छन् । त्यस्ता विषयमा तपाईंको ध्यान केन्द्रित हुँदा निदाउन समस्या पर्छ । बेडरुममा जानुभन्दा कम्तीमा पनि एक घन्टाअघि तपाईंले मोबाइलको प्रयोग बन्द गर्नु राम्रो हुन्छ ।

अन्यथा, तपाईंको निद्रा बिग्रन सक्छ । निद्रा बिग्रँदा विभिन्न मानसिक तथा शारीरिक स्वास्थ्य समस्या देखिन्छन् । मुडमा असर गर्छ । स्मरणशक्ति कमजोर हुन्छ ।

लामो समय मोबाइल चलाइरहँदा आँखा थकित हुन्छ । निद्राको गुणस्तर राम्रो नहुँदा डार्क सर्कल देखा पर्न सक्छ । राम्रो निद्रा नपर्दा भोलिपल्ट पनि मानिस थकित हुन्छ । स्वस्थ रहन वयस्क मानिसले कम्तीमा ७-९ घन्टा निदाउन आवश्यक छ ।

कुन अवस्थामा गरिन्छ पिसाब जाँच ?





डा. अनिल शाह
युरोलोजिस्ट
नेपाल मेडिसिटी वयोधा अस्पताल

शरीरका विकार पिसाबमार्फत बाहिर निस्कने हुनाले विभिन्न रोगको पहिचानका लागि पिसाब जाँच अनिवार्य हुन्छ । पिसाब जाँचले मूत्र प्रणालीको अवस्थासहित अन्य धेरै मेडिकल र सर्जिकल अवस्थाबारे चिकित्सकलाई जानकारी दिने गर्छ ।

कारण

अनेकौं रोगका लागि पिसाबमार्फत अनेकौं जाँच गर्न सकिन्छ । साधारणतया बहिरंग र अन्तरंग विभागबाट पठाइने जाँच भनेको सामान्य पिसाब जाँच मात्र हो । सामान्यतया निम्न अवस्थामा पिसाब जाँच गर्ने गरिन्छ :

- पिसाब पोल्ने
- पिसाबमा रगत देखा पर्ने
- साबिकभन्दा छिटो पिसाब लाग्ने
- पिसाब निख्रिएर नआउने
- पिसाबको धारा मसिनो आउने
- अन्डकोष तथा तल्लो पेट दुख्ने
- कोखा दुख्ने र कामज्वरो आउने
- पिसाब चुहिने समस्या
- मूत्र प्रणाली तथा त्यसका वरपरका अंगसम्बन्धी कुनै शल्यक्रिया गर्नुपूर्व आदि ।

पिसाबमा के जाँच गरिन्छ ?

साधारणतया पिसाबको रङ, रूप, एसिडिटीको तह, सुगर र प्रोटिन हेरिन्छ भने माइक्रोस्कोपमा पिप, रगत, इपिथेलियम, कास्ट र क्रिस्टलका कणहरू हेरिन्छ । यसरी हेरिने एक-एक कुराको विभिन्न रोग निदान गर्न आ-आफ्नै महत्त्व हुन्छ । अन्य जाँचमध्ये पिसाबमा कल्चर, पिसाबमा क्यान्सरको कोष, विभिन्न किसिमका हर्मोनको जाँच, मूत्र प्रणालीको पत्थरीको विशेष जाँच इत्यादि हुन् ।

चिकित्सकले बिरामीको पिसाबबाट पिसाबको संक्रमण, मूत्र प्रणालीका केही रोग, मूत्र प्रणालीको क्यान्सर, मिर्गौलाको पत्थरीसम्बन्धी विभिन्न किसिमका अवस्थाबारे जानकारी लिने गर्दछन् ।

बर्गैंचामा समय बिताउँदा...

- बर्गैंचामा समय बिताउनुका धेरै मानसिक तथा शारीरिक फाइदा छन् । बिरुवा रोप्ने, गोड्ने, काटछाँट गर्ने, पानी हाल्नेलगायत कामले शारीरिक अभ्यास गराउँछ । यसकारण तौल नियन्त्रण गर्न सहयोग पुग्छ ।
- बिहानको कलिलो घामबाट प्राप्त हुने भिटामिन डी हड्डी मजबुत बनाउन र रोगप्रतिरोधी क्षमता बढाउन महत्त्वपूर्ण हुन्छ । तसर्थ, बर्गैंचामा बिहानको समय बिताउनु राम्रो हुन्छ ।
- खुला स्पेसमा स्वच्छ हावा लिन पाउँदा आनन्ददायी महसुस हुन्छ ।
- बर्गैंचामा समय बिताउँदा मानिसले कम तनाव महसुस गर्छन् । दैनिक तनाव, व्यस्तता र चिन्ताबाट केही समयका लागि भए पनि छुटकारा पाइन्छ ।
- बिरुवाको गोडमेल गरेर बर्गैंचालाई चिटिक्क राख्नु आफैंमा सिर्जनात्मक काम हो । प्रकृतिसँग समय बिताउँदा बेग्लै ऊर्जा प्राप्त हुन्छ । ती बिरुवा हुर्किएर फल लागेको देख्दा मन प्रफुल्लित हुन्छ । यसले सकारात्मक ऊर्जा र सोच विकास गर्छ ।
- आफ्नै बर्गैंचामा केमिकलको प्रयोगविना उत्पादन गरिएको फलफूल र तरकारी स्वस्थकर तथा ताजा हुन्छन् । यसले स्वास्थ्यलाई फाइदा गर्छ ।

सबैको लघुवित्त वित्तीय संस्था लि.

Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(Class "D" Microfinance Financial Institution Licensed by Nepal Rastra Bank)

Head Office :
Bandipur-1, Dumre, Tanahun
Phone: 065-580407/580427

Unaudited Financial Result (Quarterly)
As at the end of Fourth Quarter (2080/03/31) of the fiscal year 2079/080

Condensed Statement of Financial Position
As on Quarter Ended 31 Ashad 2080

Amount in NPR

Particular	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalent	175,854,751.01	313,257,008.36
Statutory Balances and Due from Nepal Rastra Bank	-	-
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loan & advances to customers	3,705,297,117.43	4,338,722,812.60
Investment Securities	-	-
Current Tax Assets	-	10,370,421.45
Investment Property	-	-
Property and Equipment	89,650,931.58	59,884,286.97
Goodwill and Intangible assets	570,585.51	910,720.00
Deferred tax assets	3,125,039.75	3,125,039.75
Other assets	44,748,572.26	30,946,466.53
Total Assets	**4,019,246,997.54**	**4,757,216,755.66**
Liabilities		
Due to Bank & Financial Institutions	2,303,198,847.34	2,939,854,993.34
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	1,200,642,260.39	1,314,232,819.17
Borrowing	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	104,011,035.04	95,831,964.62
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**3,607,852,142.77**	**4,349,919,777.13**
Equity		
Share Capital	318,600,000.00	270,000,000.00
Share Premium	-	-
Retained Earnings	13,717,102.71	55,860,706.22
Reserves	79,077,752.06	81,436,272.31
Total Equity	**411,394,854.77**	**407,296,978.53**
Total Liabilities & Equity	**4,019,246,997.54**	**4,757,216,755.66**

Condensed Statement of Profit or Loss
For the Quarter Ended 31 Ashad 2080

Amount in NPR

Particular	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter(YTD)	This Quarter	Upto This Quarter(YTD)
Interest Income	151,574,091.08	635,534,900.56	206,272,513.72	639,955,681.66
Interest Expense	-109,340,223.46	-438,152,794.20	-180,586,318.90	-342,419,462.28
Net Interest Income	**42,233,867.62**	**197,382,106.35**	**97,686,294.82**	**297,536,219.38**
Fees & Commission Income	813,310.22	2,033,487.32	1,839,956.49	56,421,574.61
Fees & Commission Expense	-1,515,000.00	-4,312,018.36	-3,524,850.00	-8,901,450.00
Net Fee & Commission Income	**-701,689.78**	**-2,278,531.04**	**-1,684,893.51**	**47,520,124.61**
Net Interest, Fee & Commission Income	**41,532,177.84**	**195,103,575.31**	**96,001,301.31**	**345,056,343.99**
Net Trading Income	-	-	-	-
Other Operating Income	7,529,575.63	44,631,111.25	-7,643,209.53	1,704,217.51
Total Operating Income	**49,061,753.47**	**239,734,686.56**	**75,378,315.82**	**256,378,000.00**
Impairment (Charge)/ reversal for loans & other losses	3,117,495.10	11,920,503.44	-21,898,602.07	(9,463,953.82
Net Operating Income	**52,179,248.57**	**251,655,190.00**	**66,459,489.71**	**337,296,607.68**
Personnel Expenses	-48,919,985.64	-163,367,298.58	-30,124,982.28	-168,958,664.89
Other Operating expenses	-27,796,280.90	-60,451,523.65	-20,697,408.37	-43,390,453.88
Depreciation & Amortization	-	-5,595,176.00	-	-16,295,186.14
Finance cost on lease liability	-	-	-	-3,928,633.46
Operating Profit	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**104,723,669.30**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**104,723,669.30**
Income Tax Expense	-	-	-	**-32,185,993.45**
Current tax	-	-	-	-32,098,942.31
Deferred tax	-	-	-	-87,051.14
Provision for staff bonus	-	-	-	
Profit for the period	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**72,537,675.85**
Condensed Statement Of Comprehensive Income				
Profit For the Period	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**72,537,675.85**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**72,537,675.85**
Basic Earning Per Share	-36.35	6.99	23.17	26.87
Diluted Earning Per Share	-36.35	6.99	23.17	26.87
Profit For the Period	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**72,537,675.85**
Total	**-24,537,017.97**	**22,241,191.77**	**15,637,099.06**	**72,537,675.85**

Ratios as per NRB Directive:

Particular	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter(YTD)	This Quarter	Upto This Quarter(YTD)
Capital Fund to RWA		10.47%		9.45%
Non-Performing Loan (NPL) to Toal Loan		4.48%		1.69%
Total loan Loss Provision to Total NPL		32.82%		49.82%
Cost of Funds		11.05%		8.73%
Credit to Deposit and Borrowing Ratio		313.22%		335.25%
Base Rate		15.96%		16.35%
Interest Rate Spread		3.92%		6.23%

Statement Of Distributable Profit or loss
For the Quarter Ended 31 Ashad 2080

Amount in NPR

Particular	NPR
Net Profit for the period end 4th Quarter	**22,241,191.77**
1. Approprations	
1.1 Profit required to be appropriated to:	
a. General Reserve	4,448,238.35
b. Capital redemption reserve	-
c. Foreign exchage fluctuation fund	-
d. Corporate Social Responsiability	222,411.92
e. Employee training fund	-
f. Client Protection fund	222,411.92
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	**17,348,129.58**
a. Transfer to Regulatory Reserve	-15,546,505.99
b. Transfer from Regulatory Reserve	-
Profit for the period end 4th Quarter available for distribution	**1,801,623.59**
Retained Earning Upto Previous Fiscal Year	**7,260,706.22**
Net Profit for the period end 4th Quarter available for distribution	**9,062,329.81**

Notes to interim Financial Statements:

1. The above figures are subject to change as per the direction of the Regulators and/or External Auditors.
2. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
3. Loan and advance to Customers are presented net amount of impairment allowances.
4. Loan and advance to Customers are loans to employees, which are measured at amortized costs.
5. Figures has been rearranged and regrouped wherever necessary.

ब्याजदर	
निक्षेपमा: वार्षिक ७.५० देखि १० प्रतिशत सम्म	कर्जामा: वार्षिक १० देखि १५ प्रतिशत सम्म

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व २०७९/२०८० को चौथो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:** यसै साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात प्रतिशत
६.९९	९४.९१ गुणा	रु.१३४.०७	रु.१,२६६.४८	१८.१२%

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** आ.व. २०७९/८० को यस त्रैमासिक अवधिमा वित्तीय क्षेत्रमा देखिएको तरलताको अभावले गर्दा संस्थाले लिएको लक्ष्य अनुसारको व्यवसाय विस्तार हुन सकेन । शाखाहरुमा अपेक्षाकृत कर्जा लगानी बृद्धि हुन नसकी प्रशासनिक खर्च केही बढेको र बैंक तथा वित्तीय संस्थाहरु संग लिइएको कर्जाको ब्याजदर क्रमशः बृद्धि हुँदै गएको कारण संस्थाको आम्दानीमा प्रत्यक्ष प्रभाव परेको छ । ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुंच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका ७ वटै प्रदेशहरुमा ४३ जिल्लामा बिभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालयहरु मार्फत ७६,५०० घरपरिवारमा गुणस्तरीय लघुवित्तीय कारोबार मार्फत सेवा दिदै आइरहेको छ । चालु आ.व. मा वित्तीय पहुँच कम पुगेका ग्रामिण क्षेत्रमा गुणात्मक रुपमा कार्यक्रम विस्तार गर्ने नीति रहेको छ ।

ग) **विगतको अनुभववाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** वित्तीय श्रोतको परनिर्भरता, अपर्याप्तता, विपन्न वर्ग कर्जामा उच्च ब्याजदर वृद्धि, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, लघुवित्त बिरोधी बिभिन्न संगठित अराजक तत्वहरु, एउटा संस्थाका कर्मचारी तथा ग्राहकहरु अर्को संस्थाले लाने प्रवृती बढेको आदि समस्याको कारण लक्ष्य अनुसार प्रगति हासिल गर्न चुनौती देखिएको छ । तर पनि उपरोक्त चुनौतीहरुको शुक्ष्म अध्ययन गरी संस्थाले नयां रणनीतिका साथ अगाडी बढ्ने नीति लिएको छ ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियम कानुनको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम् मुल्य	शेयरको न्युनतम् मुल्य	अन्तिम मुल्य	कारोबार भएको दिन	कारोबार संख्या
८११	५८०.००	७३०.००	६२	१,८६९

५. **समस्या तथा चुनौती :**

क) बिभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जामा प्राप्त हुने लगानी योग्य रकमको अप्रयाप्तता,
ख) बैंक तथा वित्तीय संस्थाहरुले कर्जामा लिने ब्याजदरमा अत्याधिक बृद्धि,
ग) लघुवित्त बिरोधी बिभिन्न संगठित अराजक तत्वहरुले गर्दा कर्जाको नियमित साँवा र ब्याज असुलीमा समस्या,
घ) लघुवित्त संस्थाहरुका ऋणी सदस्यहरुमा देखिएको कर्जाको दोहोरोपना,
ङ) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, दक्ष जनशक्तिको अभाव,
च) नीति निर्देशनको परिवर्तनका कारण कारोबारमा संकुचन,
छ) कर्मचारी माथि भौतिक कार्यवाही,
ज) अप्रत्यासित रुपमा आइपर्ने प्राकृतिक प्रतिकुल अवस्था ।

६. **संस्थागत सुशासन :**

क) वित्तीय संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवं संस्थागत सुशासनका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धिकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ ।

ख) नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनहरुको साथै प्रचलित ऐनहरु: कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन, २०६३, आयकर ऐन २०५८ लगायतका सम्बन्धित ऐन र कानूनको परिपालना गरिएको छ ।

ग) यस वित्तीय संस्थाले संस्था संचालनका लागि आवश्यक पर्ने बिभिन्न बिनियमावली, कार्यविधीहरु बनाई लागु गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाउन आन्तरिक लेखापरीक्षण बिभाग खडा गरी उक्त बिभागबाट दिइएका सुझावहरुलाई कार्यान्वयन गर्दै लगिएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

सुधार न्यायाधीश नियुक्तिबाटै देखियोस्

प्रधानन्यायाधीशलाई कामुमै झुलाएर कामुबाटै सर्वोच्च चलाउने परम्पराबाट स्वतन्त्र होइन, नियन्त्रित न्यायपालिका बन्न सक्छ



● बलराम केसी

अग्रलेख

न्यायपालिकाको प्रत्येक नेतृत्व परिवर्तनमा एउटा आस पलाउँछ। अहिले पुनः आस पलाएको छ। दामोदर शर्मा प्रधान न्यायाधीश बनेदेखि न्यायपालिका विवादित बन्न थाल्यो। 'जागिरे' लाइनबाट नआएको नेपाल बारको अध्यक्षसमेत भएकाले न्यायमूर्ति हरिकृष्ण कार्कीबाट फैसला र सुधार दुवैमा केही 'बोल्ड' होला भन्ने आशा थियो। फैसलाबारे 'नबोलौं'। सुधार उहाँबाट केही भएन। तर, बिगार्नु पनि भएन। प्रधानन्यायाधीश अवकाश हुन एक महिनाअघि नै अर्को प्रधानन्यायाधीशको संवैधानिक परिषद्ले नाम सिफारिस गर्नुपर्छ। तर, ढिलो सिफारिस गरेर लामो समय कामुमै झुलाई नियुक्त गर्ने परम्परा बसालियो। वर्तमान कामु प्रधानन्यायाधीशको पनि त्यही हालत हुने त हैन नि ?

न्यायिक नेतृत्व परिवर्तन यान्त्रिक र सरल छ। कम्तीमा तीन वर्ष सर्वोच्चमा कार्यरत वरिष्ठतम न्यायाधीश उमेम्दवार बन्न सक्छ। संवैधानिक पदमध्ये प्रधानन्यायाधीश नियुक्ति सबैभन्दा सरल छ। बाहिरबाट योग्य खोज्नुपर्दैन। भित्रैबाट वरिष्ठ नियुक्त हुने परम्परा बसिसक्यो। संविधानले प्रधानन्यायाधीशलाई 'प्रभावकारी न्याय प्रशासन' बनाउने काम सुम्पेको छ। सक्षम, स्वतन्त्र सर्वोच्च अदालत र प्रजातन्त्र एक-अर्काका पूरक हुन्। एउटाको कमजोरीमा अर्को नरहन सक्छ। प्रधानन्यायाधीशको पदमाथि राजनीति गरिन्छ। कामुमा झुलाएर निर्देशित र नियन्त्रित सर्वोच्च अदालत बनाउने चाहना देखिन्छ। प्रधानमन्त्रीको दोहोरो जिम्मेवारी छ। संवैधानिक परिषद्को अध्यक्षको नाताले १ महिनाअगावै सिफारिस गर्ने र प्रधानमन्त्रीको हैसियतले शासन व्यवस्था सञ्चालन गर्ने।


प्रधानन्यायाधीशलाई कामुमै झुलाएर कामुबाटै सर्वोच्च चलाउने परम्परा बनेपछि भद्रगोल त्यहींबाट सुरु भयो। संवैधानिक परिषद्का सदस्य पदेन भएकाले परिषद् स्थायी संस्था हो। नेपालमा पूर्ण प्रजातन्त्र भए पनि जसरी पनि प्रधानमन्त्री बन्नैपर्ने संस्कार विकास भएकाले शासन व्यवस्थामा ध्यान गएन। भनेको मान्ने न्यायाधीश र न्यायपालिका खोजियो। आफूलाई सरोकार पर्ने मुद्दामा हस्तक्षेप गरिन्छ। प्रधानन्यायाधीशलाई कामुमै 'पेन्डुलम' बनाएर 'कार्यपालिकाप्रति बफादार' बनाउन खोजिँदै छ। दुई प्रधानन्यायाधीश नहुने हो भने स्वतन्त्र होइन, नियन्त्रित न्यायपालिका बन्न सक्छ। न्यायपरिषद्ले गर्दा न्यायाधीश नियुक्तिमा सरकारको भूमिका र अधिकार रहेन। प्रधानन्यायाधीश नियुक्तिमा ढिलाइ गरेर न्यायाधीश नियुक्तिमा गुमाउनुपरेको अधिकार प्रधानन्यायाधीश नियुक्तिमा सौदाबाजी गरेर न्यायपालिकामाथि रजाइँ गर्ने प्रयत्न गरिन्छ। चोलेन्द्रशमशेर राणा प्रकरण उदाहरण हो।

पूर्वप्रधानन्यायाधीश कार्कीले गुमाएको अवसर : संवैधानिक परिषद् स्वतन्त्र होइन, कार्यपालिकाकै अंग हो। संविधान संशोधनबाट सुधार नगरुन्जेल यसैबाट काम चलाउनुपर्छ। न्यायमूर्ति हरिकृष्ण कार्की आफैं ढिलो सिफारिसको पीडित हो। ६ सदस्यीय संवैधानिक परिषद्मा प्रधानन्यायाधीशबाहेक राजनीतिक व्यक्ति रहन्छन्। अध्यक्ष नै प्रधानमन्त्री हुन्छन्। यसलाई सुधार्न सर्वोच्चको परमादेशबाट पाठ पढाउनु आवश्यक थियो। परमादेशबाट ट्याक्मा ल्याउन सकिन्थ्यो। सार्वजनिक पदाधिकारीले कानुनबमोजिम कर्तव्य पालना नगरेमा परमादेश जारी हुन्छ।

कार्कीले संवैधानिक परिषद्ले वेलैमा वरिष्ठतम न्यायाधीशलाई सिफारिस नगर्ने तथ्य 'सियोमोटो' जानकारीमा लिन सक्नुहुन्थ्यो। धारा २८४(३) कार्यान्वयनका लागि सात दिनको समय दिएर संवैधानिक परिषद् र सरकारलाई बोलाउन सक्नुहुन्थ्यो। नेपाल बार र सर्वोच्च बारबाट एमिकस क्युरी तथा महान्यायाधिवक्ता बोलाएर सुनुवाइ गर्न सक्नुहुन्थ्यो। आफैंले नेतृत्व गरेर संवैधानिक इजलासबाट अबउपरान्त उपधारा (३) अनुसार प्रधानन्यायाधीश अवकाश हुनु एक महिनाअगाडि नाम सिफारिस गरेर सुनुवाइका लागि पठाउनू, नपठाए अदालतको अवहेलना हुन्छ भनेर 'कन्टिन्युइङ मन्डामस' अर्थात् 'निरन्तरको परमादेश' जारी गर्न सक्नुहुन्थ्यो। यस्तो परमादेश हामीकहाँ प्रयोग भएन। भारतमा अवस्थाअनुसार प्रयोग हुन्छ। मौका गुम्यो। धारा १३३(२) को पिआइएल र न्यायिक सक्रियता यस्तै अवसरका लागि हो।

३० हजारभन्दा बढी मुद्दा सर्वोच्चमा विचाराधीन रहनु, तीनै तहका अदालतमा न्यायाधीश नियुक्ति नहुनु, आफ्नै प्रतिवेदन कार्यान्वयन नहुनु र 'पेन्डिङ' मुद्दा घटाउने चित्तबुझ्दो कार्ययोजना बनाउन नसक्नु कार्कीले न्याय प्रशासन प्रभावकारी बनाउन नसक्नु हो। सुधारको सुरुवात गर्न सकिन्थ्यो, तर भएन। सुधारिएको न्याय प्रशासन हस्तान्तरित हुनु संविधानको अपेक्षा हो। ढिलो सिफारिस र ढिलो नियुक्तिको लाभ अवकाश हुने प्रधानन्यायाधीशले लिन खोज्छन्। न्यायपालिकाको सुधारमा कामु र स्थायी भन्ने हुँदैन। सुधारका दृष्टिले उहाँको कार्यकाल खेर गयो, सुधार भएन।

समाधान दिइएन : संविधानले प्रधानन्यायाधीशलाई न्याय प्रशासन प्रभावकारी बनाउने अभिभारा तोक्यो। लगभग आठवर्षे कार्यकालमा कामुसमेत करिब १० महिना नेतृत्वको जिम्मा पाउनुभयो। आठ वर्षको अवधि प्रभावकारी न्यायप्रशासन बनाउन कहाँ, के, कस्तो, कसरी सुधार गर्नुपर्छ अनुभव गर्न पर्याप्त समय हो। अनुभव लागू गर्ने हैसियतमा पुग्नुभयो। सुधारको योजना पेस गर्ने ठाउँ संसदीय सुनुवाइ हो। प्रधानन्यायाधीश समस्याको एक-एक समाधान दृढतासाथ देखाउने र सुधारका सुझाब दिने पद हो। समस्या र सुझाबलाई उहाँले 'पान्डोराज बक्स' सम्झेर होला, मौन रहनुभयो। उहाँले सुधारको



नाम लिएमध्ये न्यायपरिषद् एक हो। तर, कसरी सुधार्ने, बोल्नुभएन। न्यायाधीशलाई करोडौं पर्ने पजेरो, प्राडो चढाएर, सेनाबाट सुरक्षा दिएर, पाँचतारे होटलको जस्तो सुविधा सम्पन्न सरकारी बंगलामा बसाएर र तलब पर्याप्त दिएर पनि न्यायप्रशासन प्रभावकारी बन्दैन। यी 'कस्मेटिक' विषय हुन्। 'वास्तविक सुधार' र प्रभावकारी न्यायप्रशासन भनेको अनुभवी, इमानदार, अध्ययनशील, क्षमतावान्, ख्यातिप्राप्त विशिष्ट कानुनविद न्यायाधीशमा नियुक्ति हुनु हो। यसका लागि न्याय परिषद्को बनोटमा सुधार आवश्यक होला। तर, काम त आजकै संविधानको न्यायपरिषद्बाट चलाउनुपर्छ।

> न्यायपालिकाको विश्वास गुम्दै गएको अवस्थामा सुधार भनेको इमानदार र योग्य न्यायाधीशबाट भरिएको अदालतबाटै हुने हो। तीनै तहका अदालतमा योग्य र इमानदार व्यक्तिलाई न्यायाधीश नियुक्त गर्नुपर्छ, सुधार स्वतः सुरु हुन्छ।

पञ्चायतकालमा सर्वोच्च अदालत आजको जस्तो 'कस्मेटिक सुविधा सम्पन्न' थिएन। तर, न्याय प्रशासन प्रभावकारी थियो। पञ्चायतकालमा न्यायपरिषद् थिएन। राजाले न्यायाधीश नियुक्त गर्थे। तर, आज न्यायपरिषद् र नियुक्ति दुवै विवादित छन्। न्यायपालिकाको विश्वास गुम्दै गएको छ। सुधार भनेको इमानदार र योग्य न्यायाधीशबाट भरिएको अदालत नै हो। तीनै तहका अदालतमा योग्य र इमनदार व्यक्तिलाई न्यायाधीश नियुक्त गर्नुपर्छ। सुधार स्वतः सुरु हुन्छ। यसको मतलब हाल इमानदार र योग्य न्यायाधीश छैनन् भनेको होइन। गएका सात वर्षमा विवादित व्यक्तिलाई राजनीतिक भागबन्डाका आधारमा नियुक्त गरेर थप विवादित बनाइयो भनिएको हो। अब इमानदार र योग्यलाई मात्र नियुक्त गर्नुपऱ्यो। पूर्वप्रधानन्यायाधीशले न्यायपरिषद्को संरचनामा परिवर्तन जरुरी भएको संकेत गर्नुभयो। तर, के कस्तो भन्नुभएन। न्यायपरिषद्मा सुधार भनेको संविधान संशोधन हो। संशोधनमा न्यायपालिकाको हात हुँदैन। न्यायपरिषद् 'नेसेसरी इभिल' हो। संशोधन नहुन्जेल यसैबाट काम लिनुपर्छ।

नेतृत्व दृढ 'एसर्टिभ' भएर न्यायपरिषद्को 'निर्णय प्रक्रिया'को व्याख्या गरी यही संरचनाबाट काम लिनुपर्छ। संविधानको व्याख्या गर्ने प्रधानन्यायाधीश नेतृत्वको संवैधानिक इजलासले हो। कार्कीले कामु सम्हालेपछि प्रधानमन्त्रीको प्रतिनिधि, नेपाल बारको प्रतिनिधि र कानुनमन्त्रीबाट हुन सक्ने राजनीतिक हस्तक्षेप रोक्न जसरी कोरोनाका कारण लकडाउन हुँदा मुद्दामा गुज्रेको हदम्याद थाम्न १९ सदस्यीय इजलास बसेर हदम्याद व्याख्या गरेर समाधान दिइयो, त्यस्तै न्यायाधीश नियुक्तिको पनि धारा १३६ अनुसार न्यायपरिषद्मा अल्पमत बहुमत होइन, पाँच सदस्यबीच सहमत हुन नसकेमा अध्यक्ष र वरिष्ठतम सदस्यको रायबमोजिम हुने न्यायिक व्याख्या हुन सक्थ्यो। कोरोनाकालको हदम्यादसम्बन्धी आदेशमा १९ सदस्यीय इजलासमा कसैको रिट निवेदन थिएन। एकपक्षीय थियो। न्यायपरिषद् भनेको 'न्यायाधीशले न्यायाधीश नियुक्त गर्ने' व्यवस्था भएकाले कसैको निवेदन नपरे पनि व्याख्या गर्न सकिन्थ्यो।

अबका प्रधानन्यायाधीशबाट अपेक्षा : ०४७ को संविधानको न्यायपरिषद्मा प्रधानन्यायाधीश र दुई वरिष्ठतम न्यायाधीशको बहुमतको 'हयाङओभर' छाड्नुपर्छ। खारेज भएको संविधानको व्यवस्था खोजेर हुँदैन। भइरहेको संविधानको व्यवस्थालाई 'उद्देश्यमूलक व्याख्या' गरेर समाधान खोज्नुपर्छ। अबको न्यायपरिषद्को अध्यक्षले 'एसर्टिभ' र 'उद्देश्यमूलक' व्याख्याबाट काम लिनुपर्छ। धारा १३६ ले गर्दा न्यायपरिषद्मा प्रधानन्यायाधीशको महत्त्वपूर्ण, प्रभावकारी र 'डोमिनेन्ट' भूमिका हुने भन्ने संवैधानिक व्यवस्थाअनुसार न्यायाधीश नियुक्तिमा 'डोमिनेन्ट भूमिका' खेल्न सक्नुपर्छ।

अन्तरिम संविधानले न्यायपरिषद्को संरचनामा एकजना न्यायाधीश भिकेर प्रधानमन्त्रीको प्रतिनिधि थप्यो। तर, जस्तो प्रधानमन्त्री उस्तै प्रतिनिधि हुने नै भयो। प्रधानमन्त्री कस्तो हुनुपर्छ, थाहा पाउन बेलायतको १९५१-५५ का प्रधानमन्त्री 'विन्सटन चर्चिल' थाहा पाउन जरुरी छ। चर्चिलले न्यायाधीशको तलब बढाउन संसद्मा विधेयक पेस गर्दा भन्नुभयो- 'न्यायाधीशमा उच्चस्तरको गुण हुन्छ, इमानदार हुन्छन्, तालिम प्राप्त हुन्छन्, उत्कृष्ट चरित्रका हुन्छन्। सदा न्यायप्रति समर्पित हुन्छन्। न्यायाधीशको कामलाई (बेलायती मुद्रा) पाउन्डसँग दाँज्नु हुँदैन' भनेर उहाँले तलब ह्वात्तै बढाउनुभयो। त्यतिवेला दोस्रो विश्वयुद्धले गर्दा बेलायतको अर्थतन्त्र कमजोर थियो। (हेर्नुहोस् हन्सार्डको पार्लियामेन्टरी डिबेट, मार्च २३, १९५४ खण्ड ५२५)। हाम्रा प्रधानमन्त्री हेर्रौं। एक पूर्वप्रधानमन्त्रीले 'संसद् विघटनमा मैले मिलाइसकेको छु, सदर हुन्छ, तपाईंहरू पनि सरकारमा आउनुहोस्' भने। (हेर्नुहोस् सेटोपाटी मंसिर १४ २०७८)। प्रधानन्यायाधीश 'डोमिनेन्ट' नहुने हो भने न्यायाधीश नियुक्तिमा सुधार आउँदैन। सुधार आएन भने 'प्रभावकारी न्याय प्रशासन' हुन सक्दैन।

प्रभावकारी न्याय प्रशासन भनेको राम्रा न्यायाधीश नियुक्त गरेर त्यस्ता न्यायाधीशबाट हुने विवादमुक्त फैसला हो। त्यस्ता न्यायाधीशबाट भएको फैसलाको शंका र विरोध गरिँदैन। नयाँ प्रधानन्यायाधीशले भन्नुपर्छ, धारा १३६ को प्रभावकारी न्यायप्रशासन बनाउने मेरो कर्तव्य, अधिकार र जिम्माभित्र मैले काम लिनुपर्ने न्यायाधीश कस्तो हुनुपर्छ, आधार र कारणसहित पारदर्शी ढंगबाट रोज्ने र नियुक्त गर्ने अधिकार मेरो हो। धारा १५३ लाई धारा १३६ सँग मिलाएर व्याख्या गर्दा 'संविधानले मलाई यो अधिकार दिन्छ' भन्ने न्यायिक आँट गर्नुपर्छ। 'प्रभावकारी न्याय प्रशासन' त्यसवेला हुन्छ, जब छिटो, छरितो, सुलभ न्याय स्वतन्त्र, स्वच्छ र निष्पक्ष न्यायाधीशबाट प्रवाह हुन्छ। त्यसका लागि त्यस्तै गुणसम्पन्न न्यायाधीश परिषद्ले नियुक्त गर्न सक्नुपर्छ। न्यायपरिषद्मा अल्पमत र बहुमत गर्ने हो भने सुधार आउँदैन। १९९३ को १३ सदस्यीय भारतको सर्वोच्च अदालतको ६ सदस्यीय कलेजियममा 'अल्पमत र बहुमत' गरिँदैन प्रधानन्यायाधीशको 'डोमिनेन्ट' भूमिका हुन्छ।

कामु सम्हालिरहनुभएको वर्तमान वरिष्ठतम न्यायमूर्ति 'करियर जज' हुनुहुन्छ। उहाँ कहिल्यै विवादित बन्नुभएन। ०७२ यता छानीछानी भविष्यमा प्रधानन्यायाधीश हुने व्यक्ति भागबन्डामा नियुक्त गरिएको पनि देखिरहनुभएको छ। न्याय सेवाभित्रका सक्षमलाई पाखा पारिएको पनि देखिरहनुभएको छ। कारबाही गर्नुपर्ने मानिसलाई न्यायाधीश बनाइएको पनि देखिरहनुभएको छ। त्यसपछिको अर्को मध्यरातको अपूरो परिषद्बाट निवासबाटै इतिहासकै विवादित भागबन्डामा ८० जनाको नियुक्ति पनि देखिरहनुभएको छ। यी घटनाले गर्दा अब संविधान संशोधन हुँदा संविधानमा 'पुनः नियुक्ति'को प्रावधान नराख्ने हो भने केही वर्षपछि न्यायपालिकामा संकट आउने स्पष्ट छ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **गोपीनाथ मैनाली**लाई



जग्गाको कित्ताकाट खुला गर्ने सरकारको निर्णयलाई कसरी हेर्नुभएको छ ?

जग्गाको कित्ताकाट खुला गर्ने या बन्द गर्ने भन्ने विषयमा भूउपयोग ऐनका आधारमा निर्णय गर्नु उपयुक्त हुन्छ। ऐनले जग्गाको 'क्याटेगोराइज' गरेको छ। कित्ताकाट खुला गर्दै गर्दा जग्गाको अधिकतम उपयोगमा बाधा पनि नपुगोस् र बेथिति पनि मौलाउन नपाओस् भन्नेमा ध्यान पुऱ्याउन सक्नुपर्छ। खासगरी, कित्ताकाट रोकिँदा पारिवारिक अंशबन्डालगायत भोगचलनमा समस्या सिर्जना भइरहेको हुन्छ। यस्तोमा कित्ताकाट खुल्नु ठिकै हो। तर, कित्ताकाट रोक्नु हुँदैन भन्दै गर्दा यसलाई बेलगाम छाड्नु पनि हुँदैन।

विगतमा किन बन्द गरियो र अहिले किन खुलाइयो ?

नयाँ संविधान कार्यान्वयनको चरणमा पहिलो चुनावको मुखमा यसलाई बन्द गरिएको थियो। त्यसरी हठात् बन्द गरिनु हुँदैनथ्यो। रियल स्टेट व्यवसायीहरूको हित हेरेर कित्ताकाट बन्द गर्ने या खुलाउने निर्णय गरिनु हुँदैन। जनताको आवश्यकतालाई ध्यानमा राखेर निर्णय गरिनुपर्छ।

सरकारको यस निर्णयको प्रभाव कस्तो पर्ला ?

यस निर्णयले रियल स्टेट बजारमा पक्कै प्रभाव पार्छ। भूउपयोग ऐन, नियम र नीतिअनुसार व्यवस्थित नगरी कित्ताकाट खोल्नु हुँदैनथ्यो। यो क्षेत्र अझै व्यवस्थित भइसकेको छैन। सरकारले यसमा प्रभावकारी अनुगमन गर्नुपर्छ। राजस्व छल्ने उद्देश्यले यहाँ जग्गाको 'फेक' मूल्य निर्धारण गरिन्छ। यसले फेक व्यवसायलाई प्रोत्साहन गर्न सक्छ।

प्रेरक प्रसंग

सफल हुने समय

पढाइमा जतिसुकै मिहिनेत गरे पनि परीक्षामा चार्ल्सको नतिजा कहिल्यै राम्रो आउँदैनथ्यो। उनको कमजोर नतिजा देख्दा साथीहरूले उनको खुब खिल्ली उडाउँथे। शिक्षकहरू पनि उनको उपहास गर्न पछि पर्दैनथे। पढाइका अतिरिक्त उनको गल्फ खेलमा रुचि थियो। तर, उनी कहिल्यै खेल जित्न सक्दैनथे। उनी एक हरूवा खेलाडीका रूपमा चिनिन्थे।



एकपटक कलेजबाट निस्कने कुनै पत्रिकाका लागि कथा, कविता, निबन्ध, कार्टुन आदि आवश्यक परेको सूचना प्रकाशित भयो। उनले पनि सकी-नसकी कार्टुन बनाए। उनको कार्टुनलाई कसैले मन नपराए पनि उनको मनमा अब म यही काम गर्न सक्छु भन्ने सोच भने पलायो। त्यसपछि उनले विभिन्न कार्टुन बनाएर कार्टुन बनाउने कम्पनीमा पठाए। सुरुसुरुमा ती कम्पनीले चार्ल्सका कार्टुनमा धेरथोर चासो देखाए। तर, बिस्तारै तिनले चार्ल्सका कार्टुन अस्वीकृत गरिदिए। उनी यहाँ पनि असफल भए। तैपनि, उनले हार स्विकारेनन्। कुनै एक कम्पनीले मौका नदिउन्जेल उनी कार्टुन बनाई नै रहे। उनले एक यस्तो कार्टुन बनाए, जसको नाम थियो- चार्ल्स ब्राउन। यस कार्टुनको विशेषता यो थियो कि उसले एक आममानिसले झैं पटक-पटक कोसिस गर्थ्यो, तर पटक-पटक नै असफल हुन्थ्यो। जजसले यो कार्टुन हेरे, तिनलाई यसले आफ्नै कथाव्यथा बोकेझैं लाग्न थाल्यो। परिणामतः उनी यसै कार्टुनबाट चर्चित बने। उनको पूरा नाम थियो, चार्ल्स सुल्ज। केही पछि उनको आफ्नै कमिक सिरिज सुरु भयो। जसको नाम थियो- पिनट्स।

जिन्दगीमा हामी सबै सफल हुन सक्छौं। तर, हामी सबैलाई सफल हुन समय लाग्छ। कोही केही पहिल्यै र थोरै परिश्रममै सफल हुन्छन् भने कसैले बढी नै परिश्रम गर्नुपर्छ र लामो समयसम्म धैर्यपूर्वक प्रतीक्षा गर्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कहाँ पुग्यो शरणार्थी प्रकरण ?

एक समय नक्कली शरणार्थी बनाएर नेपाली नागरिकलाई अमेरिका पठाउने खेलमा नेपालका उपल्लो तहका नेतासमेत लागेको समाचार निकै चर्चामा रह्यो। साथै, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वमन्त्री टोपबहादुर रायमाझीलगायत नेता यही प्रकरणमा संलग्न देखिएको हुनाले अहिले पुर्पक्षका लागि थुनामा पनि छन्। तर, त्यस प्रकरणको अनुसन्धान र अभियोजनले अझै पूर्णता पाइसकेको छैन। यस प्रकरणमा अझै पनि खुल्न बाँकी पाटा धेरै नै छन्। यसमा थप उपल्लो तहको राजनीतिक नेतृत्वको संलग्नताको चर्चा पनि हुँदै आएको छ। त्यसैले यस प्रकरणको थप अनुसन्धान छिटो अघि बढोस्। राजनीतिक दबाबमा ढिलासुस्ती नगरियोस्।

● **मुक्ता विक**, ठूलोभञ्ज्याङ, काठमाडौं

न्यायालयलाई दोष नदेऊ

सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्रीद्वय माधव नेपाल र डा. बाबुराम भट्टराईमाथि पनि ललितानिवास जग्गा प्रकरणमा छानबिन गर्न सक्ने भनी आदेश दिएपछि दलहरूबीच रोइलो सुरु भएको छ। अदालतको आदेशले भविष्यमा मन्त्रिपरिषद्ले महत्त्वपूर्ण निर्णय लिन नसक्ने अवस्था सिर्जना भएको दाबी दलका शीर्ष नेतृत्वले गरिरहेको देख्दा न्यायालयमाथि हिलो छ्याप्न खोजिएको हो कि जस्तो देखिँदै छ। आखिर मन्त्रिपरिषद्बाट यस्ता जघन्य प्रकृतिका आपराधिक विषयमा समेत नीतिगत निर्णय लिइन्छ भने के त्यसलाई पनि अदालतले सदर गरिदिनुपर्ने हो ?

● **अनिता चेमजोङ**
ठिमी, भक्तपुर

संसद्को अवरोध छिटो खुलाऊ

यतिखेर लगातार लामो समयदेखि संघीय संसद् अवरुद्ध छ। प्रमुख प्रतिपक्ष एमाले सुन प्रकरणबारे उच्चस्तरीय छानबिन समिति नबनेसम्म कुनै हालतमा संसद् चल्न नदिने दाबी गरिरहेको छ। उता सत्तापक्ष भने सिआइबीले अनुसन्धान गरिरहेको हुनाले यसमा हतारो गर्न नहुने बताइरहेको छ। यसरी सत्तापक्ष र प्रतिपक्षले अनावश्यक जुहारी खेलिरहने हो भने कसरी संसद् अघि बढ्ला र त्यसले जनजीविकाका विषयमा कसरी बहस गरी निर्णय लिने ? के संसद्लाई यसैगरी अनिर्णयको बन्दी बनाइरहने नै हो त ?

● **गोपाल पन्त**
मन्डिखाटार, काठमाडौं

अपराधकर्मको बचाउ नगर

राजनीतिक दलहरूको धर्म र पुँजी के हो ? आमजनतालाई आशाको किरण देखाउनु दलहरूको धर्म हो भने उनीहरूबाट यो देश र जनताको उत्थान हुन्छ भनेर विश्वासमा परी ती पार्टीको सदस्य बन्नेहरू दलका पुँजी हुन्। तर, विगत केही वर्षदेखि पुराना दल आपनो धर्म र पुँजी दुवै जोगाउनबाट चुकिरहेका छन्। जसले गर्दा पुराना दलहरूको छवी मात्र ध्वस्त भइरहेको छैन, अपितु उनीहरूको भोट बैंक पनि नराम्रोसँग रित्तिँदै गइरहेको छ।

यसको प्रमाण खोज्न धेरै टाढा जानै पर्दैन। गएको उपचुनावको परिणाम हेर्दा पनि पुराना दलप्रतिको विश्वास नराम्रोसँग धूलीसात् भएको देखिन्छ। कांग्रेस, एमाले र माओवादीको समानुपातिक मत लाखौंले घटेको छ। ३२ प्रतिशत रहेको कांग्रेस एमालेको समानुपातिक मत आज २५-२५ प्रतिशतमा ओर्लेको छ। किन त ? यसको मुख्य कारण के हो ? किन पुराना र स्थापित दलप्रति आमजनताको मोह भंग भइरहेको छ ? किन उनीहरूप्रतिको विश्वास दिन-प्रतिदिन गुमिरहेको छ ? यसको कारण र निवारण वेलैमा निर्मम भएर दलहरूले नखोज्ने हो भने आउने आमचुनावमा पुराना दलको अस्तित्व संकटमा पर्ने निश्चित छ। तर, पुराना दलका पुराना नेतामा त्यो चेत आउन सकेको छैन।

जसले गर्दा अझै पनि उनीहरू भ्रष्टाचार सुशासनको पक्षमा भन्दा अपराधकर्मको बचाउमा, दण्डहीनताको पक्षमा लागिरहेका छन्। जुन आमजनताको भावनाविपरीत छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

देश / विदेश

चीनलाई घुक्र्याउँदै आफ्नै घरमा बेवास्ता गर्दै छ अमेरिकी

घरेलु विपत्तिजनक घटना र अन्य राष्ट्रसँगको 'प्रतिस्पर्धा'मा संलग्न हुँदाको अमेरिकी स्रोत विनियोजनमा आकाश-जमिनको अन्तर देखिन्छ

हवाईको माउटापुमा एक सातादेखि लागेको भीषण डढेलोपछि मृत्यु हुनेको संख्या बढिरहेको छ। मंगलबार दिउँसोसम्म करिब ९९ जनाले ज्यान गुमाएका छन् र एक हजारभन्दा बढी बेपत्ता छन्। यस घटनालाई अमेरिकी सञ्चारमाध्यमले शताब्दीकै सबैभन्दा घातक डढेलो बताएका छन्। प्रभावित क्षेत्रको संकटपूर्ण अवस्थाले अमेरिकी जनतामाझ मनोवैज्ञानिक झट्का लागेको देखिन्छ। विभिन्न रिपोर्टअनुसार स्थानीय बासिन्दाले 'सबथोक गुमाएका' छन् र केहीलाई 'धुवाँ र आगोबाट बच्न प्रशान्त महासागरमा डुबुल्की मार्न'समेत बाध्य पारेको छ। चेतावनीमा असफलता, अपर्याप्त प्रकोप राहत प्रयास र हवाईमा तैनाथ अमेरिकी सेनाको निष्क्रियताले 'चर्को क्रोध' निम्त्याएको छ।

यति ठूलो संख्यामा हताहती हुनु कुनै पनि राष्ट्रमा ठूलो प्रकोप मानिन्छ र यो ग्रहको सबैभन्दा विकसित मुलुकमा यस्तो प्रकोप देखापर्दा प्रभाव थप स्तब्धकारी हुन्छ। अमेरिका डढेलो र तुफानजस्ता प्राकृतिक प्रकोपका लागि संवेदनशील मानिन्छ। यद्यपि यी आपत्काल व्यवस्थापन गर्ने मामिलामा उसको असंगत प्रतिक्रिया अचम्मलाग्दो छ। अमेरिकाले लगातार आफूलाई 'विश्व नेता'का रूपमा प्रस्तुत गर्दै आएको छ र विश्वव्यापी सुरक्षा चुनौतीलाई द्रुत रूपमा सम्बोधन गर्ने आफ्नो क्षमतालाई भने जोड दिन्छ। विदेशमा आठ सयभन्दा बढी सैन्य अड्डाको सञ्जाल भएको अमेरिकाले विश्वभर विमान वाहकको प्रयोग गरेर आफ्ना सैन्य प्रभाव प्रदर्शन गर्छ। तथापि आफ्नै सिमानाभित्र आन्तरिक विपत् वा सार्वजनिक सुरक्षासम्बद्ध घटनाको सामना गर्दा भने उसको प्रतिक्रिया सुस्त हुन्छ र परिस्थिति व्यवस्थापन गर्ने क्षमता कमजोर देखिन्छ।

उसो त अमेरिकाबाहिर रहे पनि अमेरिकाको सबैभन्दा महत्त्वपूर्ण सैन्य अड्डामध्येको एक हवाईमै पर्छ। यसले अमेरिका इन्डो-प्यासिफिक कमान्डको मुख्यालयका रूपमा काम गर्छ, जसले पृथ्वीको सतह क्षेत्रको ५० प्रतिशतभन्दा बढीमा आफ्नो अधिकार रहेको जनाउँछ। विडम्बना, यो हकदाबीका बाबजुद अमेरिकाले यो कमान्डवरपर हुने विपत्तिलाई सम्बोधन गर्न सकेको छैन। स्थानीय नेसनल गार्ड, संघीय आपत्कालीन व्यवस्थापन एजेन्सी (फेमा), राज्य सरकार वा स्थानीय अधिकारीबाट भएको बेवास्ताले क्रुद्ध भएका छन् र प्रारम्भिक राहत कार्यमा स्थानीय बासिन्दाकै पहलकदमी देखियो। एक अमेरिकी अनलाइन प्रयोगकर्ताको व्यंग्यात्मक टिप्पणीले आक्रोशको भावनालाई समेटेको छ- 'हाम्रा युद्धपोतले साउथ चाइना सीमा चीनलाई उक्साउन सक्छन्, तिनले अलास्कामा समेत चीनलाई पछ्याउँछन्, तर यी युद्धपोत अमेरिकीलाई मद्दत गर्न हवाईमा आउन सक्दैनन्।' यसले अमेरिकी निर्णयको प्राथमिकता झल्काउँछ।



तस्बिरः भिसिजी

अमेरिकाको आफ्नै घरेलु विपत्तिजनक घटनाका लागि सुस्त र उदासीन प्रतिक्रिया अन्य राष्ट्रसँग 'प्रतिस्पर्धा'मा संलग्न हुँदाको स्रोत विनियोजनमा आकाश-जमिनको अन्तर छ। यस्ता धेरै घटना हाम्रो स्मृतिमा जीवन्त छन्। उदाहरणका लागि सन् २००५ को 'क्याट्रिना' आँधीले एक हजार आठ सय ३६ को ज्यान लिएको थियो। त्यसैगरी इस्ट प्यालेस्टाइनमा घातक वस्तु बोकेको एक रेल पटरीबाट खसेको थियो। सन् २०२१ मा फ्लोरिडामा एउटा भवनको पतन हुँदा ९८ जनाको मृत्यु भएको थियो र त्यहाँको उद्धार प्रयास सुस्त देखिन्थ्यो। भवन भत्केको वेलाको उद्धारलाई 'पुरातात्विक-शैलीको उद्धार' भन्दै उपहास गरिएको थियो। एक इन्टरनेट प्रयोगकर्ताले अमेरिकामा हलिउड फिल्ममा देखाइने अमेरिकी शैलीको उद्धार' स्पष्ट रूपमा देखिँदैन, अर्थात् अमेरिकी उद्धारमा नायक वा उन्नत प्राविधिक उपकरणको अभाव देखिन्छ भन्दै टिप्पणी गरेका थिए। यो विश्लेषण हवाईमा चलिरहेको डढेलोमा पनि लागू हुन्छ।


हवाईमा डढेलो लागिरहेका वेला वासिंटनको ध्यान केले खिचेको थियो ? चीनविरुद्ध लगानी प्रतिबन्ध लागू गर्ने, जापान र दक्षिण कोरियालाई समावेश गर्ने क्याम्प डेभिड शिखर सम्मेलनको तयारी र युक्रेनका लागि २० करोड डलरको नयाँ सैन्य सहायता प्याकेज खुलासा गर्ने विषयमा केन्द्रित थियो।

यसैबीच हवाईमा संघीय आपत्कालीन व्यवस्थापन एजेन्सी (फेमा) को सहायता क्षतिग्रस्त प्रतिघरका लागि सात सय डलरमा मात्रै सीमित थियो। डढेलोबारे बहस पार्टीगत राजनीतिक आरोप-प्रत्यारोपमा सीमित थियो। अमेरिकी मिडिया जसले सामान्यतया आफूले 'निरीक्षण'को महत्त्वबारे बखान गरेर थाक्दैन, त्यसले यस प्रकोपलाई सामान्य भनेर पन्छाएको छ।

अमेरिकाले सक्रिय रूपमा अन्तर्राष्ट्रिय सम्बन्धमा प्रभुत्व जमाउँछ, तैपनि यसको आन्तरिक प्रणाली पुरानै देखिन्छ, जहाँ राष्ट्रिय सुरक्षाको आधारमा नागरिक सुरक्षाको प्राथमिकता देखिँदैन। वास्तवमा आफ्नै जनताले सामना गर्ने गम्भीर जोखिमलाई बेवास्ता गर्दै अमेरिकाले कथित 'बाह्यविरोधी' विरुद्धको व्यर्थ प्रयासमा पर्याप्त स्रोत खर्च गर्छ। मुलुकले राष्ट्रिय सुरक्षाका सन्दर्भमा प्राथमिकता दिँदै सैन्य शक्ति र सैन्य क्षेत्रसँग सम्बन्धित प्रविधिमा आफ्ना स्रोत निर्देशित गर्छ। यसैबीच अमेरिकाले घरेलु पूर्वाधार विकास, विपत् न्यूनीकरण र जनताको हितमा प्

इतिहासमा आज

अगस्ट १७



सन् १९४७ : भारत स्वतन्त्र भएको दुई दिनपछि (पाकिस्तान स्वतन्त्र भएको तीन दिनपछि) दुई देशलाई विभाजन गर्ने 'रेडक्लिफ लाइन' सार्वजनिक भयो । यस कामका लागि त्यसअघि पेरिसपूर्व कहिल्यै पाइला नटेकेका ब्रिटिस वकिल सिरिल रेडक्लिफ ८ जुलाई १९४७ मा भारत ओर्लिएका थिए । भारतका तत्कालीन ब्रिटिस भाइसराय माउन्टबेटनका सहपाठी रेडक्लिफले अगस्ट ९ मा विभाजन रेखासहितको नक्सा सरकारसामु पेस गरेका थिए । जुन औपचारिक रूपमा आजकै दिन घोषणा गरिएको थियो ।

सन् १९४५ : जर्ज अरवेलको चर्चित व्यंग्य उपन्यास 'एनिफम फार्म' प्रकाशित ।

सन् १९८८ : पाकिस्तानी राष्ट्रपति जिया-उल-हक हवाईजहाज दुर्घटनामा मारिए । केहीले उक्त दुर्घटना नियोजित भएको आशंका जताउँदै आएका छन् ।

सन् १९९८ : अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले उनको कार्यालयमा इन्टर्नसिप गरिरहेकी मोनिका लेविन्स्कीसँग 'अनुचित शारीरिक सम्बन्ध' बनाएको स्वीकार गरे ।

सन् १९९९ : टर्कीको इजमितनजिक आएको ७.४ म्याग्निच्युडको भूकम्पले १७ हजार मानिसको ज्यान लियो भने ४५ हजारलाई घाइते बनायो ।

सन् २००५ : इजरायलले एकतर्फी रूपमा गाजापट्टी र पश्चिम किनाराको उत्तरी क्षेत्रमा बसोवास गर्ने इजरायली नागरिकलाई बाहिर निकाल्ने अभियान सुरु गऱ्यो ।

विश्व संक्षेप

भारतले 'सोलार मिसन' स्याटेलाइट प्रक्षेपण गर्ने

नयाँदिल्ली / भारतीय अन्तरिक्ष अनुसन्धान संगठन(इसरो)ले यसै महिना पहिलो सोलार मिसन 'आदित्य-एल-१' स्याटेलाइट प्रक्षेपण गर्ने भएको छ । बुधबार सरकारी प्रसारक अल इन्डिया रेडियो (एआइआर)ले यसको जानकारी दिएको हो । 'सूर्यको अध्ययन गर्ने यो पहिलो अन्तरिक्षमा आधारित भारतीय अभियान हुनेछ । उक्त भूउपग्रहले सातवटा उपकरण बोक्नेछ, जसले सौर्य वायुमण्डल, सौर्य चुम्बकीय आँधी र पृथ्वीवरपरको वातावरणमा त्यसको प्रभावको अध्ययन गर्नेछ । पृथ्वीबाट करिब १५ लाख किलोमिटरको दूरीमा रहेको सूर्य र पृथ्वीको 'लाग्रान्ज प्वाइन्ट-१ - एल १)'को चारैतिर 'हलो कक्ष'मा पुग्न अन्तरिक्षयानलाई झन्डै १० ९ दिन लाग्नेछ । उता भारतको चन्द्रयान-३ अगस्टको ५ तारिखमा चन्द्रमाको कक्षमा पुगिसकेको छ । चन्द्रयानलाई अगस्ट २३ मा चन्द्रमाको सतहमा अवतरण गराउने भारतीय वैज्ञानिकको तयारी छ । चार वर्षअघि भारतले पठाएको चन्द्रयान-२ चन्द्र धरातलमा अवतरण गर्ने क्रममा दुर्घटना भएको थियो । पछि त्यसलाई थप परिष्कृत गर्दै भारतले चन्द्रयान-३ बनाएको हो ।

पश्चिमको निराशाजनक आर्थिक प्रक्षेपण 'गलत साबित हुने' चीनको विश्वास

बेइजिङ / चीनले बुधबार आफ्नो आर्थिक पुनः उत्थान 'उथलपुथलपूर्ण र कष्टकर' भएको भए पनि पश्चिमा आलोचकले भनेजस्तो चिरस्थायी नहुने बताएको छ । आफ्नो आर्थिक पुनरोत्थानबारे अत्यन्त निराशाजनक पश्चिमी प्रक्षेपणबारे 'निश्चित रूपमा गलत साबित हुने' चीनले विश्वास व्यक्त गरेको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले केहीअघि चीनको बढ्दो आर्थिक समस्यालाई ईंगित गर्दै चीन अहिले 'टाइम बम' विस्फोटअघिको स्थितिमा रहेको टिप्पणी गरेका थिए । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा उनको देशको आर्थिक पुनरोत्थानबारे प्रतिक्रिया दिएका छन् । 'महामारी रोकथाम र नियन्त्रणको प्रयासपछि चीनको आर्थिक पुनः उत्थान एक कष्टकर प्रक्रियाबाट गुज्रिरहेको छ, यसले अनिवार्य रूपमा कठिनाइ र समस्या निम्त्याएको छ । तर, पश्चिमी राजनीतिज्ञ र सञ्चारमाध्यमले अहिलेको कठिनाइलाई आवधिक समस्याको प्रचार गरेका छन् । तर, अन्तिममा ती गलत साबित हुनेछन्,' प्रवक्ता वेनबिनले भने । चीनको राष्ट्रिय तथ्यांक विभागले मंगलबार जारी तथ्यांकअनुसार उपभोगको एक प्रमुख मापक खुद्रा बिक्री जुनमा ३.१ प्रतिशतले घटेको छ भने जुलाईमा २.५ प्रतिशतले वृद्धि भएको छ । जुन अपेक्षा गरिएभन्दा कम हो । पछिल्लो स्थिति न्यून उपभोगले निम्त्याएको विश्लेषण गर्दै चीन सरकारले घरेलु खपत बढाउने नीति अघि सारेका छन् । स्टेट काउन्सिलले गत महिना सवारीसाधन, पर्यटन र घरेलु उपकरणजस्ता क्षेत्रमा अधिक खर्च गर्न प्रोत्साहित गर्न बीससूत्रीय योजना जारी गरेको थियो ।

हवाई डढेलोमा ज्यान गुमाउनेको संख्या एक सयभन्दा बढी

वासिंटन डिसी / हवाई टापुको माउई जंगलमा लागेको डढेलो बस्तीतर्फ फैलिँदा लागेको भीषण आगजनीमा मर्नेको संख्या १०६ पुगेको छ । हवाईका गभर्नर जोस ग्रिनले मृतकको संख्या दोब्बर वा तेब्बरले बढ्न सक्ने बताएका छन् । अघिल्लो मंगलबार वनबाट सल्केको डढेलोले लहाइनाका हजारौँ घरमा क्षति पुऱ्याउँदा एक सय वर्षयताकै भयावह अवस्था सिर्जना भयो । विपत्तिको चेतावनी दिने 'इमर्जेन्सी साइरन' नबज्दा जनधनको व्यापक क्षति भएको जनसाधारण क्रुद्ध भएका छन् ।

हरेक दिन १० देखि २० जनाको डढेको शरीर फेला पर्दै छन्, जसले गर्दा मृतकको संख्या दुई सयभन्दा बढी हुन सक्ने अनुमान गरिएको खोजमा संलग्न एक अधिकारीले बताए । आगोले खरानी नपारेका भग्नावशेषमा मृतकको खोजी जारी छ । बाह्र हजार बासिन्दा बस्ने लहाइनामा आगोले सखाप नपारेको कुनै स्थान छैन । सबैतिर अग्निको विनाश नै विनाश मात्र देखिन्छ । अधिकारीहरूले दुई हजार दुई सयभन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको बताएका छन् । दशकौँमा हुने यस्तो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए । त्यसपछि आपत्कालको सूचना दिन सहरबजारमा साइरन जडान गर्न थालियो, तर यसपटक वनबाट फैलिएको आगोले माउईलाई जलाउँदा ती साइरन बजेनन् । एक टेलिभिजनलाई दिएको अन्तर्वार्तामा राज्यका गभर्नर जोस ग्रिनले मृतकको संख्या दोब्बरले बढ्न सक्ने बताए । ग्रिनले खोजी तथा सरसफाइ पूरा गर्न कम्तीमा १० दिन लाग्ने बताए ।

कोलम्बियाको हिंसा वृद्धिप्रति संयुक्त राष्ट्रसंघ चिन्तित

बोगोता / संयुक्त राष्ट्रसंघले कोलम्बियामा नाटकीय ढंगले हिंसात्मक घटना बढेको बताउँदै त्यसको निन्दा गरेको छ । कोलम्बियामा यो वर्षको पहिलो ६ महिनामा ५० भन्दा बढी हिंसाका घटना भएका छन् । सरकार र सशस्त्र समूहबीचको युद्धविरामका बाबजुद हिंसाको दर अघिल्लो वर्षको तुलना ११ प्रतिशतले बढेको राष्ट्रसंघले जनाएको छ । मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तका प्रतिनिधि जुलिएट डे रिवेरोले बढ्दो हिंसाप्रति दुःख व्यक्त गरेकी छन् । राजधानी बोगोतामा मानवीय अवस्थासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै उनले सुरक्षाबलमाथि भएका अन्धाधुन्ध आक्रमण, गैरराज्य र सशस्त्र समूह तथा आपराधिक संगठनका हिंसाका घटनाले सबैलाई चिन्तित तुल्याएको बताइन् । गत वर्षको अन्त्यमा राष्ट्रपति गुस्ताभो पेट्रोले देशका पाँच प्रमुख सशस्त्र समूहसँग द्विपक्षीय युद्धविरामको घोषणा गरेका थिए । तर, युद्धविरामको पूर्ण पालना नहुँदा हत्याको दर बढेको छ । बितेका ६ महिनामा हिंसाका घटनामा १९ जना बालबालिकाका साथै एक सय ६८ जना मारिएका छन् ।

लिबियामा द्विपक्षीय झडप, सत्ताइसजनाको मृत्यु

त्रिपोली / लिबियाको राजधानी त्रिपोलीमा दुई प्रमुख सशस्त्र समूहबीच झडप हुँदा २७ जनाको मृत्यु भएको छ । त्रिपोलीस्थित आपत्कालीन चिकित्सा केन्द्रका अनुसार झडपमा परी एक सयभन्दा बढी घाइते भएका छन् । सन् २०११ देशका शासक कर्णेल मौमर गद्दाफी अपदस्थ भएदेखि लिबियामा विभिन्न समूह सत्ताकब्जा गर्न शक्तिसंघर्ष गरिरहेका छन् । सोमबार रातिदेखि प्रभावशाली ४४४ ब्रिगेड र अल-रदाबीच झडप सुरु भएको थियो । दुई पक्षबीचको द्वन्द्व अझै जारी रहेको प्रत्यक्षदर्शीले बताएका छन् । झडपमा ज्यान गुमाउने दुवै समूहका कार्यकर्ता हुन् वा तीमध्ये केही सर्वसाधारण नागरिक पनि थिए भन्नेबारेमा स्पष्ट भएको छैन । मृतक एवं घाइतेको अवस्था पनि केन्द्रले खुलाएको छैन । त्रिपोलीलाई आधार बनाएर मानवीय सहयोगका काम गरिरहेको रेडक्रिसेन्ट सोसाइटीले अवस्था स्पष्ट नभइसकेको बताएको छ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिको विवरण

United Modi Hydropower Ltd.

Kamaladi, Kathmandu, Nepal

Balance Sheet as on Ashadh 31, 2080 (Unaudited)

'NPR '000

Particulars	As of Ashadh end, 2080	As of Chaitra end, 2079	As of Ashadh end, 2079 (Audited)
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	1,433,329	1,445,898	1,501,273
Other Fixed Assets	4,070	6,724	7,820
Deferred Tax	-	5	5
Investments	680,000	680,000	680,000
Total Non-Current Assets	2,117,399	2,132,626	2,189,097
Current Assets:			
Deposits	3,012	3,164	3,164
Other Loans & Advances	23,827	23,827	23,827
Sundry Debtors	85,161	92,103	129,211
Cash & Bank Balance	10,314	2,008	3,303
Prepaid Expenses	4,726	342	5,673
Total Current Assets	127,040	121,445	165,178
Total Assets	**2,244,439**	**2,254,071**	**2,354,275**
Equity			
Share Capital	1,230,500	1,150,000	1,150,000
Reserve and Surplus	38,064	101,927	91,594
Total Equity	1,268,564	1,251,927	1,241,594
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	902,091	868,572	984,177
Deferred Tax Liabilities	5,420	-	-
Total Non-Current Liabilities	907,511	868,572	984,177
Current Liabilities:			
Trade and Other Payables	23,099	14,822	32,119
Overdraft Loan	29,502	86,275	76,673
Dividend Payable	15,573	17,478	17,478
Provisions	190	14,997	2,233
Total Current Liabilities	68,364	133,572	128,504
Total Liabilities	975,875	1,002,144	1,112,681
Total Equity and Liabilities	**2,244,439**	**2,254,071**	**2,354,275**

Profit & Loss Accounts for the period ended Ashadh 31, 2080 (Unaudited)

Particulars	4th Quarter FY 2079/80	3rd Quarter FY 2079/80	4th Quarter FY 2078/79
Revenue from Operations	294,821	222,920	253,960
Less: Direct Expenses	(14,810)	(12,706)	(15,075)
Gross Profit	280,011	210,214	238,885
Other Income	14,580	2,363	37,956
Staff Costs	(25,196)	(23,866)	(23,491)
Other Operating Costs	(36,849)	(27,066)	(61,065)
Financial Costs	(122,403)	(91,120)	(98,610)
Depreciation	(69,405)	(56,471)	(75,598)
Provision for Staff Bonus	(815)	(281)	(362)
Net Profit before Tax	39,923	13,772	17,716
Provision for Income Tax	(3,292)	(3,443)	(2,270)
Prior Period Tax	-	-	(905)
Deferred Tax	(5,425)	-	5
Net Profit	**31,207**	**10,329**	**14,546**

Note: The figures are regrouped and rearranged where necessary
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Aothority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड को आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिको विवरण

१. **वित्तिय विवरण**

क) त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ र आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०८०/०४/३२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिने छ ।

ख) प्रमुख वित्तिय अनुपातहरू:

प्रति शेयर आम्दानी (रु.) (EPS)	शेयरको बजार मूल्य (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर कुल सम्पतिको मूल्य (रु.)	तरलता अनुपात
२।५४	२१३।००	१०३।०९	१८२।०२	१।८६

२. **व्यवस्थापकीय विश्लेषण**

यस आयोजनापुर्ण रुपमा प्राकृतिक श्रोतमा निर्भर हुने हुदाँ यस त्रैमासमा आवश्यकता अनुसारको बहाब उपलब्ध भए अनुसार विद्युत उत्पादन भएको छ । त्यसैगरि, खोलामा पानीको वहाव लगायत बिभिन्न प्राकृतिक तथा वातावरणीय पक्षमा यस आयोजनाको उत्पादन तथा आम्दानी निर्भर हुने भएकाले सोको प्रभाव यस त्रैमासिकको वित्तिय अवस्थामा पनि देखिन्छ ।

अधिल्लो बर्षका तुलनामा उल्लिखीत पक्षहरू सकारात्मक हुदाँ कम्पनीको आम्दानी तथा मुनाफामा बृद्धि भएको छ । मोदी खोलामा पानीको प्रवाह सन्तोषजनक रहेमा आगामी दिनहरूमा आयोजनाबाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी बिवरण**

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**

यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिवरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	कारोवार रकम
२५७।००	२०५।००	२१३।००	६२	१,९३३,८५७	४४६,१२१,५४८।७०

५. **समस्या तथा चुनौती**

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. **संस्थागत सुशासन**

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका शेयरधनीहरूलाई लाभांश वितरण सम्बन्धी जरूरी सूचना

कम्पनीका बिगतका साधारणसभाबाट पारित लाभांश यदि कुनै शेयरधनीमहानुभावले नलिनुभएको भए यथाशीघ्र कम्पनीको शेयर रजिष्ट्रार सिटिजन क्यापिटल लि., बाटुलेधर, डिल्लिबजार काठमाडौं, फोन नं. ०१-४४१८६६७/४४१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौंसाथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला । अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

MJS Makar jitumaya Suri Hydropower

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८

Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

Unaudited Financial Reports (Quarterly)

As on 4th Quarter of Fiscal Year 2079/80

Statement of Financial Position

IN NPR

Particulars	Quarter Ending Ashad 2080 (Unaudited)	Previous Quarter Ending Chaitra 2079(Unaudited)	"Corresponding Previous Quarter Ending Ashad 2079 (Audited)"
Assets			
Non-Current Assets			
Property, plant and equipment	4,364,428	4,638,009	5,458,750
Intangible assets	1,225,094,975	1,235,738,705	1,267,669,897
Intangible Assets (Held under construction)	1,013,198,975	832,648,073	560,603,910
Total Non-Current Assets	**2,242,658,378**	**2,073,024,787**	**1,833,732,556**
Current Assets			
Cash and cash equivalents	36,903,518	43,274,377	9,528,254
Other Financial Assets	53,717,845	36,649,185	35,936,921
Other Assets	191,073,432	271,752,827	50,952,827
Total Current Assets	**281,694,795**	**351,676,389**	**96,418,002**
Total Assets	**2,524,353,173**	**2,424,701,176**	**1,930,150,558**
Equity and Liabilities			
Equity			
Equity share capital	**760,000,000**	**626,269,800**	**532,000,000**
Retained Earnings	(44,771,806)	(25,073,136)	(38,800,685)
Total Equity	**715,228,194**	**601,196,664**	**493,199,315**
Liabilities			
Non-Current Liabilities			
Long Term Borrowing	1,704,446,194	1,478,295,132	1,248,705,294
Total Non-Current Liabilities	**1,704,446,194**	**1,478,295,132**	**1,248,705,294**
Current Liabilities			
Short Term Borrowing	70,000,000	286,389,744	-
Trade Payables	2,686,678	3,942,516	127,762,043
Other Current Liabilities	31,992,107	54,877,120	60,483,906
Total Current Liabilities	**104,678,785**	**345,209,380**	**188,245,949**
Total Liabilities	**1,809,124,979**	**1,823,504,513**	**1,436,951,243**
Total Equity and Liabilities	**2,524,353,173**	**2,424,701,176**	**1,930,150,558**

Statement of Profit or Loss

Particulars	Quarter Ending Ashad 2080 (Unaudited)	Previous Quarter Ending Chaitra 2079(Unaudited)	"Corresponding Previous Quarter Ending Ashad 2079 (Audited)"
Revenue from sale of Electricity	164,208,595	138,886,556	25,121,102
Revenue from service concession agreement	452,595,065	272,044,163	795,559,315
Cost of sales	461,898,022	278,445,058	797,511,469
Gross Profit	**154,905,638**	**132,485,662**	**23,168,948**
Depreciation & Amortization	43,669,243	32,751,932	11,886,621
Other Income	5,124	3,452	10,000
Employee Benefits Costs	4,990,636	3,784,565	4,934,737
Administrative and Other Operating Expenses	3,175,428	2,146,478	5,778,827
Profit from operation	**103,075,455**	**93,806,139**	**578,763**
Other Income	-	-	-
Finance Income	-	-	14,492
Finance Costs	109,046,576	80,078,589	20,811,348
Profit Before tax	**(5,971,121)**	**13,727,549**	**(20,218,093)**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**(5,971,121)**	**13,727,549**	**(20,218,093)**
Other Comprehensive Income			
Other Comprehensive Income not to be reclassified to profit or loss in subsequent periods	-	-	-
i. Re-measurement (losses)/ Gains on post Employment Defined Benefit Plans	-	-	-
ii. Equity instruments through Other Comprehensive Income	-	-	-
iii. Tax Relating items that will not be classified to profit or loss	-	-	-
Other comprehensive gain/ (loss) for the year, net of tax	-	-	-
"Total comprehensive gain/ (loss) for the year, net of tax"	**(5,971,121)**	**13,727,549**	**(20,218,093)**

Fourth Quarter Disclosure as of 31st Ashad 2080 (16th July 2023) as per Securities Registration and Issuance Regulation Annexure 14

(Related to Sub-regulation 1 of Regulation 26)

1. Financial Statements
   a) The financial statements for the fourth quarter have been published as a part of this report. There have been no transactions with the related party.
   b) Key Financial Ratios at the end of the quarter:

ii. Major Financial Ratios

Particulars	Quarter Ending Ashad 2080 (Unaudited)	Previous Quarter Ending Chaitra 2079(Unaudited)	"Corresponding Previous Quarter Ending Ashad 2079"
Earnings Per Share (EPS)	(0.7857)	2.1920	(3.8004)
Current Ratio	2.6910	1.0187	0.5122
Return on Assets (ROA)	(0.0024)	0.0057	(0.0105)
Networth Per Share	94.1090	95.9964	92.7066

2. **Management Analysis**
   a) **Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:**
   Revenue from the Sale of Electricity has increased by approx. 5 times as compared to the corresponding previous year's quarter ending. The increased in revenue is due to the operation of the project for the whole year. The administrative and operation expense of this quarter includes the expenses incurred in carrying the administrative works of the company for the Suri Khola Project. At the same time the administrative expenses incurred for the Upper Suri Khola Hydroelectric project has been capitalized as intangible assets under development.
   b) **The statement of management analysis on the upcoming business plan:**
   The company management is persistently working on improving internal control system and risk management practices.
   c) **The analytical statement of the possible effect on company's profitability, stock and cash flow based on the past experience:**
   The Company has maintained steady progress on profitability and there has been no such other incident during the period which might have negative impact on the profit or cash flow of the company.

3 **Statement relating to Legal Action:**
   a) **Case filed by or against the Company during the quarter, if any:** None
   b) **Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any:** None
   c) **Case filed against the Promoter or Director on financial crime, if any:** None

4. **Analysis of the share transaction of the company**
   a) During the fourth quarter, MAKAR shares traded actively for a day till the end of Ashad 2080 as its shares were listed in NEPSE on 21th of Baishak 2080 and began trading on 25th Baishak 2080.
   b) **The highlights of the share transactions during the quarter are as follows:**

Maximum Price (NRP)	Minimum Price (NRP)	Closing Price (NRP)	Transaction Days
351	230	290	46

5. **Problems and Challenges**

a) **Internal**
- Retention and optimization of skilled human resource.
- Maintaining operational efficiency
- Fund management

b) **External**
- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in development of hydroelectric projects
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.
- Inadequate existing transmission line

c) **Strategies**
- Implementation of HR optimization plan
- Lobbying with government authorities for investment friendly environment.
- Identification of different financial instruments along with risk assessment.
- Development of various internal policies and procedures

6. **Corporate Governance**
The Board of Directors are committed to upholding good corporate governance practice in the company through implementation of policies and guidelines for proper functioning of the company. Various committees and sub-committee that are to be formed in compliance with Companies act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Security Exchange Board of Nepal are in the process of formation.

7. **Declaration of Chief Executive Officer on Truth, Tactfulness**
I, the Chief Executive Officer/Chief Finance Officer of this Company, take responsibility for accuracy of the information and details mentioned in this report. I also declare that the information and details mentioned in this report are complete, true, based on facts and the information, details necessary for making informed decision by the investors are not concealed.

नेपाल टेलिकमको नाफा घट्यो

काठमाडौं/ नेपाल टेलिकम कम्पनीको नाफा खुम्चिएको छ। कम्पनीको तथ्यांकअनुसार गत आव ०७९/८० मा कम्पनीले ७ अर्ब ८० करोड मुनाफा आर्जन गरेको छ। यो रकम अघिल्लो आवको तुलनामा ७.८६ प्रतिशतले कमी हो। अघिल्लो आवमा भने कम्पनीले ८ अर्ब ४७ करोड रुपैयाँ मुनाफा आर्जन गरेको थियो। कम्पनीको नाफा घटे पनि आय भने बढेको तथ्यांकमा उल्लेख छ। गत आवमा कम्पनीले ४४ अर्ब ८६ करोड रुपैयाँ आर्जन गर्न सफल भएको छ। अघिल्लो आवको सोही अवधिमा भने कम्पनीले ४४ अर्ब ३७ करोड रुपैयाँ आर्जन गरेको थियो। अघिल्लो आवको तुलनामा गत आवमा कम्पनीको आय ४९ करोड ३६ लाख रुपैयाँले बढेको हो। त्यस्तै, गत आवमा कम्पनीको सञ्चालन आय ३६ अर्ब ८० करोड रुपैयाँ भएको छ। यो रकम अघिल्लो आवको तुलनामा २.९४ प्रतिशतले कमी हो। गत आवमा बैंकको ब्याजदरमा भएको परिवर्तनका कारण वित्तीय आम्दानी १ अर्ब ८५ करोड रुपैयाँले वृद्धि भएको कम्पनीले जनाएको छ।

भारतबाट आयात रोकेपछि नेपाली फूलले भाउ पायो

इन्द्रबहादुर थापा/नयाँ पत्रिका

काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका वडा नम्बर ७ लास्टकोटका जनार्जन गौतमले फूलखेती गरेको १० वर्ष भयो। तर, यस वर्ष मात्र उनले लगाएको फूलले भाउ पायो। फूलको प्रतिमाला १० देखि १५ रुपैयाँ पाउँदै आएकोमा यस वर्ष उनले ४५ देखि ६० रुपैयाँ पाएका हुन्। उनी भन्छन्, 'मैले फूलखेती गरेको १० वर्ष भयो, यसपालिचाहिँ अहिलेसम्मकै राम्रो भाउ पाएँ।' गौतमले चार रोपनी जग्गामा फूलखेती गर्दै आएका छन्। चार रोपनी जग्गामा दुई रोपनी आफ्नै हो भने दुई रोपनी जग्गा भाडामा लिएर खेती गर्दै आएका हुन्। उनले दुई रोपनी जग्गाको वार्षिक २५ हजार भाडा तिर्छन्। फूलखेतीबाट राम्रै आम्दानी हुने गरेको उनको भनाइ छ।



गौतमको परिवारमा ६ जना छन्। तर, गौतमदम्पती मात्र फूल र तरकारी खेतीमा व्यस्त हुन्छन्। 'हाम्रो ६ जनाको परिवार छ। सबै आ-आफ्नो काममा लाग्छन्। हामी दम्पतीचाहिँ फूलखेतीमा लाग्छौं।' उनले भने, 'परेको वेलामा परिवार सबै मिलेर गछौं र सकिएन भने खेताला पनि लगाउँछौं।' गौतम परिवारले तीनवटा टनेलमा सयपत्री फूल लगाएका छन्। सयपत्री फूल स्थानीयलाई पनि बेच्छन्। यसका साथै भकुन्डे, बनेपा र काठमाडौंसम्म लगेर बेच्छन्। बजारको समस्या नभएको गौतम बताउँछन्। पुष्प व्यवसायी संघ काभ्रेका सदस्यसमेत रहेका गौतमले फूलखेतीबाटै वार्षिक दुई लाख रुपैयाँभन्दा बढी भित्र्याउँछन्। 'फूलखेती गरेदेखि अहिलेसम्म घाटा व्यहोर्नुपरेको छैन।' उनले भने, 'वार्षिक कम्तीमा दुई लाख आम्दानी हुन्छ। त्यो भनेको सबै खर्च कटाएर हो।' भारतीय फूल रोकेमा नेपाली फूलले भाउ पाउने उनको अनुभव छ। भारतीय फूल रोके पनि नेपाली फूलले बजार धान्ने उनको भनाइ छ। भारतीय फूल सधैंका लागि रोक्नुपर्ने उनले बताए।

स्थानीय सरकारले विभिन्न खेतीबारे तालिमको व्यवस्था गरे सही तरिकाले खेती गर्न सक्ने उनको भनाइ छ। 'स्थानीय सरकारले हामीजस्ता किसानलाई कुन खेती कसरी गर्ने भन्ने ज्ञान दिए हुन्थ्यो,' गौतमले भने, 'रोशी गाउँपालिकासँग यही आशा छ।' भारतीय फूल आयातमा रोक लगाएपछि नेपाली फूलले मूल्य पाएको पुष्प व्यवसायी संघ काभ्रेका उपाध्यक्ष भेषराज दनुवारले बताए। तीन वर्षअगाडिदेखि फूल आयातमा रोक लगाए पनि भन्सारका कर्मचारीले अतिरिक्त लाभ लिएर फूल आयात खुकुलो पारेको दनुवारले आरोप लगाए। 'भन्सारमा फूल आयातमा रोक लगाएका छौं। तर, भन्सारका कर्मचारीले अतिरिक्त लाभ लिएर तरकारी भनेर पठाउने गरेको सुनेको छु,' उपाध्यक्ष दनुवारले भने, 'यदि त्यस्तो हो भने पनि तुरुन्तै रोक्नुपर्छ।'

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गार्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गार्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराज, प्रा.फ.र.नं. ७७९८/२०७७/०८/१२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ७ स्थित **अजन्ता मेडिसीन सेन्टर** **प्रोप्राईटर तथा जमानतकर्ता : संजीव कुमार साह**	१) सुव लाल साह हलुवाइको नाति, रामेश्वर साहको छोरा, सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ मा बस्ने संजीव कुमार साहको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, खोकसर प्रवाहा गा.वि.स. वडा नं. ७/ख (हाल शम्भुनाथ न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-१-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) मोहन साहको नाति, सुव लाल साह हलुवाईको छोरा, सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स वडा नं. ४ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ मा बस्ने रामेश्वर साह हलुवाईको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, सखुवा कचनदाहा गा.वि.स. वडा नं. ८ ग (हाल शम्भुनाथ न.पा. वडा नं. ४) स्थित कित्ता नं. ९० को क्षेत्रफल ०-१-५$^{९/८}$ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) शंकर प्रसाद साहकी छोरी, रामेश्वर साहकी बुहारी, संजीव कुमार साहकी पत्नी, सप्तरी जिल्ला, राजविराज न.पा वडा नं. १ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ मा बस्ने सुनिता कुमारी साहको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ६ (हाल राजविराज न.पा. वडा नं. ७) स्थित कित्ता नं. २०८८ र २०५६ को क्षेत्रफल क्रमशः ०-०-१-० र ०-०-१७.२५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) अजन्ता मेडिसीन सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) संजीव कुमार साह स्थायी ठेगाना : सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बाबु : रामेश्वर साह बाजे : सुव लाल साह हलुवाई	**२) कपलेश्वरी देवी साह हलुवाई** स्थायी ठेगाना: सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बाबु : शिवु साह ससुरा : सुव लाल साह हलुवाई पति : रामेश्वर साह
	३) सुनिता कुमारी साह स्थायी ठेगाना: सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १ हालको ठेगाना:सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बाबु: शंकर प्रसाद साह ससुरा: रामेश्वर साह पति: संजीव कुमार साह	**४) रामेश्वर साह** स्थायी ठेगाना : सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स. वडा नं. ४ हालको ठेगाना:सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बाबु : सुव लाल साह हलुवाई बाजे : मोहन साह
२)	**ऋणीको विवरण** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४६५०६/०७७/०७८ अन्तर्गत मिति २०७७/०७/१२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ स्थित **फुलपाती निर्माण एण्ड सप्लायर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता : किरण कुमारी यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ बाबु : चन्देश्वर राय यादव ससुरा : अच्छे लाल राय पति : प्रमोद प्रसाद यादव	**धितोको विवरण** १) दशै राय यादवको नाति, सुरुज राय यादवको छोरा, रौतहट जिल्ला, विश्रामपुर गा.प. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ बस्ने अच्छेलाल रायको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, डुमरीया मटियोन गा.वि.स. वडा नं. २ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १०९६ को क्षेत्रफल ०-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) फुलपाती निर्माण एण्ड सप्लायर्स प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) अच्छेलाल राय स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.प. वडा नं. ४ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ बाबु : सुरुज राय बाजे : दशै राय यादव	**२) प्रमोद प्रसाद यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ बाबु : अच्छेलाल राय बाजे : सुरुज राय
	३) फुलपाती देवी स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.प. वडा नं. ४ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ बाबु : भोला राय यादव ससुरा : सुरुज राय पति : अच्छेलाल राय यादव	**४) सुवोध यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ बाबु : अच्छे लाल राय बाजे : सुरुज राय
३)	**ऋणीको विवरण** १) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, भैरहवा रुपन्देहीमा प्रा.फ.र.नं. २८८३२/०६९/०७० अन्तर्गत मिति २०६९/०८/३० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, मधुवनी गा.वि.स. वडा नं. ८ स्थित **बुद्ध इलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स** **प्रोप्राईटर तथा जमानीकर्ता : द्वारिका तेली**	**२) द्वारिका तेली** स्थायी ठेगाना : रुपन्देही जिल्ला, मैनहिया गा.वि.स. वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, सिचारी गा.पा. वडा नं. २ बाबु : प्रभुदिन तेली बाजे : राम धनी तेली
	धितोको विवरण १) राम धनी तेलीको नाती, प्रभुदिन तेलीको छोरा, रुपन्देही जिल्ला, मैनहिया गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिचारी गा.पा. वडा नं. २ बस्ने द्वारिका तेलीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधुवनी गा.वि.स. वडा नं. ८ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. १२८८ र १३१५ को क्षेत्रफल क्रमशः ०-०-४-० र ०-०-१.७५-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल : KIA SONET HTE | च्यासिस नं. : MZBFA812LLN023308 | इन्जिन नं.: G4LFLV039157 सवारी दर्ता नं.: प्रदेश-०३-०१-०२४ च ३७६१ ३) बुद्ध इलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण	
	१) द्वारिका तेली स्थायी ठेगाना : रुपन्देही जिल्ला, मैनहिया गा.वि.स. वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, सिचारी गा.पा. वडा नं. २ बाबु : प्रभुदिन तेली बाजे : राम धनी तेली	**२) सम्पाती तेली** स्थायी ठेगाना : रुपन्देही जिल्ला, मैनहिया गा.वि.स. वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, सिचारी गा.पा. वडा नं. २ बाबु : मुरली तेली ससुरा : राम धनी तेली पति : प्रभुदिन तेली	**३) दुर्गा तेली** ठेगाना : रुपन्देही जिल्ला, सिचारी गा.पा. वडा नं. २ बाबु : रामाश्रे तेली ससुरा : प्रभुदिन् तेली पति : द्वारिका तेली

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०४/३२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गार्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रक्रिया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : जोरपाटी, काठमाण्डौं

ऋणीको विवरण
शेष बहादुर गिरीको नाति, अर्जुन बहादुर गिरीको छोरा, काठमाडौं जिल्ला, साबिक बालुवा गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **गोवर्धन गिरी (ना.प्र.प.नं.: २०, काठमाण्डौं)**

व्यक्तिगत जमानतकर्ताको विवरण
कृष्ण प्रसाद वनको नातिनी, शंकर प्रसाद वनको छोरी, काठमाडौं जिल्ला, गोकर्णेश्वर गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **नविना गिरी (ना.प्र.प.नं.: २७-०१-७४-१४९३१, काठमाण्डौं)**

शाखा कार्यालय : पोखरा, कास्की

ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०५/०५ मा दर्ता नं. ८५७८४/०६८/०६९ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न. पा. वडा नं. ११, थापाथली स्थित **धन्टिक इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताको विवरण
चन्द्र राज पन्तको नाति, हरि बाबु पन्तको छोरा, गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **अनुप बाबु पन्त (ना.प्र.प.नं. ४४-०१-७४-०३५८८, गोरखा)**

शाखा कार्यालय : इटहरी, सुनसरी

१. ऋणीको विवरण
हाजी समसुल हकको नाति, परबेज अस्तरको छोरा, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **शादाब अस्तर (ना.प्र.प.नं.: २८४२५, मोरङ्ग)**

व्यक्तिगत जमानतकर्ताको विवरण
परबेज अस्तरको बुहारी, शादाब अस्तरको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **नाहिद अस्तर (ना.प्र.प.नं.: ०५-०१-७५-०३२९४, मोरङ्ग)**

२. ऋणीको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०६६/०३/३० मा प्रा.फ.र.नं. २२५६७/०६५/०६६ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, इन्द्रपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित **कार्की सुन चाँदी पसल** **प्रोप्राइटर: रमेश कार्की**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. नर बहादुर कार्कीको नाती, फणिन्द्र राज कार्कीको छोरा, झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **रमेश कार्की (ना.प्र.प.नं. १४३९८, झापा)**
२. नर बहादुर कार्कीको नाती, फणिन्द्र राज कार्कीको छोरा, झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **दिनेश कार्की (ना.प्र.प.नं. १४८३४, झापा)**
३. नर बहादुर कार्कीको बुहारी, फणिन्द्र राज कार्कीको पत्नी, झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **घनमाया कार्की (ना.प्र.प.नं. ३४१५१२५६२, झापा)**
४. फणिन्द्र राज कार्कीको बुहारी, दिनेश कार्कीको पत्नी, झापा जिल्ला, महारानीझोडा गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सोना दंगाल (ना.प्र.प.नं. ०४२०४६/६३०, झापा)**

शाखा कार्यालय : विर्तामोड, झापा

१. ऋणीको विवरण
गंगा बहादुर उदासको नाति, डिल्ली राम उदासको छोरा, खोटाङ जिल्ला, खोटाङबजार गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **बिरेन्द्र उदास (ना.प्र.प.नं. ३१६२/१४६७, खोटाङ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. डिल्ली राम उदासको बुहारी, बिरेन्द्र उदासको पत्नी, झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नानु श्रेष्ठ (मानन्धर) (ना.प्र.प.नं. ०१२८१७२६, झापा)**
२. डिल्ली राम उदासको नाति, बिरेन्द्र उदासको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **बोरिस उदास (ना.प्र.प.नं. ०४-०१-६२-०२१००, झापा)**

२. ऋणीको विवरण
डिल्ली राम उदासको बुहारी, बिरेन्द्र उदासको पत्नी, झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नानु श्रेष्ठ (मानन्धर) (ना.प्र.प.नं. ०१२८१७२६, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. गंगा बहादुर उदासको नाति, डिल्ली राम उदासको छोरा , खोटाङ जिल्ला, खोटाङबजार गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **बिरेन्द्र उदास (ना.प्र.प.नं. ३१६२/१४६७, खोटाङ)**
२. डिल्ली राम उदासको नाति, बिरेन्द्र उदासको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **बोरिस उदास (ना.प्र.प.नं. ०४-०१-६२-०२१००, झापा)**
३. डिल्ली राम उदासको नाति, बिरेन्द्र उदासको छोरा, झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **नेल्सन उदास (ना.प्र.प.नं. ०४-०१-७२-०७४३१, झापा)**

शाखा कार्यालय : लेकसाइड, पोखरा

ऋणीको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति: २०७७/११/२३ मा प्रा.फ.र.न. २२२३३/०७७/०७८ कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ७, शान्तिनगर चोक स्थित **आरबिन ट्रेडर्स**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. कमल प्रसाद ढकालको बुहारी,

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ३२ साउन ०८०

सरकारले उद्योगी व्यवसायीका समस्या सुनेन : ओली

'बैंकहरू साहुजीजस्ता भए, सरकारले उद्योगीलाई मिटरब्याजीको व्यवहार गऱ्यो'



नेकपा एमालेको अर्थ विभागले आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष केपी शर्मा ओलीलगायत।
तस्बिर : दिपेन्द्र ढुंगाना/ नयाँ पत्रिका

नयाँ पत्रिका

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकारले उद्योगी व्यवसायीका समस्या नसुनेको आरोप लगाएका छन्। उद्योग व्यवसाय क्षेत्र समस्यामा हुँदासमेत सरकारले मतलब नगरेको उनको आरोप छ।

एमालेको अर्थ विभागले बुधबार आयोजना गरेको 'वर्तमान आर्थिक अवस्था : समस्या र समाधान' विषयक छलफल कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले सरकार उद्योगी व्यसायीको सहयोगी बन्न नसकेको बताएका हुन्। 'उद्यमी व्यसवायी फस्टाएको वेला सरकारको सहयोग आवश्यक पर्दैन, जब उद्योग-व्यवसाय संकटमा हुन्छन् त्यतिवेला सरकार चाहिने हो,' उनले भने, 'अहिलेको सरकार असहयोगी छ। उद्योगहरू बन्द हुँदै छन्, समस्यामा छन् तर सरकारलाई मतलब नै छैन।' अहिलेको वेलामा सरकारले कर, ब्याज तथा नीतिगत सहजता दिनुपर्ने उनले बताए। 'यस्तो वेलामा सरकारले सहायता दिने हो, कर पछि तिर्नु भनिदिने हो, ब्याजदर घटाइदिने हो,' उनले भने, 'तर, समयानकूल निजी क्षेत्रलाई अघि बढ्न अनुकूलता प्रदान गरिएको छैन।'

उनले बैंकहरू साहुजीजस्ता भएकोसमेत आरोप लगाए। 'बैंक र उद्योगी व्यवसायीको सम्बन्ध साहु र ऋणीको जस्तो हुनुहुँदैन,' उनले भने, 'उद्योग व्यसायको सहयोगी हुनुपर्छ।' बैंकले समस्यामा परेका उद्योगी व्यवसायीलाई थप ऋण दिएर तथा ऋण तिर्ने म्याद थपिदिएर सहजीकरण गर्नुपर्ने उनले बताए।

■ उद्योगी-व्यवसायीलाई राजनीतिक पूर्वाग्रह नराख्न आग्रह

उद्योगी व्यवसायीले राजनीतिक आग्रह राख्न नहुनेसमेत बताए। राजनीतिक संलग्नता वा वादलाई मानेर उद्योग व्यवसाय क्षेत्रको वास्तविकतालाई ढाकछोप गर्न नहुने उनले बताए। उद्योगी व्यवसायीले अघिल्लो आर्थिक वर्ष र चालू आर्थिक वर्षको बजेटलाई सकारात्मक, विकासोन्मुख भन्दा आफूहरू आश्चर्यचकित भएको उनले बताए। 'अप्ठ्यारो परेको छ भने भर्नौं, समस्या छ भने समस्या छ भर्नौं,' उनले भने, 'तर, राजनीतिक आइडिओलोजी, राजनीतिक संलग्नताको भरमा, मेरो उद्योग ठीक छ नभर्नौं, अर्थतन्त्र आग्रहको कुरा होइन।'

■ अर्थतन्त्र सबल बनाऔं

उक्त अवसरमा अध्यक्ष ओलीले अर्थतन्त्रलाई सबल नबनाए पछि परिने बताए। उनले उत्पादन र उत्पाकत्व बढाउनुपर्नेमा जोड दिए। देशलाई औद्योगीकरण एवं आाधुनिकीकरण गर्न, व्यसाय वृद्धि गर्न, नयाँ उद्योग ल्याउन, रोजगारी र उत्पादन बढाउन, बन्द भएका उद्योग चलाउन तथा संकटमा भएका उद्योगको समस्या समाधान गर्न नसके देश अघि बढ्न नसक्ने उनले बताए। वर्तमान सरकारले त्यतापट्टि ध्यान नदिएको उनको भनाइ छ। 'आधुनिकीकरण, विज्ञान प्रविधिको प्रयोगविना अघि बढ्न सक्दैनौं,' उनले भने, 'आत्मनिर्भर अर्थतन्त्र निर्माण, रोजगारी सिर्जना, व्यापार असन्तुलन घटाउन, उत्पादकत्व बढाउनेलगायत काम गर्न नसके देश पछि पर्दै जान्छ।' नेकपा एमाले समृद्ध नेपाल सुखी नेपालको आकांक्षा लिएर अघि बढेको भन्दै उनले यसका लागि देशको आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रलाई सुदृढ र सबल बनाउनुपर्ने बताए।

■ कर तिर्ने सहज व्यवस्था होस्: खतिवडा

उक्त अवसरमा पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले सरकारले सहज तरिकाले कर तिर्ने व्यवस्था बनाउनुपर्ने बताए। कर तिर्न जटिल भएकै कारण अनौपचारिक अर्थतन्त्र मौलाउन सक्नेतर्फ उनले सरकारको ध्यानाकर्षण गराए। 'सरकारले कर प्रशासन ठीक ठाउँमा राख्नुपर्छ, ६-६ महिनामै करका हाकिम किन फेरिन्छ ?' उनले भने, 'यस्ता जटिलता कारण कालो अर्थतन्त्र नमौलाओस्।' डा. खतिवडाले महँगी बढ्दा समस्या जटिल बनेको बताए। अहिले इन्धको मूल्य बढेको, ढुवानी भाडा बढेको र समग्र मूल्यवृद्धिले सर्वसाधारणका साथै उद्योग व्यवसाय क्षेत्र समस्यामा परेको उनले बताए। 'इन्धनदेखि ढुवानी भाडा बढेको छ, ऊर्जाको समस्या छ,' उनले भने, 'सरकारले उद्योगलाई डेडिकेटेड विद्युत्को व्यवस्था गर्नुपर्छ।' उनले जग्गाको कित्ताकाट खोलेर आर्थिक मन्दीबाट बाहिर निस्कन नसकिनेसमेत बताए।

■ निजी क्षेत्रको मनोबल घटाउने काम भयो : दुगड

कार्यक्रममा एमालेका नेता एवं उद्योगी मोतीलाल दुगडले अहिले निजी क्षेत्रको मनोबल घटाउने काम भएको बताए। उनले वर्तमान सरकारले निजी क्षेत्रलाई सिध्याउने एवं मनोबल गिराउने काम मात्र गरेको आरोप लगाए। 'अहिले उद्योगी व्यवसायीलाई टर्चर दिने र उद्योग मास्ने काम भइरहेको छ। तर, हामी आफ्ना समस्याका बारेमा कुरा राख्नै नसक्ने अवस्थामा छौं,' उनले भने, 'अब अति भइसकेको छ, धेरै क्षति भइसकेको छ, अब आजैबाट रणनीति बनाएर अघि बढौं।' अहिले 'समृद्ध नेपाल सुखी नेपाली नभई समृद्ध बालुवाटार, दुःखी नेपाली' भएको उनले बताए।

कार्यक्रममा नेपाल परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल, नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठलगायत उद्योगी व्यवसायीको उपस्थिति थियो।

अनौपचारिक क्षेत्रका श्रमिक पनि अब सामाजिक सुरक्षा कोषमा

कृषि, निर्माण, यातायात तथा घरेलु श्रमिकका लागि ब्रेक थ्रु हुनेछ : प्रधानमन्त्री दाहाल

मुना कुँवर/नयाँ पत्रिका



सरकारले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने भएको छ। बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले अनौपचारिक क्षेत्र र स्वरोजगारलाई पनि कोषमा समेटिने घोषणा गरेका हुन्।

कार्यक्रममा औपचारिक घोषणा गर्दै प्रधानमन्त्री दाहालले कृषि, निर्माण, यातायात तथा घरेलु श्रमिकले हात-पाखुरा चल्दासम्म श्रम गर्ने र शारीरिक अशक्तता भएमा आँसु चुहाउँदै रित्तो हात घर फर्किनुपर्ने नियति अन्त्य भएको बताए। 'अब नेपालमा सामाजिक सुरक्षाको दायराबाट कोही पनि बाहिर रहनेछैनन्। तसर्थ, आजको दिनलाई श्रमिक अधिकार स्थापनाको एउटा महत्त्वपूर्ण ऐतिहासिक दिन हुनेछ।' उनले भने, 'यो योजनाअन्तर्गत अनौपचारिक क्षेत्रमा ४० लाखभन्दा बढी संख्याको हाराहारीमा रहेका सबै श्रमिक मजदुरलाई कार्यक्रममा समेटिनेछ।'

सरकारी कार्यालयमा करार र ज्यालादारीमा रहेका कर्मचारी पनि कोषमा समेटिने भएका छन्। प्रधानमन्त्री दाहालले कोषमा नै कार्यरत करार कर्मचारीलाई कोषमा आबद्ध गराउँदै कार्यक्रमको सुरुवात गरिएको बताए।

■ श्रमिकले न्यूनतम पारिश्रमिकको २०.३७ प्रतिशत रकम योगदान गर्नुपर्ने

कोषमा आबद्ध हुन चाहने श्रमिकले सरकारले तोकेको न्यूनतम पारिश्रमिकको २० दशमलव ३७ प्रतिशत रकम कोषमा योगदान गर्नुपर्नेछ। जसमध्ये ११ प्रतिशत रकम श्रमिक आफैंले व्यहोर्नुपर्नेछ भने ९ दशमलव ३७ प्रतिशत रकम सरकारले थप गर्नेछ। तर, स्वरोजगार व्यक्तिले भने न्यूनतम पारिश्रमिकको ३१ प्रतिशत रकम योगदान गर्नुपर्नेछ।

कोषले जारी गरेको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७९ अनुसार औपचारिक प्रबन्धले नसमेटिएका सबै श्रमिक अनौपचारिक श्रमिक मानिन्छ। त्यस्तै, प्रचलित कानुनबमोजिम दर्ता भई वा नभई स्वयंले बिक्री प्रयोजनका लागि वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने व्यक्तिलाई स्वरोजगार क्षेत्रमा आबद्ध श्रमिक भनिन्छ। साथै, न्यूनतम आधारभूत पारिश्रमिक भनेको नेपाल सरकारले वेलावेलामा आद्योगिक क्षेत्रका श्रमिकका लागि तोकेको आधारभूत पारिश्रमिक सम्झनुपर्ने उल्लेख छ।

कोषले सामाजिक सुरक्षा ऐनबमोजिम अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिलाई पनि कोषमा आबद्ध गर्न लागेको हो। योगदानमा आधारित सामाजिक सुरक्षा २०७४ को दफा ५ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ को नियम ४ अनुसार यस्ता श्रमिकको योगदान रकममा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पनि योगदान गर्न सक्ने व्यवस्था छ। तर, सरकारले त्यस्तो रकम जम्मा नगरिदिने अवस्थामा योगदानकर्ता आफैंले भुक्तानी गर्नुपर्छ।

ऐनबमोजिम कोषले स्थानीय निकायसँगको समन्वयमा योजना सञ्चालन गर्ने कोषका सहायक प्रवक्ता रोहितराज रेग्मीले बताए। सुरुवातमा नमुनाका रूपमा केही स्थानीय निकायबाट कार्यक्रम सञ्चालन गरिने उनले बताए। 'केही स्थानीय निकाय पाइपलाइनमा छन्। उनीहरूसँग छलफलपछि क्रमिक रूपमा स्थानीय निकायबाट कार्यक्रम सुरु गरिनेछ,' उनले भने।

■ श्रमिकलाई कोखदेखि शोकसम्मको सुरक्षा

सामाजिक सुरक्षा कोषमा आबद्ध हुने अनौपचारिक क्षेत्रमा श्रमिक तथा स्वरोजगार व्यक्तिले कोषले सञ्चालन गरेको सबै खालका सुविधा पाउनेछन्। कोषले जारी गरेको निर्देशिकाअनुसार योगदानकर्ताले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा, वृद्ध अवस्था सुरक्षा योजनामा सहभागी हुन पाउनेछन्।

निर्देशिकाअनुसार अनौपचारिक क्षेत्रका श्रमिकले कोषमा भुक्तानी गरेको योगदान रकममध्ये १० दशमलव ३७ प्रतिशत रकम औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा योजनामा जम्मा गर्नेछ। बाँकी १० प्रतिशत रकम वृद्ध अवस्था सुरक्षा योजनामा जम्मा गर्नेछ।

तर, स्वरोजगारमा रहेका व्यक्तिले कम्तीमा न्यूनतम आधारभूत पारिश्रमिकदेखि अधिकतम यसको तीन गुणासम्म रकमको ३१ प्रतिशत योगदान गर्न सक्नेछन्। त्यस्तो रकम कोषले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाका लागि १ प्रतिशत, दुर्घटना तथा अशक्तता सुरक्षा योजनाका लागि १ दशमलव ४० प्रतिशत, आश्रित परिवार सुरक्षा योजनाका लागि शून्य दशमलव २७ प्रतिशत र वृद्ध अवस्था सुरक्षा योजनाका लागि २८ दशमलव ३३ प्रतिशत विनियोजन गर्नेछ।

औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाअन्तर्गत योगदानकर्ताले चिकित्सकको परामर्श सेवा, अस्पताल भर्ना तथा शल्यक्रियाबापतको शुल्क, रोगको परीक्षण तथा उपचारबापतको खर्च, औषधिको बिलबमोजिमको खर्च, अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका महिला योगदानकर्ता वा पुरुष योगदानकर्ताको पत्नी गर्भवती भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च, अस्पताल भर्ना भई प्रसूतिसम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च, अस्पतालमा सुत्केरी हुँदाको खर्च, सुत्केरी भएको ६ हप्तासम्मको सुत्केरीसँग सम्बन्धित उपचार खर्च तथा तीन महिनासम्मको शिशुको उपचारबापतको खर्च पाउनेछन्।

शिशु स्याहारका लागि प्रतिशिशु एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिकबराबरको रकम उपलब्ध गराइनेछ। यस्तो रकम २४ हप्ताभन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्म भएको अवस्थामा समेत प्रदान गरिनेछ। अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्थामा बाहेकका योगदानकर्तालाई चिकित्सकको प्रेस्क्रिप्सनबमोजिम वार्षिक रूपमा बढीमा २५ हजार रुपैयाँसम्म प्रदान गरिनेछ। महिला योगदानकर्तालाई ९८ दिनबराबरको मासिक न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशतले हुने रकम प्रसूति सुविधाबापत उपलब्ध गरिनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत योगदानकर्ता दुर्घटनामा परी अस्पतालमा उपचार गर्दा लागेको उपचार खर्चको अधिकतम सात लाख रुपैयाँ उपचार खर्च कोषले भुक्तानी गर्नेछ। दुर्घटनाको कारण अस्थायी पूर्ण अक्षमता भएमा न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशतबराबरको रकम मासिक रूपमा योगदानकर्ता काममा फर्कन सक्ने अवस्था नभएसम्म प्रदान गरिनेछ।

साथै, दुर्घटनाका कारण स्थायी असक्षमता भएमा योगदानकर्ताको असक्षमताको अनुपातमा न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशतबराबरको रकमलाई शतप्रतिशत मानी असक्षमता प्रतिशतका आधारमा जीवनकालभर निवृत्तिभरण सुविधाबापत मासिक रूपमा कोषले रकम भुक्तानी गर्नेछ। स्थायी पूर्ण असक्षमता भएमा योगदानकर्ताले न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशतबराबरको रकम मासिक रूपमा जीवित रहुन्जेल कोषले भुक्तानी गर्नेछ।

■ आश्रित परिवार योगदानकर्ताको मृत्यु भएमा निवृत्तिभरणमा यस्तो छ सुविधा

पति वा पत्नीले न्यूनतम आधारभूत पारिश्रमिकको र स्वरोजगार श्रमिकका लागि औसत पारिश्रमिकको ४० प्रतिशतका दरले निजले जीवनभर निवृत्तिभरण प्राप्त गर्नेछन्। योगदानकर्ताको १८ वर्ष उमेर पूरा नभएको सन्ततिले शैक्षिकवृत्तिबापत न्यूनतम आधारभूत पारिश्रमिकको ४० प्रतिशत रकम मासिक पाउनेछन्। निवृत्तिभरण योजनाअन्तर्गत योगदानकर्ता ६० वर्ष भएपछि निवृत्तिभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफलसमेत जोडी योगलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना जीवनकालभर निवृत्तिरभण भुक्तानी गर्नेछ। तर, योगदानकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा हकवालाले एकमुस्ट रकम प्राप्त गर्नेछन्। योगदानकर्ताले निवृत्तिभरण पाउन सुरु गरेपछि मृत्यु भएमा योगदानकर्ताको पति वा पत्नीले निवृत्तिभरण रकमको ५० प्रतिशत रकम जीवनकालभर प्राप्त गर्नेछन्।

'प्रसारण र वितरण प्रणाली बलियो नहुँदा विद्युत् ट्रिपिङको समस्या'

विद्युत् झ्याप्पझ्याप्प जाँदा र हाइभोल्टेज आउँदा सर्वसाधारणको विद्युतीय उपकरणमा क्षति

नयाँ पत्रिका

प्रसारण र वितरण प्रणाली बलियो नहुँदा नेपालमा विद्युत् ट्रिपिङको समस्या देखिने गरेको विज्ञहरूले बताएका छन्। विद्युत् उपलब्धता पर्याप्त हुँदासमेत झ्याप्पझ्याप्प बिजुली जानुको मुख्य कारक नै कमजोर प्रणाली भएको उनीहरूको भनाइ छ।

पाटनमा बुधबार आयोजित एक कार्यक्रमका वक्ताले अल्पकालीन र दीर्घकालीन योजना बनाएर विद्युत् आपूर्तिमा देखिएको समस्या समाधान गर्नुपर्ने बताए। उक्त अवसरमा नेपाल विद्युत् प्राधिरकणका पूर्वकार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले कमजोर पूर्वाधार र प्रणालीका कारण विद्युत् ट्रिपिङ भइरहेको बताए। 'अहिले विद्युत् उपलब्धता पर्याप्त छ, तर उत्पादन खेर गइरहेको अवस्थासमेत छ' उनले भने, 'हाम्रो प्रसारण र वितरण प्रणाली कमजोर र साँघुरो हुँदा झ्याप्पझ्याप्प विद्युत् जाने समस्या भइरहेको हो।' प्राधिकरणले इन्जिनियरिङ क्षमताको प्रयोग गरेर समस्याको तत्कालीन समाधान खोज्नुपर्ने उनले बताए। प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशक सुरेन्द्रराज राजभण्डारीले गुरुयोजनाअनुसार काम नहुँदा वितरण र प्रसारणलाइन बलियो नभएको बताए। 'प्रसारणलाइनको गुरुयोजना छ, तर त्यसअनुसार काम भएको छैन, वितरण लाइनको त गुरुयोजना नै छैन,' उनले भने, 'गुरुयोजनाअनुसार काम नहुँदा प्रणाली साँघुरो भएको छ, विद्युत्को प्रसारण क्षमताअनुसार गर्न सकिएको छैन, यसले विद्युत् ट्रिपिङ भइरहेको छ।'

पूर्वउपकार्यकारी निर्देशक शेरसिंह भाटले विद्युत्को जडित क्षमता तीन हजार मेगावाट हाराहारी पुगेको भने पनि यथार्थमा त्यस्तो नभएको बताए। जडित क्षमताको सूचीमा बन्द भइसकेका आयोजनासमेत रहेको उनले बताए। 'हामीले जति जडित क्षमता भनेका छौं त्यो यथार्थमा छैन, तीन हजार भनिए पनि दुई हजार हाराहारी मात्रै उत्पादन भएको हुनुपर्छ,' उनले भने, 'तर, भएकै विद्युत् प्रसारण तथा वितरणका लागि समेत पर्याप्त र बलियो प्रणाली छैन।'

काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङका सहप्राध्यापक विशाल सिल्वालले सरकारी संयन्त्र उत्पादनमा मात्रै केन्द्रित हुँदा विद्युत्को प्रसारण र वितरणमा समस्या आइरहेको बताए। '१०-१५ हजार मेगावाट विद्युत् उत्पादनको घोषणा गर्छौं, तर त्यो कहाँ बिक्री गर्ने, कुन प्रसारणलाइनबाट पठाउने अनि वितरण कहाँ र कसरी गर्ने भन्ने घोषणा र योजना बनाउँदैनौं,' उनले भने, 'यदि लक्ष्यअनुसार उत्पादन भएमा भोलिका दिनमा विद्युत् बिक्री गर्न नसक्दा प्राधिकरणले दैनिक करोडौं नोक्सान व्यहोर्नुपर्ने अवस्था आउन सक्ने उनले बताए।

कार्यक्रममा मानव अधिकारवादी सुशील प्याकुरेल, पूर्वाधारविज्ञ कमल पाण्डेलगायतले विद्युत् ट्रिपिङको समस्याबाट सर्वसाधारणले व्यहोरेको क्षतिको विषयमा समेत बहस हुनुपर्ने बताए। उनीहरूले विद्युत् झ्याप्प जाँदा तथा हाइभोल्टेज आउँदा विद्युतीय उपकरण बिग्रने र त्यसबाट सर्वसाधारणले करोडौं क्षति व्यहोर्नुपरेको बताए। 'अहिले विद्युत् ट्रिपिङको समस्या धेरै छ, मेरै छोराको उद्योगमा एउटै उपकरण बिग्रँदा चार करोडको क्षति भयो,' प्याकुरेलले भने, 'यसको क्षतिपूर्ति कसले दिने ? विद्युत् ट्रिपिङ हुँदा सर्वसाधारणले व्यहोर्नुपर्ने क्षतिको पूर्ति गर्ने व्यवस्था हुनुपर्छ र यसमा बहस हुनुपर्छ।'

म्यादभित्रै टाइगर प्यालेस रिसोर्ट खरिदमा लाग्ने सबै कर तिर्छौं : अध्यक्ष सुवेदी



नयाँ पत्रिका

रुपन्देहीको कोटिहवास्थित पाँचतारे टाइगर प्यालेस रिसोर्ट खरिद गरेबापत लाग्ने सम्पूर्ण कर राज्यलाई तिर्न तयार रहेको नयाँ सञ्चालकले बताएका छन्। अस्ट्रेलियन बहुराष्ट्रिय कम्पनी सिलभर हेरिटेज ग्रुपको लगानी रहेको रिसोर्ट गैरआवासीय नेपालीहरूले खरिद गरेका हुन्।

सिलभर हेरिटेज लिमिटेडमा रहेको अस्ट्रेलियन कम्पनीको सबै सेयर गैरआवासीय नेपालीद्वारा अमेरिकामा स्थापना गरिएको हिमालयन टाइगर इन्भेस्टमेन्ट इंकले खरिद गरेको कम्पनीका अध्यक्ष बुद्धिसागर सुवेदीले जानकारी दिए। टाइगर प्यालेस रिसोर्ट खरिद-बिक्रीको सम्पूर्ण डिल विदेशमा गरिए पनि नेपालको कानुनअनुसार सरकारलाई बुझाउने कर तिर्न तयार रहेको उनले बताए।

अस्ट्रेलियन सिलभर हेरिटेज ग्रुपले करिब पाँच अर्ब लगानीमा ठूलो क्यासिनोसहितको पाँचतारे रिसोर्ट सञ्चालनमा ल्याएको थियो। तर, कोभिड महामारी र चरम आन्तरिक विवादका कारण केही वर्षदेखि रिसोर्ट पूर्ण रूपमा सञ्चालनमा आउन सकेको थिएन।

अस्ट्रेलियन कम्पनीले गरेको लगानी र नेपालको व्यवसायलाई समेत हेरेर १५ मिलियन अमेरिकी डलर (करिब दुई अर्ब रुपैयाँ)मा सबै सेयर गरिद गरेको अध्यक्ष सुवेदीले बताए। रिसोर्ट १४ जुलाई २०२३ मा किनबेच भएको उनको भनाइ छ। लामो समयदेखि पूर्ण सञ्चालनमा आउन नसक्दा रिसोर्ट धराशयी भई बन्द हुने अवस्थामा पुगेको थियो। उनले भने, 'रिसोर्टमा भएको बैंक ऋणको दायित्व, अन्य व्यावसायिक दायित्व र हालसम्म भएको नोक्सानीको अवस्थालाई हेर्दा आर्थिक रूपमा जर्जर भएको रिसोर्ट सञ्चालनका लागि सेयर खरिद कारोबार रकमसमेतलाई जोड्दा करिब चार अर्ब रुपैयाँ खर्च गर्नुपर्ने प्रारम्भिक अध्ययनले देखाएको छ।'

गैरआवासीय नेपालीहरूले अमेरिकामा खडा गरेको कम्पनीमार्फत अस्ट्रेलियन कम्पनीको सेयर खरिद गरेको भए पनि यस कारोबारबाट नेपालमा कुनै करको दायित्व सिर्जना भए प्रचलित कानुनबमोजिम लाग्ने सबै कर कानुनले तोकेको म्यादभित्र तिर्ने अध्यक्ष सुवेदीले घोषणा गरे। 'रिसोर्ट किनबेच भएको भर्खर एक महिना भएको छ, कर तिर्न अझै पर्याप्त समय छ,' उनले भने, हामीले कर तिर्न हिसाब गरिरहेका छौं, हामी कर दायित्व तिर्न आउँछौं भनेर सम्बन्धित कार्यालयलाई पनि जानकारी गराइसकेका छौं।'

अदालतमा मुद्दा विचाराधीन हुँदाहुँदै कसरी रिसोर्ट खरिद गर्नुभयो भन्ने प्रश्नमा नयाँ व्यवस्थापनले अदालतको आदेश मनन गरेर कारोबार गरेको बताए। घाटामा रहेको रिसोर्ट खरिद गरेर सफल रूपमा सञ्चालन हुँदा गैरआवासीय नेपालीहरूमा लगानी गर्ने विश्वास पैदा नहुने र प्रत्यक्ष वैदेशिक लगानीको वातावरण बन्ने अध्यक्ष सुवेदीले विश्वास व्यक्त गरे। टाइगर प्यालेस रिसोर्ट पूर्ण क्षमतामा सञ्चालन हुँदा एक हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाउनेछन्। रिसोर्ट पूर्ण रूपमा सञ्चालन हुन नसक्दा धेरैले रोजगारी गुमाउनुका साथै सरकारले करोडौं राजस्व गुमाइरहेको थियो। रिसोर्टले नेपाल बैंकलाई तिर्नुपर्ने साँवा-ब्याजको दायित्व पनि तिर्न सकिरहेको थिएन।

एक लाख मेट्रिकटन चामल माग्दै भारतलाई पत्र

काठमाडौं/ भारतले चामल निर्यातमा प्रतिबन्ध लगाएपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले एक लाख मेट्रिकटन चामल र ५० हजार मेट्रिकटन धानको माग गर्दै भारतलाई पत्र पठाएको छ।

आउँदै गरेको दसैं र तिहारमा हुन सक्ने खाद्यान्न अभाव र मूल्यवृद्धिलाई लक्षित गरी सरकारले खाद्यान्न आयात गर्न लागेको हो। मन्त्रालयका प्रवक्ता राधिका अर्यालले परराष्ट्र मन्त्रालयमार्फत खाद्यान्न माग गर्दै पत्राचार गरेको जानकारी दिइन्। उनले भनिन्, 'अघिल्लो हप्ताको मंगलबार पत्राचार गरेका हौं, एक सातासम्म पनि कुनै जवाफ आएको छैन।'

त्यस्तै, दसैं-तिहारलाई लक्षित गरेर ५० हजार मेट्रिकटन चिनी पनि ल्याउने मन्त्रालयको तयारी छ। अघिल्लो वर्ष चिनी उद्योगीबाटै कम चिनी उत्पादन भएको भन्दै व्यापारीले



आगामी दिनमा चिनी अभाव र मूल्य बढ्न सक्ने बताएका थिए। गत वर्ष आयात गरेको ४० हजार मेट्रिकटन चिनी सकिएको र अब ५० हजार मेट्रिक टन ल्याउँदा पर्याप्त हुने उनको भनाइ छ। बजारमा चिनीको मौज्दात कम हुँदा व्यापारीले किलोमै १० रुपैयाँले मूल्य बढाएका छन्। त्यस्तै, भारतले समेत बासमतीबाहेकको चामलमा प्रतिबन्ध लगाउँदा चामलको मूल्यमा बोरामै दुई सय रुपैयाँसम्मले बढेको थियो।

भारतले चामल निर्यातमा रोक लगाएपछि साउन ४ र ६ गते मुख्यसचिव डा. वैकुण्ठ अर्यालको संयोजकत्वमा बसेको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको बैठकमा देशभरका गोदाममा आवश्यक खाद्यान्न भण्डारणको व्यवस्था गर्नसमेत निर्देशन दिएका थिए।

सोहीअनुसार तत्काल चामल र धान ल्याउने तयारी थियो। गत जेठ मसान्तसम्म ३३ अर्ब ६३ करोडको धानचामल आयात भएको छ। त्यसभन्दा अघिल्लो आव ०७८/७९ मा ४७ अर्ब ५९ करोडको धानचामल आयात भएको थियो। हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँग कम्पनीमा १७ हजार क्विन्टल मात्रै चामल रहेको कम्पनीले जनाएको छ।

NRB Directive Form No 9.5

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय, बुटवल-१२, रुपन्देही । फोन नं : ०७१-४३८१७१, (email: info@jucbank.com.np)

Unaudited Financial Report (Quarterly)
As on Fourth Quarter for the Fiscal Year 2079/080 (31/03/2080)

(Rs. in '000)

S. N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending	Remarks
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2,253,426.25**	**2,347,948.09**	**2,384,434.68**	
1.1	Paid-up Capital	170,091.90	170,091.90	147,906.00	
1.2	Reserves and Surplus	97,740.42	91,222.43	117,499.32	
1.3	Debenture and Bond				
1.4	Borrowings	1,110,841.09	1,227,233.15	1,265,256.11	
1.5	Deposits (a+b)	819,980.13	809,470.98	812,296.56	
	a. Domestic Currency	819,980.13	809,470.98	812,296.56	
	b. Foreign Currency				
1.6	Income Tax Liabilities	7,141.39		922.83	
1.7	Other Liabilities	47,631.31	49,929.63	40,553.86	
2	**Total Assets (2.1 to 2.7)**	**2,253,426.25**	**2,347,948.08**	**2,384,434.68**	
2.1	Cash & Bank Balance	16,344.80	59,182.58	66,542.95	
2.2	Money at call and short Notice	142,694.15	215,483.97	26,292.83	
2.3	Investments				
2.4	Loans & Advances (a+b+c+d+e+f)	2,005,255.53	2,000,813.94	2,248,057.61	
	a. Real Estate Loan	-	-	-	
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million)	-	-	-	
	2. Business Complex & Residential Apartment Construction Loan	-	-	-	
	3. Income generating Commercial Complex Loan	-	-	-	
	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)	-	-	-	
	b. Personal Home Loan of Rs. 10 million or less	-	-	-	
	c. Margin Type Loan	-	-	-	
	d. Term Loan	-	-	-	
	e. Overdraft Loan / TR Loan / WC Loan	-	-	-	
	f. Others	2,005,255.53	2,000,813.94	2,248,057.61	
2.5	Fixed Assets	9,790.94	11,800.30	10,944.42	
2.6	Non Banking Assets		-	-	
2.6	Other Assets	79,340.82	60,667.29	32,596.87	
3	**Profit and Loss Account**				
3.1	Interest income	306,673.98	221,385.12	323,765.00	
3.2	Interest Expense	210,649.66	151,492.87	152,487.12	
A	**Net Interest Income (3.1-3.2)**	**96,024.32**	**69,892.26**	**171,277.89**	
3.3	Fees Commission and Discount	-	-	-	
3.4	Other Operating Income	48,284.70	21,326.45	44,490.90	
3.5	Foreign Exchange Gain/Loss (Net)	-	-	-	
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**144,309.02**	**91,218.71**	**215,768.79**	
3.6	Staff Expenses	90,910.71	67,152.27	84,495.02	
3.7	Other Operating Expenses	36,972.35	26,366.81	32,129.49	
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**16,425.95**	**(2,300.37)**	**99,144.27**	
3.8	Provision for Possible Loss	68,486.13	14,909.10	46,687.41	
D	**Operating profit (C-3.8)**	**(52,060.18)**	**(17,209.46)**	**52,456.86**	
3.9	Non Operating Income/Expenses (Net)	-	-	-	
3.10	Write Back of Provision for Possible Loss	76,565.38	22,946.92	26,235.57	
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**24,505.20**	**5,737.45**	**78,692.44**	
3.11	Extraordinary Income/Expenses (Net)	-	-	-	
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**24,505.20**	**5,737.45**	**78,692.44**	
3.12	Provision For Staff Bonus	700.57	573.75	7,869.21	
3.13	Provision For Tax	7,141.39	1,549.12	21,246.96	
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**16,663.24**	**3,614.59**	**49,576.27**	
4	**Ratios**				
4.1	Capital Fund to RWA	11.07%	10.68%	12.23%	
4.2	Non Performing Loan (NPL) to Total Loan	9.51%	11.48%	3.91%	
4.3	Total Loan Loss Provision to total NPL	34.47%	28.40%	133.90%	
4.4	Cost of Funds	10.61%	9.91%	7.26%	
4.5	Credit to Deposit & Borrowing Ratio	103.86	98.24	108.21	
4.6	Base Rate	19.56%	15.38%	7.33%	
4.7	Interest Rate Spread	3.12%	0.38%	7.60%	

The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व.२०७९/०८० को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:- यस वित्तीय संस्थाको आ. व. २०७९/०८० को चौथो त्रैमासको नाफा/नोक्सान तथा २०८० असार मसान्त सम्मको वासलात सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

(ख) वित्तिय अनुपातहरु

प्रति शेयर आम्दानी (वार्षिकीकरण)	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
९.८	१०४.०८	१५७.४६	१,३२४.८३	८.२४

२. व्यवस्थापकीय विश्लेषण:

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :
चालु आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा संकुचन आएको छ, लगानी योग्य रकमको अभाव भएका कारण यस त्रैमासमा कर्जा विस्तार न्यून रहेको छ। विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको थोक विपन्न वर्ग कर्जा सापटी रकमको ब्याजदरमा बृद्धि भएका कारण वित्तीय संस्थाको नाफामा प्रत्यक्ष प्रभाव परेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ्ग तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्ययस्थापनको अनुमान रहेको छ।

(ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
वित्तीय संस्थाले आफ्नो व्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न खालका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्बन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्बन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिरहेको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उदेश्यले एस.एम.एस बैडिङ्ग सेवा सूचारु गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई व्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना रहेको छ।

(ग) विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण :
लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, बजारमा तरलताको अभावको कारण लागत बढ्ने आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक निति नियम, कार्यविधिहरुको तर्जुमा गरि अगाडी बड्ने नीति यस संस्थाले लिएको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :
(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन।
(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :
(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धीत निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।
(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार शेयर संख्या
१,१९०	८६०	१,०२०	६२	१,५९४	६०,३१८

५. समस्या तथा चुनौतिहरु :
(क) कर्जा लगानीमा दोहोरोपना तथा कर्जा सदुपयोगितामा ह्रास।
(ख) जनशक्तिमा हुन सक्ने परिवर्तन
(ग) कोषको लागतमा उच्च बृद्धि
(घ) लघुवित्त विरुद्ध संगठित गतिविधिहरु
(ङ) वित्तीय क्षेत्रमा देखिएको तरलता अभावका कारण वित्तीय श्रोतमा संकुचन

६. संस्थागत सुशासन :
संस्थाको दिगो विकास र प्रगति तब मात्र सम्भव छ जब संस्थागत सुशासन कायम रहन्छ यही कुरालाई मनन् गर्दै संस्थागत सुशासन प्रति संस्था सदैव सजग र प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ। संचालकहरुको आचार संहिता लागु गर्ने एंव कर्मचारी विनियमावलीमा कर्मचारी आचार संहिता व्यवस्था गरी सोको पालना एंव नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुसार नियमित अनुगमनको व्यवस्था गरी सोको कडाईका साथ पालना गर्ने गराउने गरिएको छ। संस्थागत सुशासनलाई ध्यान दिदै संस्थामा विभिन्न समिति, उपसमिति तथा विभिन्न विभागहरु खडा गरी जिम्मेवारी अनुसारको कार्य सम्पादन हुने गरेको छ। यसका साथै बाह्य लेखा परीक्षक, आन्तरीक लेखा परीक्षक नियुक्ति गर्नुका साथै संस्थाको केन्द्रीय कार्यालयमा अनुगमन तथा मूल्याङ्कन विभाग खडा गरी संस्थागत सुशासनलाई चुस्तदुरुस्त बनाउन व्यवस्थापन हरदम प्रयत्नशील रहनुका साथै संस्थाको सुशासनलाई उच्च बनाई राख्न समय सापेक्ष आवश्यकता अनुसार रणनीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न व्यवस्थापन सदैव प्रतिवद्ध रहने छ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

सिडिएमए फोन छाड्नेलाई विभिन्न अफर

नयाँ पत्रिका

नेपाल दूरसञ्चार कम्पनीले सिडिएमए फिक्स फोन अर्थात् सिफोन प्रयोगकर्ताका लागि विभिन्न अफर सञ्चालनमा ल्याएको छ। कम्पनीले गत असारदेखि सिडिएमए सेवा बन्द गरेको छ। तसर्थ, सिडिएम प्रयोगकर्ताका लागि कम्पनीले नयाँ अफर ल्याउने भएको हो।

कम्पनीले आगामी भदौ १ गतेदेखि लागू हुने गरी अफर सञ्चालन गर्ने जनाएको छ। अफर प्याकेजअनुसार सिडिएमए फिक्स्ड फोन प्रयोग गरिरहेका ग्राहकले कम्पनीको नमस्ते वाइफाई प्रयोग गर्न सक्ने जनाइएको छ। अनलिमिटेड बेसिक र अनलिमिटेड प्रिमियममध्ये एक प्याकेज प्रयोग गर्न सकिने सुविधाका साथै अन्य थप सुविधासमेत उपलब्ध गराइने कम्पनीले जनाएको छ। सो सेवा प्रयोग गर्ने ग्राहकलाई अनलिमिटेड बेसिकअन्तर्गत दैनिक रूपमा पाँच एमबिपिएस गतिसम्मको १० जिबी डाटा उपलब्ध हुने उल्लेख छ। प्याकेजका लागि नयाँ जडान शुल्क अर्ध वार्षिक अवधिका लागि पाँच हजार नौ सय ९९ रुपैयाँ र वार्षिक अवधिका लागि १० हजार चार सय ९९ रुपैयाँ हुनेछ। त्यसैगरी, यसको महसुल अर्ध वार्षिक अवधिका लागि चार हजार नौ सय ९९ रुपैयाँ र वार्षिक अवधिका लागि नौ हजार चार सय ९९ रुपैयाँ हुने जनाइएको छ।



त्यसैगरी, अनलिमिटेड प्रिमियमअन्तर्गत दैनिक रूपमा १० एमबिपिएस गतिसम्मको १५ जिबी डाटा उपलब्ध हुनेछ। सो प्याकेजका लागि नयाँ जडान शुल्क अर्ध वार्षिक अवधिका लागि आठ हजार नौ सय ९९ रुपैयाँ र वार्षिक अवधिका लागि १६ हजार चार सय ९९ रुपैयाँ हुने उल्लेख छ। यसको महसुल अर्ध वार्षिक अवधिका लागि सात हजार नौ सय ९९ रुपैयाँ र वार्षिक अवधिका लागि १५ हजार चार सय ९९ रुपैयाँ हुने जनाइएको। यी सबै प्याकेज लिने ग्राहकलाई थप रकमन लिई आवश्यक फोरजी-एलटीई सिपिईसमेत उपलब्ध गराइने कम्पनीले जनाएको छ।

नयाँ जडानअन्तर्गत यसरी अर्धवार्षिक अवधिको प्याकेज लिने ग्राहकलाई प्रतिमहिना चार सय मिनेट कम्पनीको नेटवर्कभित्र (अन-नेट) र एक सय मिनेट अन्य नेटवर्कमा (अफ-नेट) तथा वार्षिक प्याकेज लिने ग्राहकलाई प्रतिमहिना कम्पनीको नेटवर्कभित्र अनलिमिटेड र अन्य नेटवर्कमा एक सय मिनेट कल गर्ने सुविधा उपलब्ध हुनेछ।

यसरी उपलब्ध हुने १० जिबी वा १५ जिबी डाटा सकिएको अवस्थामा उच्च गतिको डाटा चलाउन चाहनेहरूका लागि ५० रुपैयाँमा २४ घन्टा समयावधिसम्म चलाउन मिल्ने १० जिबी डाटा एड अन प्याकको रूपमा उपलब्ध हुने जनाइएको छ।

नेपाल टेलिकमले पहिलेदेखि नै सिडिएमए प्रिपेड वा पोस्टपेड प्रयोगकर्तालाई जिएसएम प्रिपेड वा पोस्टपेडमा रूपान्तर हुँदा 'सिडिएमए माइग्रेसन प्याकेज'उपलब्ध गराइरहेको छ। यदि सिडिएमए फिक्स्ड फोन प्रयोगकर्ताहरूले माथिको प्याकेज लिन नचाहेमा सोहीअनुसारको सिडिएमए माइग्रेसन प्याकेज लिन सकिने कम्पनीले जनाएको छ।

यसअन्तर्गत प्रिपेड ग्राहकलाई मासिक रूपमा तीन सय मिनेट अन-नेट भ्वाइस कल गर्न, चार जिबी डाटा चलाउन र तीन सय अन-नेट एसएमएस पठाउने सुविधा ६ महिनासम्म उपलब्ध हुनेछ। पोस्टपेड ग्राहकलाई मासिक रूपमा चार सय मिनेट अन-नेट भ्वाइस कल गर्न, ५० मिनेट अफ-नेट भ्वाइस कल गर्न, ६ जिबी डाटा चलाउन र दुई सय अन-नेट एसएमएस पठाउने सुविधा ६ महिनासम्म उपलब्ध हुने जनाइएको छ।

कर्णालीको हवाई अवरोध तीन दिनभित्र खुलाउने मन्त्री किराँतीको प्रतिबद्धता

काठमाडौं/ पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले कर्णालीलगायत दुर्गम क्षेत्रमा देखिएको हवाई उडानको समस्या तीन दिनभित्र समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणले सुरक्षाको अवस्थालाई देखाउँदै दिउँसो साढे १२ बजेपछि नियमित यात्रु चार्टर उडान र कार्गो उडामा बन्देज लगाउने निर्णय गरेकोमा मन्त्री किराँतीले अवरोध खुलाउने प्रतिबद्धता व्यक्त गरेका हुन्।

उडान अवरोधका कारण एक सातदेखि कर्णाली क्षेत्रमा हवाई सेवा ठप्प छ। यो अवधिमा अस्पतालले रिफर गरेर पनि हवाईजहाज र हेलिकोप्टर नजाँदा हुम्लामा चार बालबालिकाको मृत्यु भएको छ। बुधबार मन्त्रालय पुगेर जुम्लाकी सांसद छिरिङ लामा, प्रदेश सांसद कुलबहादुर हमाल, पूर्वमन्त्रीहरू मोहन बानियाँ, छक्कबहादुर लामा, दल रावल, कर्णाली पर्यटन उद्यमी समाजका अध्यक्ष देवीकृष्ण रोकायालगायतले ध्यानाकर्षण गराएका थिए।

उक्त अवसरमा पूर्वमन्त्री बानियाँले प्राधिकरणको नेतृत्वले लगाएको नयाँ नियम खारेज नगरेमा कडा आन्दोलन गर्ने चेतावनी दिएका थिए। 'सडक यातायातसमेत नपुगेको कर्णालीमा जहाज र हेलिकोप्टरले जनतालाई सेवा दिइरहेका छन्, अहिले त्यसैलाई हतोत्साही गर्ने गरी नियम ल्याइएको छ' बानियाँले भने, 'यदि यो नियम सच्चिएन भने हामी जस्तोसुकै कठोर आन्दोलन गर्न बाध्य हुनेछौं।'

माओवादी केन्द्रकी नेतृ भीमा केसी बन्जाराले प्राधिकरणसमक्ष पटकपटक अनुरोध गर्दा पनि उडान सुचारु गर्ने कुरामा ध्यान नदिइएको गुनासो गरिन्। सरकारले जनताको हितलाई केन्द्रमा राखेर समस्याको तुरुन्त समाधान गर्नुपर्ने उनको भनाइ थियो।

हिमालयन म्युचुअल फन्डको पहिलो बन्दमुखी योजना निष्कासन हुने

काठमाडौं/ हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको हिमालयन म्युचुअल फन्डअन्तर्गतको पहिलो बन्दमुखी योजना 'हिमालयन ८०-२०' निष्कासन हुने भएको छ। योजना हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी हिमालयन क्यापिटल लिमिटेड लगानी व्यवस्थापनमा हुन लागेको हो।

कोष व्यवस्थापक हिमालयन क्यापिटलले यस सामूहिक लगानी कोषको व्यवस्थापन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुँजीबजारको नवीनतम तथा उत्तम अभ्यास अपनाई गर्ने जनाएको छ।

योजनाको प्रतिएकाइ अंकित मूल्य १० रुपैयाँका दरले १० करोड एकाइले हुन आउने कुल एक अर्ब रुपैयाँबराबरको हुने जनाइएको छ। जसमध्ये न्यूनतम एक करोड ५० लाख एकाइ वा कुल बिक्री भएको एकाइ संख्याको न्यूनतम १५ प्रतिशत एकाइ कोष प्रवर्द्धक हिमालयन बैंकलाई सुरक्षित राखी बाँकी न्यूनतम आठ करोड ५० लाख एकाइ स्वीकृत विवरण पुस्तिकाको सर्तअनुसार बिक्री गर्ने जनाइएको छ। साउन ३२ गतेदेखि छिटोमा भदौ चार र ढिलोमा भदौ १५ गतेसम्म बिक्री खुला गर्ने उल्लेख छ।

योजनाको कुल लगानीमध्ये ८० प्रतिशत पुँजी तथा वित्त बजारका दीर्घकालीन लगानीमार्फत कम्पाउन्डिङ प्रतिफलसहितको मुनाफा आर्जन गर्ने तथा बाँकी २० प्रतिशत पुँजी तथा वित्त बजारको उतारचढावमा प्रतिबिम्बित भई सक्रिय लगानी व्यवस्थापन गर्ने क्यापिटलको भनाइ छ।

नेसनल फन्डको लाभांश घोषणा

काठमाडौं/ नेसनल फन्ड म्यानेजमेन्ट लिमिटेडले आर्थिक वर्ष ०७९/८० को मुनाफाबाट लगानीकर्तालाई लाभांश घोषणा गरेको छ। कम्पनीले चार दशमलव २१ प्रतिशत लाभांश दिने घोषणा गरेको हो।

कम्पनी सञ्चालक समितिको १५औं बैठकले घोषणा गरेको लाभांश आगामी वार्षिक साधारणसभाबाट स्वीकृत भएपछि वितरण गर्ने जनाइएको छ। नेसनल फन्ड २०७९ साल मंसिर २० गते स्थापना भई २०७९ चैत २१ गते नेपाल धितोपत्र बोर्डबाट प्राइभेट इक्विटी, भेन्चर क्यापिटल तथा हेज फन्ड सञ्चालन गर्न इजाजतप्राप्त संस्था हो।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/३२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्होरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्होरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहाहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्होरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण :
बंगाली पंडीतको नाति, जयलाल पंडीत/तारा देवी पंडीतको छोरी, गोविन्द्र प्रसाद पंडीतको पत्नी, बारा जिल्ला, नरहि गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया ना.पा वडा नं. ५ बस्ने **सीता देवी पंडीत** (ना.प्र.नं. ३३३०३८/६४, जारी मिति २०६३/११/२६, जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :
१. बंगाली पंडीतको नाति, जयलाल पंडीत/तारा देवी पंडीतको छोरी, गोविन्द्र प्रसाद पंडीतको पत्नी, बारा जिल्ला, नरहि गा.वि.स वडा नं.५, स्थायी ठेगाना भई हाल कलैया न.पा. वडा नं. ५ बस्ने **सीता देवी पंडीत** (ना.प्र.नं. ३३३०३८/६४, जारी मिति २०६३/११/२६, जिल्ला प्रशासन कार्यालय बारा)।
२. गणेश राउत अहिरको नाती, हरिनारायण राउत अहिरको छोरा, निर्माला देवी यादवको पत्नी बारा जिल्ला, भोडहा गा.वि.स.वडा नं. ८, स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उप.म.न.पा वडा नं. २२ बस्ने **रामबाबु यादव** (ना.प्र.नं. १७३४/२४७८/२२८७, जारी मिति २०५१/०९/१५ जिल्ला प्रशासन कार्यालय बारा)।
३. मोहन पंडीत कूम्हारको नाती, देव लाल पंडीत कूम्हारको छोरा, सिता देवी पंडीतको पत्नी बारा जिल्ला, नरही गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उप.म.न.पा वडा नं. ५ बस्ने **गोविन्द प्रसाद पंडीत** (ना.प्र.नं. १७२९/११४३/२९४२६, जारी मिति २०६०/०३/३२ जिल्ला प्रशासन कार्यालय बारा)।

संस्थागत जमानीकर्ताको विवरण:
१. प्राईभेट फर्म दर्ता ऐन २०१४ अन्तर्गत मिति २०७३/०८/०३ मा प्रा.फा.नं./सा.फा.नं. ४९४२/०७३/७४ मा दर्ता भई करदाता सेवा कार्यालय सिमराबाट मिति २०७३/०८/१४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५४६९७०१ को प्रमाणपत्र प्राप्त बारा जिल्ला नरही गा.वि.स/न.पा.वडा नं. ०२ मा रजिष्टर्ड कार्यालय रहेको **अरविन गल्ला भण्डार**।

धितो सुरक्षणको विवरण :
१. **सीता देवी पंडीत**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा वडा नं. ५ स्थित कित्ता नं. १०९० को क्षेत्रफल ०-०-११-४ (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Durbarmarg, Tel: 4242530, 4228229
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4541110/4540564. ext. 131
Tollfree No: 1660-01-00070

INTEREST RATES

यस बैंकद्वारा २०८० साल श्रावण महिनाका लागि प्रकाशित गरिएको व्याज दर २०८० साल भाद्र महिनाका लागि पनि यथावत कायम राखिने व्यहोरा जानकारी गराईन्छ । यस बैंकको वेभसाइट www.nimb.com.np मा २०८० साल भाद्र महिनाको व्याज दर अद्यावधिक रहेको जानकारी गराईन्छ । यसका साथै उल्लेख भएका निक्षेपहरुमा निम्नानुसार व्याज दर परिवर्तन गरिएको जानकारी गराइन्छ ।

Particulars	Interest Rate p.a.
Savings Accounts (NPR)	5.25% - 7.25%
Call Account (NPR)	2.625%

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र र सिलबन्दी दरभाउपत्रको मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८०/०४/३२

यस कार्यालयको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपसिल कार्यहरुको मूल्याकंन गर्दा तपसिलका बोलपत्र र दरभाउपत्र प्रस्तावको न्यूनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को उपदफा २ बमोजिम बोलपत्र र सिलबन्दी दरभाउपत्र प्रस्ताव स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ।

सि.नं.	ठेक्काको नाम / ठेक्का नं.	बोलपत्रदाता / प्रस्तावदाताको नाम र ठेगाना	कबोल अंक
१	Construction of Upper Storeys of Rudreswor Dharamsala with finishing works at Budhanilkantha Municipality Ward no-2 **(NCB/BNP/CW/079_080/29)**	River Karnali Construction and Suppliers, Budhanilkantha-Kathmandu	४२,३४,२८६.५३ अंक (मु.अ.क र P.S बाहेक)
२	Construction of Upper Storeys of Guthi Ghar with finishing works at Budhanilkantha Municipality Ward no-3 **(NCB/BNP/CW/079_080/30)**	Ashlesha Construction Pvt. Ltd., Kathmandu_10	३७,४७,४६६.७० अंक (मु.अ.क र P.S बाहेक)
३	सार्वजनिक खरिद सम्बन्धी कार्य तथा अन्य कार्यको लागि बोलपत्र आह्वान गर्दा प्रकाशन गरिने सूचनाहरु न्यूनतम दररेटमा "क" वर्गको राष्ट्रिय स्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशन गर्ने कार्य **(NCB/NP/080–081/01)Packages A,B,C,D,E,F,G**	Public Advertising Pvt.Ltd., Shankhamul- Kathmandu	प्याकेज A: ९१२

संसद् : कार्यसूचीमै...

पृष्ठ १ बाट क्रमशः

छन्। सदन अवरोधलाई लिएर सत्तापक्ष र एमालेबाहेकका अन्य विपक्षी दल पनि असन्तुष्ट छन्। ३१ असारमा कार्यसूचीमा प्रवेश गरेको प्रतिनिधिसभा त्यसपछि साउन महिनाभर अवरोधले एजेन्डामै प्रवेश गर्न सकेन। यो महिना सुन काण्डलाई लिएर १०, २३, २४, २६ र २९ साउन गरेर पाँच दिन प्रतिनिधिसभा बैठक अवरुद्ध भएको छ। गतिरोधका कारण १५, १६ र २२ साउन गरी तीन दिन बैठक नबसी सूचना टाँसेर स्थगित भएको थियो। अवरोधकै कारण ३ भदौसम्मलाई बैठक सारिएको छ।

सुन प्रकरणकै कारण राष्ट्रिय सभा पनि ४ साउनपछि नियमित एजेन्डामा प्रवेश गर्न सकेको छैन। ११ साउनमा मिटरब्याजसम्बन्धी विधेयक टुंगोमा पुऱ्याउनुबाहेक राष्ट्रिय सभा अन्य कार्यसूचीमा प्रवेश गरेको छैन। त्यसयता १८, २२, २४ र २६ साउनमा बैठक बसे पनि अवरोधका कारण कार्यसूचीमा प्रवेश गर्न सकेन। ३० साउनमा बैठक राखिए पनि अवरोध कायमै रहेका कारण नबसी सूचना टाँसेर ५ भदौसम्मका लागि सारिएको छ।

निरन्तर बैठक अवरुद्ध हुँदा न कानुन निर्माणकार्य अघि बढेको छ, न त संसदीय समितिले सभापति पाउन सकेका छन्। अवरोधकै कारण भागबन्डा टुंगिसकेको समिति नेतृत्व चयनमा ढिलाइ भइरहेको छ, विषयगत समितिमा टिआरसी, सम्पत्ति शुद्धीकरणलगायत महत्त्वपूर्ण विधेयकमाथिको दफावार छलफल प्रभावित बनेको छ।

४ मंसिरको निर्वाचनबाट नयाँ प्रतिनिधिसभा आएपछि दुवै सदनको हिउँदे अधिवेशन २५ पुसबाट सुरु भएको थियो। १५ वैशाखसम्म चलेको पहिलो अधिवेशनमा प्रतिनिधिसभाका २८ र राष्ट्रिय सभाका १९ बैठक चलेकोमा कुनै बैठक पनि अवरुद्ध भएनन्। तर, २४ वैशाखदेखि प्रारम्भ भएको बर्खे अधिवेशन पटक-पटक अवरुद्ध भएको छ। प्रतिनिधिसभामा ४८ बैठक बसेकोमा १२ वटा अवरुद्ध भएका छन् भने सूचना टाँसेर पटक-पटक स्थगित भएका छन्। राष्ट्रिय सभामा ३६ वटा बैठक बसेकोमा १० बैठक अवरुद्ध भएका छन्। केही बैठक सूचना टाँसेर स्थगित गरिएको छ।

बर्खे अधिवेशन सुरु भएको तेस्रो दिनमै प्रतिनिधिसभामा अवरोध सुरु भयो। २७ वैशाखको बैठकमा राप्रपाले आकस्मिक समयमा बोल्न नपाएको भन्दै वेल नै घेरेर नाराबाजीसहित अवरोध गरेपछि बैठक स्थगित गरियो। अर्को बैठकमा बोल्न दिने वातावरण बनाएर अवरोध हटाइयो।

यसैगरी, नीति तथा कार्यक्रमको छलफलका क्रममा जलहरीमा भ्रष्टाचार भन्ने अभिव्यक्तिको विरोधमा प्रमुख प्रतिपक्षी एमालेले १२ जेठमा बैठक अवरुद्ध गरेको थियो। माओवादी सांसद लेखनाथ दाहालले १० गतेको बैठकमा तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा पशुपतिनाथको जलहरी लाउँदा सुन भनेर पित्तल लगाइदिएर भ्रष्टाचार काण्ड गरेको आरोप लगाएका थिए। यो गम्भीर आरोप भएको र माफी माग्नुपर्ने अडानसहित एमालेले अवरोध गरेपछि नीति तथा कार्यक्रम पारित गरेर १५ जेठमा बजेट ल्याउनुपर्ने दबाबमा रहेका प्रधानमन्त्री प्रचण्डले भोलिपल्ट १३ जेठमा पशुपतिको जलहरीसम्बन्धी विषयमा प्रमुख प्रतिपक्षी दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित नभएको र रेकर्डबाट हटाउने प्रचलन रहेको भनेर जवाफ दिए, सभामुखले रेकर्डबाट हटाउन आदेश गरेपछि अवरोध हट्यो। बैठकबाट नीति तथा कार्यक्रम पारित भयो।

यसपछि प्रधानमन्त्रीको भारत भ्रमणमा सीमा साटफेरसम्बन्धी चर्चा र नागरिकता विधेयक प्रमाणीकरणको प्रक्रियामा प्रश्न उठाउँदै २१ जेठको बैठकमा एमाले र रास्वपाले अवरोध गरेपछि बैठक स्थगित भयो।

भोलिपल्ट २२ जेठमा प्रधानमन्त्रीले स्पष्ट पारेपछि अवरोध हटेको थियो। यही विषयमा राष्ट्रिय सभा बैठक २१ र २२ जेठमा गरी दुई दिन अवरुद्ध भएको थियो।

बजेटमा उल्लेखित जिल्ला निर्वाचन कार्यालय खारेज गरेर जिल्ला प्रशासन कार्यालयभित्र एकाइ राख्ने प्रावधानलाई लिएर १२ असारको बैठक रास्वपा र एमालेले अवरोध गरे। बजेट प्रस्तुत भएकै दिनदेखि व्यापक विरोध भएको यो विषय सरकारले नसुनेको भन्दै अवरोध भएपछि बैठक स्थगित भयो। सोही दिन बसेको अर्को बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले निर्वाचनको निष्पक्षतामा सरकार संवेदनशील रहेको र जिल्ला निर्वाचन कार्यालय नचलाउने जवाफ दिएपछि अवरोध हट्यो।

तर, अर्थमन्त्रीको जवाफमा विश्वस्त हुन नसकेको जिकिर गर्दै रास्वपाले भोलिपल्ट १३ गते फेरि अवरोध गर्दा बैठक स्थगित भयो। रास्वपाले जिल्ला प्रशासन कार्यालयभित्र नलैजाने सुनिश्चितता खोज्यो। सोही दिनको अर्को बैठकमा अर्थमन्त्री महतले बजेटमा रहेको प्रावधान हटाई हाल कायम रहेको जिल्ला निर्वाचन कार्यालयसम्बन्धी व्यवस्था यथावत् रहेको घोषणा गरेपछि अवरोध खुल्यो।

यसपछि पनि अवरोधको सिलसिला कायमै रह्यो। प्रधानमन्त्री प्रचण्डको 'आफूलाई एकपटक प्रधानमन्त्री बनाउन सरदार प्रितम सिंह दिल्ली गएको' अभिव्यक्तिलाई लिएर विपक्षी दलहरूले २० असारको बैठकमा अवरोध गरे। अवरोधका कारण मिटरब्याजसम्बन्धी अध्यादेश निष्क्रिय भएको थियो। अवरोधका क्रममा प्रमुख प्रतिपक्षी एमालेले अभिव्यक्तिले नेपालीको स्वाभिमानमा ठेस लागेको भन्दै प्रधानमन्त्रीले राजीनामा दिएर माफी माग्नुपर्ने अडान लियो। रास्वपा र राप्रपाले भने उक्त अभिव्यक्तिबारे स्पष्ट पार्न माग गरेका थिए।

२२ असारसम्मका लागि सभामुखले स्थगित गरेको बैठक यसबीचमा दलहरूबीच मतभिन्नता कायमै रहेपछि बस्न सकेन। सूचना टाँस गरेर २५ असारसम्मका लागि सारियो। शीर्ष तहको छलफलबाट उक्त बैठक बस्ने वातावरण बन्यो। प्रधानमन्त्री प्रचण्डले नबोल्नुपर्ने कुरा भावनामा आएर बोलेको भन्दै आत्मसमीक्षा गरेपछि अवरोध हटेर बैठक कार्यसूचीमा प्रवेश गरेको थियो। यही विषयमा राष्ट्रिय सभा बैठक पनि २०, २१, २२ र २४ असार गरेर चार दिन प्रभावित भएको थियो।

यसैगरी, विपक्षी रास्वपाले ३१ असारको बैठक प्रक्रियामा झुक्किएर अवरोध गरेको थियो। अवरोधका कारण बैठक नै स्थगित हुन पुगेको थियो। सभामुख देवराज घिमिरेले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक सभामा प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्दा रास्वपाले प्रक्रिया नमिलेको भन्दै विरोध गरेको थियो। विरोधको सूचना अस्वीकृत भएपछि विधेयक पेस गर्न अनुमति माग्नुपर्दैन।

तर, रास्वपा सांसदले अनुमति नमागी पेस गर्न लगाएको भन्दै विरोध गरेपछि १५ मिनेटका लागि बैठक स्थगित गरियो। कार्यव्यवस्था परामर्श समितिमा सभामुख र अन्य दलका सचेतकले प्रक्रिया बुझाएपछि झुक्किएको महसुस गरेर अर्को बैठकमा अवरोध गरेनन्। यो बैठकले मिटरब्याजसम्बन्धी विधेयकलाई संशोधनसहित पारित गरेको थियो।

समग्रमा बर्खे अधिवेशन बजेट पारित गर्नेबाहेक हालसम्मको परिणाम हेर्दा खासै उपलब्धिमूलक नरहेको सांसदहरू बताउँछन्। कांग्रेस सांसद रामहरि खतिवडा यो अधिवेशनमा सदन धेरै सक्रिय हुन नसकेको बताउँछन्। चुनावबाट नयाँ सदन आएपछि मिटरब्याजसम्बन्धी विषयमा सदनले एउटा मात्र कानुन बनाउन सक्नु, संसदीय समितिका सभापति पनि चयन हुन नसक्नु, लगातार अवरोध हुनु जनप्रतिनिधिका लागि सुखद नभएको उनको अनुभूति छ।

सदनको अवरोध...

पृष्ठ १ बाट क्रमशः

नकारात्मक प्रभाव पार्छ,' राष्ट्रपतिको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यसैले तपाईंहरू मिलेर सदन खुलाउन एउटा सहमतिमा पुग्नुस् र सकारात्मक सन्देश दिनुस्।'

जवाफमा ओलीले प्रधानमन्त्री जिम्मेवार नबनेकै कारण सहमतिमा पुग्न नसकिएको धारणा राखेका थिए। नेपाललाई 'ट्रान्जिट प्वाइन्ट' बनाएर तेस्रो मुलुकमा सुन तस्करी हुने कुरा अन्तर्राष्ट्रिय ध्यानाकर्षणको विषय मात्र नभएर मुलुकको राष्ट्रिय हित र सुरक्षामाथि आँच पुग्ने विषय भएको ओलीको भनाइ थियो। यसलाई जरैदेखि निर्मूल गर्न र गहिरो छानबिनसहित दोषीमाथि कारबाही गर्न एमालेले उच्चस्तरीय छानबिन समितिको कुरा उठाएको ओलीले राष्ट्रपतिलाई सुनाएका थिए।

सुन प्रकरणलाई लिएर एमालेले उच्चस्तरीय छानबिन समिति माग राख्दै संसद् अवरोध गर्दै आएको छ। तर, सत्तारूढ गठबन्धनले भने एमालेको माग स्वीकार गर्न नसकिने अडान सार्वजनिक गरेको छ। दुवै पक्षले प्रतिष्ठाको विषय बनाउँदा ३ भदौका लागि बोलाइएको संसद् पनि खुल्ने-नखुल्ने अझै टुंगो छैन।

यसअघि राष्ट्रपति पौडेलले संसद्को अवरोधलगायत समसामयिक राजनीतिक परिस्थितिबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित सत्तारूढ दलका प्रमुख नेताहरूसँग सामूहिक छलफल गरेका थिए। राष्ट्रपतिको बोलावटमा कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादवलगायत नेता राष्ट्रपति कार्यालय शीतलनिवास पुगेका थिए। यसैगरी, राष्ट्रपति पौडेलले सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेश तिमल्सिनालाई पनि बोलाएर संसद्को अवरोध हटाउने विषयमा छलफल गरिसकेका छन्।

संसद्को गतिरोध हटाउन एमालेसँग संवाद गर्ने सत्तागठबन्धनको निर्णय

सत्तागठबन्धनले संसद्को गतिरोध खुलाउन प्रमुख प्रतिपक्ष दल एमालेसँग संवाद गर्ने निर्णय गरेको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा बुधबार बसेको बैठकमा गठबन्धनका शीर्ष नेताहरूबीच संसद्को गतिरोध खुलाउने विभिन्न विकल्पमा छलफल भएको थियो।

प्रधानमन्त्रीको सचिवालयका अनुसार बैठकले संसद्को गतिरोध खुलाउन प्रमुख प्रतिपक्षी दललगायत संसद्मा प्रतिनिधित्व गर्ने दलहरूसँग संवादको प्रक्रियालाई तीव्रता दिने निर्णय गरेको छ। बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलगायतका नेताहरू सहभागी थिए।

कांग्रेसले सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति आवश्यक नरहेको बताएपछि एमाले एक्लिएको छ। एमाले अध्यक्ष केपी ओलीको पछिल्लो अभिव्यक्तिबारे बैठकमा छलफल भएको र शीर्ष नेतृत्वले यसलाई गम्भीरतापूर्वक लिएको सहभागी एक नेताले बताए। ओलीको अभिव्यक्तिलाई लिएर प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाललगायतका नेताहरूले चासो राखेका थिए। ओलीले मंगलबार एक कार्यक्रममा आफ्नो राजनीतिक रक्षाका लागि ५ पुस ०७७ मा संसद् विघटन गरेको अभिव्यक्ति दिएका थिए।

अन्तर्राष्ट्रिय विमानस्थलको...

पृष्ठ १ बाट क्रमशः

भएको प्रधानमन्त्री कार्यालयका एक उच्च अधिकारीले बताए। प्रधानमन्त्रीले आयोजना गरेको बैठकमा रक्षामन्त्री खड्का र अर्थमन्त्री महतसहित गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि सहभागी थिए। त्यस्तै, प्रधानमन्त्रीका सल्लाहकारहरू, राष्ट्रिय सुरक्षा सल्लाहकार, नेपाल सरकारका मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, राष्ट्र बैंकका गभर्नर, गृहसचिव, रक्षासचिव, प्रधानमन्त्री कार्यालयका प्रशासन सचिव, अर्थसचिव, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धानका मुख्य अनुसन्धान निर्देशक, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, भन्सार विभाग तथा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकहरू सहभागी थिए।

६० किलो सुन तस्करी प्रकरणमा थप चार चिनियाँ पक्राउ

६० किलो सुन तस्करी प्रकरणको अनुसन्धान गरिरहेको प्रहरीले थप चार चिनियाँ नागरिक पक्राउ गरेको छ। पक्राउ पर्नेमा टियान मी, वेन टोङ, डियाङ से फा र ली नेङ्गकाई छन्। पक्राउ परेकामध्ये मी महिला र अन्य तीन पुरुष हुन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनीहरूलाई काठमाडौंका विभिन्न ठाउँबाट पक्राउ गरेको हो। थप अनुसन्धानका लागि उनीहरूविरुद्ध काठमाडौं जिल्ला अदालतले पाँच दिनको म्याद दिएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतले सुन प्रकरणमा थप चार चिनियाँ नागरिक पक्राउ परेको बताए। 'सुन तस्करी अनुसन्धानका क्रममा थप चार चिनियाँ नागरिक पक्राउ परेका छन्। उनीहरूविरुद्ध पाँच दिनको म्याद थप भएको छ। घटनामा उनीहरूको संलग्नता रहेको अनुसन्धानबाट देखिएको छ। अनुसन्धान जारी छ,' उनले भने।

सिआइबीले सात दिनयता चप्पल कारखाना, सुकेधारा, सामाखुसी, बाँसबारी र बौद्धमा अवैध रूपमा खोलिएका सुनका गोदाम फेला पारेको थियो। गोदामबाट सिआइबीले सुन जोख्ने तराजु, गाल्ने मेसिनलगायतका सामग्री बरामद गरेको छ।

सुन तस्करी प्रकरणमा पक्राउ पर्ने हालसम्म २२ पुगेका छन्। जसमध्ये दुई चिनियाँ नागरिक ली जियाइलियन र लिउ फुयानलाई घटनामा संलग्नता नदेखिएको भन्दै छाडेको छ। स्वास्थ्यको कारण देखाउँदै पक्राउ परेकी रुक्मिना सुब्बालाई पनि हिरासतमुक्त गरिएको छ। बाँकी अभियुक्त भने हिरासतमै छन्।

हिरासतमा अभियुक्त भन्सार एजेन्ट राजेन्द्र राई र ट्याक्सीचालक अशोक लामा, रेडी ट्रेडका सञ्चालक दिलीप भुजेल, रामकुमार भुजेल, हर्कराज राई, कार्गो सञ्चालकहरू कृष्णकुमार श्रेष्ठ, पुष्कर भट्ट, राजन श्रेष्ठ रहेका छन्। त्यस्तै, भन्सार कार्यालयका भन्सार अधिकृत सन्तोष चन्द, खरिदार कुमार ढकाल, एक्सरेमा खटिएका सरोज श्रेष्ठ, भन्सार एजेन्टहरू यादवशंकर पराजुली, सुदर्शन गौतम र सुरेन्द्र तामाङ पनि हिरासतमा छन्। त्यस्तै, तिब्बती मूलका भारतीय नागरिक थाप्तेन छिरिङ र तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ पनि हिरासतमै छन्।

उनीहरूविरुद्ध अहिले अवैध सुन चोरी पैठारी तथा संगठित अपराधअन्तर्गत अनुसन्धान भइरहेको छ। राजस्व अनुसन्धान विभागले गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाहिरबाट तस्करी भएर आएको सय केजी सुन बरामद गरेको थियो। विभागले ट्याक्सीचालक अशोक लामा र रेडी ट्रेडका सञ्चालक दिलीप भुजेललाई घटनास्थलबाट पक्राउ गरेको थियो। उनीहरूकै बयानका आधारमा विभागले थप १६ अभियुक्तलाई पक्राउ गरेको थियो। अनुसन्धानको १९ दिनपछि विभागले पक्राउ परेका अभियुक्तसहित घटनासँग सम्बन्धित सम्पूर्ण कागजात तथा दसी-प्रमाण सिआइबीलाई बुझाएको थियो।

समाजवादी मोर्चा सुस्त
साउनमा घोषणा गरिएको प्रदेश सभा भएन, अब भदौमा गर्ने

काठमाडौं / सडक, सदन र सरकार तीनै तहबाट आफ्ना मुद्दा स्थापित र कार्यान्वयन गर्ने रणनीतिसहित संसद्भित्र र बाहिरका चार दल मिलेर बनेको समाजवादी मोर्चा सुस्त देखिएको छ। गत ४ असारमा माओवादी, एकीकृत समाजवादी, जसपा र नेकपा मिलेर मोर्चा घोषणा गरेका थिए। मोर्चा बनेयता दुईवटा बैठक बसेको छ।

२३ असारमा बसेको पहिलो बैठकले संयोजनको जिम्मा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई दिएको थियो। ३० असारमा बसेको दोस्रो बैठकले चार-चार महिनामा मोर्चाको नेतृत्व परिवर्तन गर्ने र साउनभित्र सातै प्रदेशमा सन्देश सभा गर्ने निर्णय गरेको थियो। तर, मिति भने तोकिएको थिएन। दोस्रो बैठकले प्रदेश र जिल्ला तहमा पनि मोर्चाको संगठनात्मक संरचना विस्तार गर्ने निर्णय गरेको थियो। तर, साउन मसान्तसम्म पनि निर्णय कार्यान्वयनमा आएको छैन। माओवादी उपाध्यक्ष अग्नि सापकोटाले नेताहरूको व्यस्तताका कारण मोर्चाको गतिविधिमा केही सुस्तता देखिएको बताए। 'नेताहरूको व्यस्ततामा गर्दा यस विषयमा गतिविधि भएनन्। मोर्चा अगाडि बढाउन हामी प्रतिबद्ध छौं,' उनले भने।

मोर्चाको सचिवालय सदस्यसचिव प्रमेश हमालले सचिवालयको बैठक बसेर सभाबारे निर्णय गर्ने बताए। प्रधानमन्त्री प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपालको विदेश भ्रमणका कारण सचिवालयको बैठकले साउनमा गर्ने भनिएको सभा भदौमा गर्ने निर्णय गरेको उनले जानकारी दिए। 'प्रधानमन्त्री र मोर्चाका संयोजकको विदेश भ्रमणका कारण सभा हुन सकेन। सचिवालयको बैठकले भदौमा सभा गर्ने समझदारी गरेको छ। अब केही दिनमा बैठक बसेर सभाको कार्यविधि बनाउँछौं,' उनले भने। एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठकपछि मोर्चाको प्रदेश सभा हुने हमालले बताए।

धानको ७२ प्रतिशत...

पृष्ठ १ बाट क्रमशः

नेपालमा वार्षिक औसतमा ५१ देखि ५५ लाख टन धान उत्पादन हुन्छ। मौसम विभागका अनुसार मधेसका जिल्लामा औसतमा ३०-४५ प्रतिशतसम्म कम पानी परेको छ, जसको असर रोपाइँमा परेको छ। धान रोपाइँ हुने क्षेत्रफल १४ लाख ८८ हजार हेक्टर रहे पनि साउन मसान्तसम्म १४ लाख १७ हजार हेक्टरमा मात्र धान रोपाइँ भएको छ। साउन २७-२९ सम्म परेको वर्षाका कारण धान रोपाइँ केही बढेको हो। २६ साउनसम्म १२ लाख ९१ हजार (८७ प्रतिशत) मात्र धान रोपाइँ भएको थियो। पानी परेपछि बाँकेको नरैनापुरका किसान अहिले धान रोपाइँमा लागेका छन्। जनकपुर क्षेत्रमा पनि अहिले रोपाइँ भइरहेको कृषि ज्ञान केन्द्रका प्रमुख साहले बताए।

कतै अनावृष्टि, कतै अतिवृष्टि

वर्षा मापनका २० वटा मुख्य स्टेसनलाई आधार मानेर हेर्दा सवा दुई महिनामा नौ सय १० मिलिमिटर अर्थात् मनसुनका चार महिनाको औसत वर्षाको ६१.८ प्रतिशत पानी परेको छ। मनसुनका चार महिनामा एक हजार चार सय ७२ मिलिमिटर वर्षालाई औसत मानिए पनि धेरै वर्षा हुने समय असार-साउन हो। सवा दुई महिनामा जनकपुर, सिमरा, दाङ भैरहवा, नेपालगन्ज, लुम्ले, धनगढी, दिपायल र धरानमा निकै कम वर्षा भएको छ। तर, २७-२९ साउनको झरीले जिरी, काठमाडौं, पोखरा, विराटनगर, जुम्ला, सुर्खेत, ताप्लेजुङ र डडेल्धुराको वर्षा भने औसत हाराहारी पुऱ्याएको छ। तराई-मधेसले खडेरी खेप्दा जोमसोममा औसतको १२८ प्रतिशत र ओखलढुंगामा ११९ प्रतिशत पानी परेको छ।

जुनमा औसत २८५ मिलिमिटर पानी पर्नुपर्नेमा २४८ (८७.१ प्रतिशत) मात्र पऱ्यो। यो मनसुन अवधिको १६.९ प्रतिशत मात्र वर्षा हो। 'औसतभन्दा एक दिनपछि १५ जुनमा मनसुन भित्रिए पनि देशभर फैलन समय लाग्यो, २३ जुनमा मात्र देशभर फैलियो। तैपनि कोसी, बागमतीबाहेकमा कम पानी पऱ्यो,' मौसमविद् सुदर्शन हुमागाईं भन्छन्, 'यो वेला तराई-मधेसमा खडेरीको अवस्था रह्यो, अझ बढी मधेस प्रदेशमा। दुई सातासम्म पश्चिम नेपालमा पश्चिमी वायुको प्रभावले मनसुन सक्रिय हुन पाएन।' जुनमा वर्षा कम हुँदा नवलपरासीको दुम्कौलीमा ४४.८७ डिग्रीसम्म तापक्रम मापन भएको छ। यही महिना कपिलवस्तु, रूपन्देही, नवलपरासी, चितवन, पर्सा,बारा, सर्लाही, धनुषा महोत्तरी र सिराहामा लु चलेको थियो।

तर, लमजुङको खुदीमा २४ घन्टामै २१९ मिलिमिटर वर्षा भयो, जुनमा सबैभन्दा धेरै वर्षा ८६७.५ मिलिमिटर पनि खुदीमै भयो। तर, लमजुङमा भने अन्य वर्षको तुलनामा यस वर्ष जुनमा निकै कम १६.४ मिलिमिटर मात्रै वर्षा भयो।

मनसुनको एकतिहाइ कम्तीमा ४८३.५ मिलिमिटर पानी पर्ने जुलाईमा हो। तर, जुलाई दोस्रो साताबाहेक मनसुन ट्रप (मनसुनी रेखा औसतभन्दा दक्षिणतिर गएको, जसले वर्षा घटाउँछ) भयो। जसका कारण कोसी र सुदूरपश्चिममा सरदर वर्षा हुँदा मधेसका धेरै क्षेत्र, कर्णालीको दक्षिणी, बागमती र लुम्बिनीका केही क्षेत्रमा निकै कम वर्षा भएको थियो। कास्कीको लुम्लेमा भने एक महिनामा ११५६ मिलिलिटर पानी परेको थियो। तर, महोत्तरीमा भने एक महिना ६५.६ मिलिमिटर मात्र वर्षा रेकर्ड भयो।

कम पानी पर्दाको असरस्वरूप अधिकतम तापक्रम गुलरियामा ३९.५, जाजरकोटमा ३५.५ र गोरखामा ३५.५ डिग्री सेल्सियस पुगेर यसअघिका रेकर्ड ब्रेक भए। 'एलनिनोको अनुमानसहित हामीले अझ कम वर्षाको अनुमान गरेका थियौं, जुन-जुलाईमा त्यो अनुमान मिले पनि अगस्टमा तीन-चार दिन पानी पर्दा औसततिर गइरहेको छ,' मौसमविद् हुमागाईंले भने।

Government of Nepal (GoN)
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

National Livestock Breeding Office, Pokhara

Lamapatan, Pokhara, Kaski

IFB No. **NLBO/G/NCB/80-81/01**
Date of publication: **August 17, 2023**

1. The ***National Livestock Breeding Office (NLBO), Lampatan, Pokhara*** invites electronic bids from eligible bidders for the procurement, supply, and delivery of Liquid Nitrogen at time, place and quantity specified by NLBO under National Competitive Bidding procedures with following information.

Contract ID No.	Name of Procurement	Estimated price/liter (NRs. without VAT)	Bid Security NRs	Document Fee NRs
NLBO/NCB/G/ 2080-81/01	Supply and Delivery of Liquid Nitrogen at specified Place and Quantity in Bid Document	72.00 (For all Slices)	2.5% of total bid price	3,000/-

2. The Supply and Delivery of Liquid Nitrogen are grouped in lots/Slices. Bidders shall have the option of submitting bids for one, any combination, or all the lots/slices with the 2.5% bid security of proposed price for the slice or combination of slices. The evaluation and contracts award will be done on a slice-by-slice basis that is of least cost to the Purchaser. The Bidder shall have his/her own LN2 Production Factory at specified place or shall submit the proof/assurance letter from third party having own factory to supply the LN2 at specified place and quantity.
3. Eligible bidders may obtain further information at the office of ***NLBO, Pokhara, Tel 061-505389, Fax: 061-505389 and*** *email* ***nlbc.pokhara@gmail.com*** of this office.
1. Bidding Documents may be purchased electronically for e-submission from e-GP system https://bolpatra.gov.np/egp/ upon payment of a non-refundable fee on or before **17 September 2023** and submit their bid electronically. The bidder may submit the bid for single or more slices as mentioned in the bid document. The evaluation and contracts award will be done on a slice-by-slice basis that is of least cost to the Purchaser.
4. ***Information to deposit the cost of bidding document in Bank:***
   Name of the Bank *: Rastriya Banijya Bank* ***Account No.*** *: 1000200010000*
   Office Code no. *: 312023902* ***Revenue Code No.*** *: 14229*
5. Bids must be submitted electronically on or before *12:00 Noon on 17* **September 2023.** Documents received after this deadline shall not be accepted.
6. Pre-bid meeting shall be held at NLBO at 12:00 PM on **03 September 2023.**
7. Bids shall be opened in the presence of bidder's representatives who choose to attend ***2:00 PM*** *on* **17 September 2023** at the office of ***NLBO, Lampatan, Pokhara***. Bids must be valid for a period of *90 days* counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e., total of 120 days from the day of bid opening.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **Deposit Account No.:** 3020100102030000 of Treasury and Account Controller office, Kaski (Ko. Le. Ni. Ka. Kaski) **at *Rastriya Banijya Bank, Pokhara*** and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission, and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid's security validity shall be recognized with effect from the original bid submission deadline.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments. The Employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

Office Chief

Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु कोशी प्रदेश नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province Nepal

Invitation For Bids

Date of publication: 2080-04-32 (17th Aug, 2023)

1. Khumbu Pasanglhamu Rural Municipality, Chaurikharka, Solukhumbu Invites only Electronic Bids from Eligible Bidder for the procurements of Purchase and delivery of Trek card/NFC card (with custom clearance logistics, printing & transportation work) under Sealed Quotation as follows.

S. N.	Contract No.	Description of Work	Bid Security NRs	Bid Document Fee NRs	Bid Validity Period	Bid bond security period	Remarks
1	01/Goods/ Sealed/KPLRM-2080/081	Purchase and delivery of Trek card/NFC card (with custom clearance logistics, printing & transportation work)	56,000	1000.00	45 Days	75 Days	

2. Interested bidders should submit online bids electronically only through PPMO e-GP portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid documents.

Chief Administrative Officer

मदन भण्डारी मेमोरियल कलेज
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. : ०१-५१७३२७५

रेडियो प्रयोगशाला निर्माणका लागि शिलबन्दी दरभाउपत्र पेस गर्ने सूचना

प्रकाशित मिति : २०८०/०४/३०

यस मदन भण्डारी मेमोरियल कलेजद्वारा सञ्चालित एफ.एम. रेडियोको लागि अडियो ल्यावको आवश्यक उपकरण खरिद एवम् जडान कार्य गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त कम्पनी तथा फर्महरुले दरभाउ उल्लेख गरी सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले ७औं दिन भित्र यस कलेजमा पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उपकरण सम्बन्धी विवरणका साथै थप जानकारीको लागि कलेजको वेवसाइट www.mbmc.edu.np हेर्न वा कलेज प्रशासनमा सम्पर्क राख्न हुन अनुरोध छ।

बीमालेख हरायो

मिति २०८०/३/३ गते पुल्चोकबाट सामाखुरीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको युनियन लाईफ इन्स्योरेन्स कम्पनी लि.बाट जारी भएको बिमालेख हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम : अनिल मानन्धर
बीमालेख न.. : ३०१०००८४२
सम्पर्क : ९८५१११९९६९०

बिहीबार ३२ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

फिफा महिला विश्वकप फुटबल

उपाधिका लागि इंग्ल्यान्ड र स्पेन भिड्ने

आयोजक अस्ट्रेलियालाई ३-१ ले हराएको इंग्ल्यान्डले पहिलोपटक फाइनलमा पुगेको स्पेनविरुद्ध ३ भदौमा प्रतिस्पर्धा गर्ने



सिड्नी/ नवौं फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको उपाधि भिडन्त इंग्ल्यान्ड र स्पेनले पक्का गरेका छन्। इंग्ल्यान्डले सिड्नीमा बुधबार भएको दोस्रो सेमिफाइनलमा आयोजक अस्ट्रेलियालाई ३-१ ले हराउँदै स्पेनसँगको फाइनल समीकरण तयार गरेको हो। फाइनल पुगेका दुवै राष्ट्र नयाँ हुन्। यसपटकको विश्वकपले नयाँ विश्वविजेता दिनेछ। यसअघि पूर्वविजेताहरू अमेरिका प्रिक्वार्टरफाइनल, जर्मनी समूह चरण र जापान क्वार्टरफाइनलबाटै बाहिरिएपछि चालू विश्वकपमा नयाँ विश्वविजेता पाउने निश्चित भएको हो।

स्पेनले पहिलो सेमिफाइनलमा उपाधिकै प्रबल दाबेदार स्विडेनमाथि २-१ को सनसनी जित निकालेको थियो। अस्ट्रेलियाले १९ अगस्टमा तेस्रो स्थानका लागि स्विडेनको सामना गर्नेछ। पहिलोपटक विश्वकपको फाइनल स्थान बनाउने क्रममा इंग्ल्यान्डले अस्ट्रेलियामाथि दबाब राखेको थियो। इंग्ल्यान्डले सन् २०१५ मा तेस्रो र सन् २०१९ मा चौथो स्थान प्राप्त गरेको थियो। महिला विश्वकप इतिहासमा इंग्ल्यान्डको अहिलेसम्मको उत्कृष्ट नतिजा यही नै हो। सन् १९६६ मा पुरुषतर्फको इंग्लिस टोलीले फाइनल स्थान बनाउँदै उपाधि जितेको थियो। त्यसयता पुरुष तथा महिलातर्फ इंग्लिस टोली विश्वकपको फाइनल पुगेको यही नै हो।

अन्तिम दुई स्थान सुरक्षित गराउन

इंग्ल्यान्डलाई एला टुन, लौरेन हेम्प र एलेसिया रुसोले एक-एक गोल गरेका थिए। घरेलु टोलीबाट कप्तान सामन्था खेरले एक गोल फर्काइन्। युरोपियन च्याम्पियनसमेत रहेको इंग्ल्यान्डले खेलमा पूर्ण नियन्त्रण राखेको थियो। इंग्ल्यान्डले ५८ र अस्ट्रेलियाले ४२ प्रतिशत बल पोसेसन बनाएका थिए। दोस्रो सेमिफाइनलमा दुवै टोली आक्रामक देखिएका थिए। अस्ट्रेलियाले १२ र इंग्ल्यान्डले १५ पटक गोल प्रयास गरेका थिए।

इंग्ल्यान्डले पाँच सट अन टार्गेट र अस्ट्रेलियाको चार रहयो। पहिलो १५ मिनेटमा इंग्ल्यान्डले ७० प्रतिशत बलमाथि पकड बनायो। यद्यपि, इंग्ल्यान्ड पूर्ण रूपमा हावी भए पनि गोल गर्न सकेको थिएन। अस्ट्रेलियाका प्रशिक्षक गुस्ताभसनले ९० मिनेटको प्रतिस्पर्धा रोमाञ्चक भएको प्रतिक्रिया दिएका छन्। 'इंग्ल्यान्डविरुद्धको सेमिफाइनल पूरै रोमाञ्चक भयो, हामीले विश्वस्तरीय गोल हेर्ने अवसर पायौं,' उनले भने, 'यद्यपि, सेमिफाइनलबाट बाहिरिए पनि टोलीको प्रदर्शनमा गर्व छ।'

इंग्ल्यान्डकी प्रशिक्षक वेगम्यानले प्रतिस्पर्धात्मक खेलमा नतिजा निकाल्न गाह्रो भएको जनाइन्। 'हामीले खेलमा पूर्ण नियन्त्रण राखे पनि अस्ट्रेलियाको डिफेन्स पहिलो हाफमा खासै तोड्न सकेनौं,' उनले भनिन्, 'खेलमा ट्याकल, ब्लक र पेस सबै देख्न पायौं।'

इंग्ल्यान्डको सुरुवाती अग्रता

खेलको १०औं मिनेटमा इंग्ल्यान्डकी जर्जिया स्टानवेले प्रहार गरेको बललाई अस्ट्रेलियाकी गोलरक्षक म्याकेन्जी अर्नोल्डले उत्कृष्ट बचाउ गरेकी थिइन्। खेलको ३६औं मिनेटमा इंग्ल्यान्डले आफ्नो गोल प्रयास सफल बनायो। एलाले इंग्ल्यान्डलाई १-० को अग्रता दिलाइन्। इंग्ल्यान्डको अग्रता गोलमा आपसी तालमेल उत्कृष्ट रहयो। एलेसिया रुसोले फ्लिक गरेको बललाई एलाले डिबक्सभित्र पोस्टको माथिल्लो कर्नरमा उत्कृष्ट गोल गरिन्। पहिलो हाफको तुलनामा मध्यान्तरपछि अस्ट्रेलिया हावी देखिन्थ्यो। इंग्ल्यान्डले आफ्नो काउन्टर एट्याकलाई जारी नै राखेको थियो। एकपछि अर्को मुभ सिर्जना गरेको अस्ट्रेलियाले एउटा राम्रो बराबरी अवसर गुमाएको थियो। खेलको ५७औं मिनेटमा इंग्ल्यान्डकी लौरेन हेम्पले २५ यार्ड टाढाबाट गरेको प्रहारलाई अस्ट्रेलियाकी गोलरक्षक म्याकेन्जी अर्नोल्डले बचाइन्।

दोस्रो हाफमा तीन गोल

पहिलो हाफमा केवल एक गोल भयो। तर, दोस्रो हाफमा तीन गोल सम्भव भएपछि फाइनलको टोली छिनोफानो भयो। खेलको ६३औं मिनेटमा अस्ट्रेलियाकी साम केरले १-१ को बराबरी गोल गरिन्। उनले मैदानको मध्यभागबाट उत्कृष्ट ड्रिब्लिङ गर्दै इंग्ल्यान्डका दुईजना डिफेन्डरलाई कटाएर उत्कृष्ट गोल गर्दै अस्ट्रेलियालाई बराबरीमा पुऱ्याइन्। बराबरी गोलसँगै अस्ट्रेलिया खेलमा फर्कियो। खेलको ६६औं मिनेटमा सामन्थाले राम्रो अवसर खेर फालिन्। खेलको ६९औं मिनेटमा इंग्ल्यान्डकी लुसी ब्रन्जको क्रसलाई अस्ट्रेलियन अर्नोल्डले क्लियर गरिन्।

खेलको ७१औं मिनेटमा हेम्पले इंग्ल्यान्डलाई २-१ को अग्रता दिलाइन्। अस्ट्रेलियन डिफेन्डर एलीको गल्तीमा उनले सहजै इंग्ल्यान्डलाई अग्रता दिलाइन्। खेलको ८६औं मिनेटमा रुसोले इंग्ल्यान्डलाई ३-१ को अग्रता दिलाइन्। अस्ट्रेलियाले अन्तिम समयसम्म पनि बराबरी गोल फर्काउने प्रयास गरेको थियो। तर, स्पष्ट दुई गोलको अग्रता लिएको इंग्ल्यान्डले अन्तिमतिर संयमित रणनीति अपनाएको थियो। रुसोले डिबक्समा अफसाइड ट्याप बिट गरी दोस्रो बारमा गोल गरेकी थिइन्। यसअघि खेलको ८४औं मिनेटमा कर्टनी भिनको प्रहारलाई मारी अर्पसले छेकेकी थिइन्। इंग्ल्यान्डले अस्ट्रेलियाविरुद्ध ३-४-१-२ को रणनीति अपनाएको थियो। यो रणनीतिअनुसार इंग्ल्यान्डले रक्षापंक्ति र मिडफिल्ड बलियो बनाएको थियो।

खेल संक्षेप

रेडियन्टको दोहोरो जित

काठमाडौं/ रेडियन्ट पब्लिकले दर्शौं ग्रिनफिल्ड कप अन्तर्विद्यालय बास्केटबल प्रतियोगितामा बुधबार दोहोरो जित निकालेको छ। रेडियन्ट सिनियर पुरुष र महिलामा विजयी भएको हो। सिनियर पुरुषमा रेडियन्टले राइजिङ स्टारलाई ३५-१२ ले पराजित गऱ्यो। रेडियन्टका रवीन्द्र क्षेत्रीले आठ स्कोर गरेका थिए। सिनियर महिलामा दिब्यान्शा कार्कीको २० स्कोरको सहयोगमा रेडियन्टले पिपुल्स एकेडेमीलाई ३०-११ ले हरायो। सिनियर पुरुषमा द एक्सेल्सियर स्कुलले एनआइसी एकेडेमीलाई २८-२७ ले पराजित गऱ्यो। हेम्सले स्वर्णिमलाई २७-२५ ले पाखा लगायो।

नेपालले पाँच खेलमा भाग लिने

काठमाडौं/ नेपालले आइएसएफ यू-१५ जिम्नासियाडमा विभिन्न पाँच खेलमा सहभागिता जनाउने भएको छ। १९-२७ अगस्टसम्म ब्राजिलको रियो दी जेनेरियोमा हुने जिम्नासियाडमा समावेश विभिन्न ३२ खेलमध्ये नेपालले पाँच खेलमा सहभागिता जनाउन लागेको हो। नेपालले श्री बाई श्री बास्केटबल, बक्सिङ, पौडी, टेबलटेनिस र तेक्वान्दोमा प्रतिस्पर्धा गर्नेछ। टेबलटेनिसमा सिम्रिका घिमिरे र निभा योसी प्रजापतिले भाग लिनेछन्। पौडीमा आरुशा शाक्य, श्रयला महर्जन र सुगम श्रेष्ठ सिन्याले खेल्नेछन्। तेक्वान्दोमा उज्ज्वल वाग्ले, कृपन तामाङ र निश्चित कार्कीले प्रतिस्पर्धा गर्नेछन्।

आइटिएफमा चार खेलाडी

काठमाडौं/ नेपालका चार खेलाडीले कजाकिस्तानमा हुने २२ औं आइटिएफ तेक्वान्दो विश्व च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन्। १८ देखि २७ अगस्टसम्म कजाकिस्तानको अस्तानामा हुने च्याम्पियनसिपमा नेपालका समान दुई पुरुष र महिला खेलाडीले खेल्नेछन्। महिला ४७ केजी तौलसमूहमा रुबिका खड्का र ५२ केजीमा सुस्मिता थापाले प्रतिस्पर्धा गर्नेछन्। पुरुषमा पुकार केसीले ६४ केजीमुनि र अजय बुढामगरले ६८ केजी तौलसमूहमा भिड्नेछन्। रुबिकाले साउनमै भारतमा सम्पन्न दक्षिण एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपमा दुई स्वर्ण पदक जितेकी थिइन्। नेपाली टोलीलाई बुधबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले बिदाई गरेका छन्। गृहमन्त्री श्रेष्ठले पछिल्लो समय नेपाली खेलकुदको विकास भइरहेको उल्लेख गरेका छन्।

अशोकले युथ गेम्सका खेल सञ्चालन गर्ने

काठमाडौं/ नेपालका अन्तर्राष्ट्रिय तेक्वान्दो निर्णायक अशोक खड्काले मंगोलियामा हुने इस्ट एसियन युथ गेम्स २०२३ मा खेल सञ्चालन गर्ने भएका छन्। ओलम्पिक काउन्सिल अफ एसिया र मंगोलियाको खेलकुद मन्त्रालयको संयुक्त आयोजनामा हुने प्रतियोगितामा तेक्वान्दोतर्फ निर्णायकका लागि दक्षिण एसियाबाट उनी मात्र छनोट भएका हुन्। दक्षिण कोरियामा विश्व वरीयता जी-२ को किम योङ कप तेक्वान्दो च्याम्पियनसिपमा उनी निर्णायकको भूमिकामा छन्। प्रतियोगिता १६ देखि २२ अगस्टसम्म मंगोलियामा हुनेछ। प्रतियोगितामा पुरुषमा ५ र महिलामा ५ गरी १० स्वर्णका लागि प्रतिस्पर्धा हुँदै छ।

लगातार ६ खेलमा मेसीको गोल

मियामी/ अर्जेन्टिनी कप्तान लियोनल मेसीले मेजर सकर लिग क्लब इन्टर मियामीका लागि लगातार ६ खेलमा गोल गरेका छन्। यसै सिजन इन्टर मियामीमा अनुबन्धित भएका मेसीले ६ खेलमा आफ्नो गोल संख्या नौ पुऱ्याएका छन्। सेमिफाइनलमा घरेलु टोली फिलाडेल्फिया युनियनलाई ४-१ ले हराउँदा मेसीले मियामीका लागि एक गोल गरेका थिए। अमेरिकी क्लब इन्टर मियामी पहिलोपटक कुनै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो। मियामीले उपाधिका लागि नासभिलसँग २० अगस्टमा खेल्नेछ।



पेन्सिलभेनियाको चेस्टरस्थित सुबारु पार्कमा मियामीलाई जिताउन जोसेफ मार्टिनेज, जोर्डी अल्बा र डेबिड रुइजले समान एक गोल गरेका थिए। घरेलु टोलीका लागि एलेजान्द्रो बेडोयाले एक गोल फर्काए। खेलको तेस्रो मिनेटमै क्रिभटसोभको पासमा मार्टिनेजले बक्सभित्रबाट उत्कृष्ट गोल गर्दै मियामीलाई १-० को अग्रता दिलाए। खेलको २०औं मिनेटमा मियामी २-० ले अघि बढ्यो।

मार्टिनेजले मध्यभागमा मिलाएको बललाई अगाडि बढाउँदै मेसीले २५ यार्डबाट उत्कृष्ट गोल गरे।

मच्छिन्द्र एएफसी कपबाट बाहिरियो

मोहन बगानसँग ३-१ ले पराजित हुँदै मच्छिन्द्र प्रारम्भिक छनोटमै रोकियो

नयाँ पत्रिका

मच्छिन्द्र फुटबल क्लब एएफसी कपको प्रारम्भिक छनोट- २ बाटै बाहिरिएको छ। इन्डियन सुपर लिग मोहन बगानसँग ३-१ ले पराजित हुँदै मच्छिन्द्र एएफसी कपको प्रारम्भिक चरणबाटै बाहिरिएको हो। मोहन बगानको जितमा अन्वार अलीले दुई तथा ज्यासन कमिङ्सले एक गोल गरेका थिए। मच्छिन्द्रका मेसुके ओलोमोउले एक गोल फर्काए। मोहन बगान प्लेअफमा छनोट भएको छ। दक्षिण एसियाली समूह चरणमा स्थान बनाउन मोहन बगानले बंगलादेशको अबहानी लिमिटेडसँग खेल्नेछ।

गत साता दशरथ रंगशालामा भुटानको लिग च्याम्पियन पारो एफसीलाई ३-२ ले हराउँदै मच्छिन्द्रले मोहन बगानसँगको भेट पक्का गरेको थियो। कोलकातास्थित विवेकानन्द युवा भारती मैदानमा किशोर केसीको प्रशिक्षणमा रहेको मच्छिन्द्रले काउन्टर अट्याकमा ध्यान दिएको थियो। चार विदेशीसहित नेपाली राष्ट्रिय टोलीका आधा दर्जन खेलाडी मैदान उतारेको मच्छिन्द्र मोहन बगानविरुद्ध फिका देखियो।

विदेशी खेलाडीले उत्कृष्ट प्रदर्शन गर्दा मच्छिन्द्रले एक गोल फर्कायो। गोलरक्षक तथा कप्तान विशाल श्रेष्ठले मोहन बगानका केही उत्कृष्ट गोल प्रयासलाई विफल पारेका थिए। मच्छिन्द्रले काउन्टर बलमा मोहन बगानलाई चुनौती दिएको थियो। तर, सहिद स्मारक 'ए' डिभिजन लिग उपविजेता मच्छिन्द्र फिनिसिङमा चुक्यो।

अलीको दुई गोल

मोहन बगानले खेलमा पहिलो अग्रता लियो। मच्छिन्द्रले पहिलो हाफमा मोहन बगानलाई बराबरीमा रोक्ने प्रयास गरेको थियो। खेलको ४०औं मिनेटमा अलीले मोहन बगानलाई १-० को अग्रता दिलाए। अस्ट्रेलियन २८ वर्षीय अन्तर्राष्ट्रिय खेलाडी ज्यासन कुमिङ्सले ५९औं मिनेटमा २-० का लागि गोल गरे। उनले मार्चमा इक्वेडरसँग भएको खेलमा वैकल्पिक खेलाडीको रूपमा अस्ट्रेलियाको प्रतिनिधित्व गरेका थिए। ७७औं मिनेटमा मच्छिन्द्रले एक गोल फर्काएको थियो।

विदेशी खेलाडी मेसुके ओलोमोउले मच्छिन्द्रलाई २-१ को स्थितिमा राखे। क्यामरुनका अट्याकर मेसुकेले डिबक्सबाहिर प्राप्त फ्रिकिकमा उत्कृष्ट गोल गरे। खेलको ८६औं मिनेटमा भारतीय अन्तर्राष्ट्रिय खेलाडी अलीले व्यक्तिगत दोस्रो गोल गर्दा मोहन बगान सहजै ३-१ ले विजयी भयो। यस खेलसँगै मच्छिन्द्रले एएफसी कपमा आफ्नो खराब लय कायम राखेको छ। गत सिजन पहिलो चरणबाटै बाहिरिएको मच्छिन्द्र यसपटक दोस्रो चरणमा पुगेको थियो।

विश्वकप खेल्न स्टोक्सले सन्न्यास फिर्ता लिए

लन्डन / अलराउन्डर बेन स्टोक्सले भारतमा आयोजना हुने एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता खेल्न सन्न्यास फिर्ता लिएका छन्। गत वर्षको जुलाईमा स्टोक्सले एकदिवसीय करिअरबाट सन्न्यास घोषणा गरेका थिए। इंग्लिस टोलीका प्रशिक्षक म्याथ्यु मोटले मंगलबार बिबिसीसँगको अन्तर्वार्तामा विश्वकपमा उत्कृष्ट नतिजा निकाल्न अलराउन्डर स्टोक्सको आवश्यकता रहेको जनाएका थिए। प्रशिक्षक र इंग्ल्यान्ड क्रिकेट बोर्डको चाहनाअनुसारै स्टोक्सले बुधबारै एक वर्षअगाडि लिएको निर्णय फिर्ता लिएका छन्। इंग्ल्यान्ड एकदिवसीय विश्वकपको साबिक विजेता हो।

सन् २०११ मा आयरल्यान्डविरुद्ध डेब्यु गरेका अलराउन्डर स्टोक्सले इंग्ल्यान्डका लागि एक सय पाँच खेल खेल्दै दुई हजार ९ सय २४ रन बनाएका छन्। उनले एकदिवसीयमा ७४ विकेट लिएका छन्।

इंग्ल्यान्डले जोस बटलरको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको छ। यस टोलीमा स्टोक्सले समेत स्थान बनाएका छन्। यसैबीच, गत विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेका जोफ्रा आचर भने टोलीमा छैनन्। 'स्टोक्स मैदान फर्कन निकै उत्साहित छन्, हामी पनि उनलाई चाहन्छौं,' इंग्ल्यान्ड छनोट कमिटीका संयोजक लुक राइट भन्छन्। १३औं एकदिवसीय विश्वकप ५ अक्टोबरदेखि १९ नोभेम्बरसम्म भारतका विभिन्न सहरमा आयोजना हुँदै छ।

उपाधि रक्षा गर्न अलराउन्डर र अनुभवी खेलाडी आवश्यक हुँदा प्रशिक्षक म्याथ्युले स्टोक्स टोलीमा समावेश गराउने प्रतिक्रिया दिएका छन्। उनलाई टोलीमा ल्याउन प्रशिक्षक म्याटले उनका नजिकका साथीहरूसँग छलफल गरिरहेका छन्। यसै महिना अस्ट्रेलियाविरुद्धका एसेज सिरिजमा स्टोक्सको प्रदर्शन अब्बल थियो। विशेष गरी उनी ब्याटिङमा चम्केका थिए। टेस्ट फर्म्याट भए पनि स्टोक्सले एकदिवसीय शैलीमै ब्याटिङ गरेका थिए। सबैभन्दा राम्रो पक्ष भनेको उनी अहिले फर्ममा छन्।

> प्रशिक्षक म्याथ्यु र इंग्ल्यान्ड क्रिकेट बोर्डको आग्रहमा गत वर्षको जुलाईमा सन्न्यास लिएका स्टोक्सले निर्णय परिवर्तन गरे

एसेजमा ब्याटिङ प्रदर्शनबाट प्रभावित

फर्ममा रहेका खेलाडीलाई समावेश गर्दा इंग्लिस टोलीको मध्यक्रमसँगै बलिङ पक्षसमेत बलियो हुने प्रशिक्षक म्याथ्युको भनाइ छ। 'हामीलाई यति वेला विश्वकप उपाधि रक्षा गर्न अनुभवी खेलाडी आवश्यक छ,' उनले भने, 'स्टोक्सजस्ता अनुभवी र फर्ममा रहेका खेलाडी टोलीमा रहँदा थप ऊर्जा मिल्ने विश्वास छ।' एसेजमा स्टोक्सले उत्कृष्ट लयमा ब्याटिङ गरी चार सय पाँच रन बनाएका थिए। उनले एक टेस्टमा एक सय ५५ रनको इनिङ्स खेलेका थिए। स्टोक्सलाई घुँडाको समस्या छ। यही समस्याका कारण उनले इन्डियन प्रिमियर लिग (आइपिएल) पनि खेल्न पाएनन्। एसेजमा उनले २९ ओभर मात्र बलिङमा तीन विकेट पनि लिएका थिए।

प्रशिक्षक म्याथ्युले स्टोक्सको प्रशंसा पनि गरेका छन्। 'उनको ब्याटिङ अझै लयमा छ। त्यसको पछिल्लो उदाहरण एसेज हो,' उनले भने, 'उनको आगमनपछि हामीहरूको टोली बलियो भएको छ।' उनी विश्वकपको फाइनलमा म्यान अफ दी म्याच घोषित भएका थिए। न्युजिल्यान्डविरुद्धको फाइनलमा उनले नटआउट ८४ रन बनाएका थिए।





E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

गण्डकी विश्वविद्यालय
गण्डकी प्रदेश, पोखरा, नेपाल
शैक्षिक सत्र २०८०।०८१ का लागि
विद्यार्थी भर्ना सम्बन्धी सूचना

गण्डकी विश्वविद्यालय, गण्डकी प्रदेश, पोखराले शैक्षिक सत्र २०८०/०८१ का लागि स्नातक तहको देहायका कार्यक्रमहरुमा

- ४ वर्षे (८ सेमेष्टर) Bachelor in Sports Management (BSM)
- ४ वर्षे (८ सेमेष्टर) Bachelor of Information Technology (BIT)
- ४ वर्षे (८ सेमेष्टर) Bachelor of Business Administration (BBA)
- ५ वर्षे (१० सेमेष्टर) Bachelor of Arts Bachelor of Laws (B.A.LL.B)

विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षाको आवेदन (Online Application Form) भाद्र १५ गते सम्मका लागि खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। विस्तृत जानकारी विश्वविद्यालयको सुचना केन्द्र वा वेबसाईट www.gandakiuniversity.edu.np मा हेर्न वा फोन ०६१-४६०२४९ वा admission@gandakiuniversity.edu.np मा email गरी बुझ्न सकिने छ। साथै Application Form विश्वविद्यालयको केन्द्रिय कार्यालय मुस्ताङ्ग चोक, BIT कार्यक्रम महेन्द्रपुल, ड्यामसाइड क्याम्पस, ड्यामसाइड, फार्मेसि कार्यक्रम मालमुल, ज्ञानकुञ्ज (स्याल टहरो) र विश्वविद्यालयको website बाट पनि प्राप्त गर्न सकिनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com